

छन छाङ-फङ

# लामो अभियानमा अध्यक्ष माओका साथ

अनुवादक : देवेन्द्र तिम्ला

# लामो अभियानमा
# अध्यक्ष माओका साथ

लेखक : छन छाङ–फङ

अनुवादक : देवेन्द्र तिम्ला

**प्रकाशक**

जागृति प्रकाशन गृह

वनस्थली, काठमाडौं

**कृति** : लामो अभियानमा अध्यक्ष माओका साथ
(On Long March With Chairman Mao in Nepali)

**पहिलो संस्करण** : २०५६ चैत्र **(जागृति प्रकाशन)**
**दोस्रो संस्करण** : २०६० जेष्ठ (प्रगति पुस्तक सदन)
**तेस्रो संस्करण** : २०७३ कार्तिक (जागृति प्रकाशन)

**मूल्य** : **रु . १००।–**

**प्रकाशन प्रति** : **१०००**

**प्रकाशक** : जागृति प्रकाशन गृह
वनस्थली, काठमाडौं
फोन नम्बर :०१६२२२१५०

**सेटिङ्ग तथा कभर डिजाइन**
**क्रियटिभ सफ्टआर्ट**
**बनस्थली,, काठमाडौं**
**फोन नं. : ०१६२२२१५०**

# भूमिका

लामो अभियान इतिहासमा आफ्नै किसिमको पहिलो अभियान थियो जुन चिनियाँ कम्युनिष्ट पार्टी र अध्यक्ष माओको नेतृत्वमा चीनी मजदूर–किसानहरूको लालसेनाले सन् १९३४–१९३६को अवधिमा सम्पन्न गरेको थियो । शत्रुको ठूलो घेराबन्दीहरूलाई तोड्दै तथा अनगिन्ती बिध्नबाधाहरूको सामना गर्दै लालसेनाले २५,००० ली (१२,५०० कि. मी.) पार गरेपश्चात यो अभियान विजयपूर्वक सम्पन्न भयो ।

यस पुस्तकमा लेखकले १९३० पछिका ती वर्षहरूको संस्मरण प्रस्तुत गरेका छन् जतिखेर उनी अध्यक्ष माओको साथमा थिए । अध्यक्ष माओको जीवन र कार्यका बारेमा आफ्नो संस्मरण लेख्ने गर्ने क्रममा उनले लामो अभियान र लालसेनाको ती अत्यन्त कठीन दिनहरूको विशेष रूपले चर्चा गरेका छन् । क्रान्तिको यी संस्मरणहरूले त्यस समयको ऐतिहासिक घटनाहरूको परिचयका साथै अध्यक्ष माओको क्रान्तिकारी दृष्टिकोण र सादा जीवनमाथि पनि प्रकाश पार्दछ ।

# दोस्रो नेपाली संस्करणको भूमिका

विश्वको इतिहासमा आफ्नै किसिमको महत्त्व राख्ने चिनियाँ कम्युनिष्ट पार्टीले संचालन गरेको महान् लामो अभियान र सो अभियानका दौरान लालसेनाहरूले देखाएको विरतापूर्ण संघर्ष, साहस र बलिदानी एवम् पार्टीले भोग्नु परेको 'वामपंथी' अवसरवादीहरूको आक्रमण जसको कारण पार्टीले जापानी आक्रमणकारी र च्याङ काइ–शेक समेतबाट भोग्नुपरेको पराजयबाट क्रान्ति र पार्टीलाई बचाउन लामो अभियानले निभाएको उच्च भूमिकालाई यहाँ उल्लेख गरिरहनु आवश्यक छैन। यस्तो महत्त्वपूर्ण विषयमा लेखिएको यस पुस्तकले अध्यक्ष माओ त्से–तुङको सादा जीवन र उच्च विचारलाई पनि अति सुन्दर रूपमा प्रस्तुत गरेको छ।

अध्यक्ष माओ त्से–तुङको अंगरक्षक छन छ्याङ-फङले अध्यक्ष माओसँग बिताएका तूफानी ६ वर्षहरूमा भोगेका संघर्ष र बलिदानीका गाथाहरूलाई नेपाली पाठकहरू समक्ष फेरि पुऱ्याउने जमर्को गरी प्रगतिवादी नेपाली आन्दोलनलाई अग्रगति प्रदान गर्ने आफ्नो अभियानमा अर्को एउटा पाइलो चालेकोमा प्रगति पुस्तक सदन धन्यवादको पात्र बनेको छ।

अनुवादक
देवेन्द्र तिम्ला
२२ बैशाख, २०६०

# विषय–सूची

| | | |
|---|---|---|
| १) | प्रारम्भिक दिन | ७ |
| २) | घर प्रस्थान (घरको यात्रा) | १५ |
| ३) | लामो अभियानको श्रीगणेश | २३ |
| ४) | म्याओ जातिको क्षेत्रमा प्रवेश | ३० |
| ५) | उच्याङ नदी–किनारको नयाँ वर्ष | ३८ |
| ६) | सुनौला बालुवा भएको नदी किनारमा | ४३ |
| ७) | ई जातिका जनताद्वारा अध्यक्ष माओको स्वागत | ४७ |
| ८) | आनशुनछाङदेखि लुतिङ पुलसम्म | ५२ |
| ९) | श्वेइचिती जाने बाटोमा | ५७ |
| १०) | हिउँले ढाकिएको पहाड र दलदले मैदान | ६० |
| ११) | ल्यूफान पहाडमा | ७४ |
| १२) | हामी घर पुग्यौं | ७८ |
| १३) | अध्यक्ष माओले मलाई स्कूल पठाउनुभयो | ८३ |
| १४) | अध्यक्ष माओसँगको बिदाई | ८९ |

## (परिशिष्टहरू)

| | | |
|---|---|---|
| १५) | सुखद स्मृतिहरू | ९७ |
| १६) | लामो अभियानको बारेमा | १०२ |

# प्रारम्भिक दिन

मेरो जन्म सन् १९१५ को शिशिरमा च्याङ्सी प्रान्तको नितुङ काउन्टीमा पर्ने लिङनाओ गाउँमा भएको थियो । हाम्रो परिवार ज्यादै गरीब थियो । म एघार वर्षको हुँदा मेरी आमाको मृत्यु भयो । मेरा बा जमिन्दारको घरमा काम गरी परिवारको पालन–पोषण गर्नुहुन्थ्यो । गरीबी एवम् जमिन्दारको दमनको जाँतोमा पिल्सिएकोले म शोषकहरूका यी लुटेरावर्गलाई घृणा गर्दछु ।

सन् १९२८ मा वाङफाङ गाउँमा लालसेना अचानक प्रकट भएको घटनाको बारेमा हाम्रो गाउँमा पनि निकै चर्चा भयो । उनीहरू नितुङ हुँदै तापोती तर्फ गइरहेका थिए । यो खबरले सारा गाउँमा हलचल मच्चियो । जति–जति यो खबर फैलँदै गयो उति–उति यसले दन्त्यकथाको रूप लिँदै गयो । यस खबरले गरीबहरू खुसी भएका थिए । “यसले गरीबहरूको रक्षा गर्दछ, यसलाई कम्युनिष्ट पार्टी वा लालसेना भनिन्छ । यसले धनीहरूलाई दमन र गरीबहरूलाई सहायता गर्दछ । जमिन्दार एवम् स्थानीय शोषकहरूको सुन–चाँदी बाटोमा गरीबहरूलाई बाँड्छ ।” जस्ता कुराहरू सुनेर धनीहरूको ओठ–तालु सुकेका थिए । उनीहरू लालसेनालाई भयानक डाँका भन्दथे । म त्यसबखत केवल १३ वर्षको थिएँ । मलाई राजनीतिको बारेमा केही थाहा थिएन तर पनि गरीबले भनेका कुराहरूमा म तत्काल सहमत हुन्थें । “धनीहरूलाई खतम गर – गरीबहरूलाई मद्दत गर ।” जस्ता वाक्यहरू मेरो मानसपटलमा सदाका लागि कोरिएका थिए ।

निकै दिनपछि गाउँका केही व्यक्तिहरू फुच्येन प्रान्तको छाङतिङ गएका थिए । उनीहरूले त्यहाँ आफ्नै आँखाले देखेका घटनाहरू गाउँमा निकै उत्साहसाथ सुनाउँथे । लालसेनाले छाङतिङ कब्जा गरेका थिए । उनीहरूले स्थानीय शोषकहरूलाई भगाई तिनका जमिन गरीबहरूलाई बाँडेका थिए । गाउँलेहरू पहिलो पटक आफ्नो खुट्टामा उभिएका थिए । यो खबर सुनेर म

ज्यादै अधिरताका साथ गरीबहरूको सिपाही हाम्रो गाउँमा आउने दिनको प्रतिक्षा गर्न लागें ।

हामीले स्थानीय साहँसँग लिएको ऋण तिर्न सकेका थिएनौं । त्यसैले नयाँ वर्षको दिन बेलुका हाम्रो घर लुटियो । हामीसँग भएका सबै सामानहरू, घरजग्गा पनि खोसियो । छिमेकीहरूले हाम्रालागि दयाको भीख मागे, त्यसको जवाफमा उसले भात पकाउने फुटेको कसौंडी मात्र छाड्यो । हाम्रो जीवन पहिलेभन्दा अझ बढी कठीन (कठोर) भयो । भाग्यवश मैले गाई चराउने काम पाएँ तर मेरो जीवन जनावरको भन्दा पनि गएगुज्रेको भयो । गोरु वा घोडाले त आफ्नो काम सकेपछि खान पाउँथ्यो तर हाम्रो परिवारले कहिलेकाहीं भोकै बस्नु पर्दथ्यो । हामीसँग खानाको लागि अन्नको एक गेडासम्म हुँदैनथ्यो । त्यस विपद्को घडीमा लालसेनामा भर्ती हुने विचार अचानक मेरो दिमागमा आयो । म जति-जति यसबारे सोच्दथें उति-उति यस विचारलाई कार्यन्वयन गर्न दृढ बन्दै गएँ । नयाँ वर्षको दोस्रो दिन मेरो छिमेकको एक युवक र म कसैले चाल नपाउने गरी घरबाट भाग्यौं । घरमा खबरसम्म नछाडी हामी फुचेन प्रान्तको छाङतिङतर्फ लाग्यौं ।

हामीले लालसेनालाई खोजी त्यसमा भर्ती हुने निधो गरिसकेका थियौं । हामी कैयौं दिनसम्म हिंडिरह्यौं तर एउटै पनि लालसेनालाई भटाएनौं । भोक–प्यासले छटपटिए पनि आफ्नो लक्ष्य छाडेनौं । छाङतिङबाट करीब १५ ली (७.५ कि. मि.) टाढा एउटा पहाडमा रातो तारा अंकित टोपी लगाएका दुई सैनिकहरू भेट्यौं । हामी ती सैनिकहरूको नजिक गएर लालसेनामा भर्ती हुन घरबाट हिंडेको कुरा गऱ्यौं । धेरै बेरसम्मको सोधपुछ पछि उनीहरूले छाङतिङतर्फ देखाई हामीलाई त्यहाँको रिकुट भर्ती कोरमा जान भने ।

रिकुट भर्ती कोर छाङतिङको ढुङ्गे पुल नजिक थियो । हामी त्यहाँ पुगेपछि तत्काल लालसेनामा भर्ती हुन चाहन्थ्यौं तर उनीहरूले हामीलाई भर्ती गर्न मानेनन् । "तिमीहरू भर्ती हुन अझै सानै छौ, एउटा राइफलसम्म बोक्न सक्दैनौ ।" यस वाक्यले मेरो आँखामा आँसु आयो । तर म हार मान्ने पक्षमा थिइन, त्यसैले भनें– "म लालसेनामा भर्ती भएरै छोड्छु । यदि तपाईं

मलाई भर्ती गर्नुहुन्न भने म यहीं धर्ना बस्छु।" मेरो यस्तो दृढ निश्चय देखेर मलाई लालसेनामा भर्ती गरे। यसरी म गौरवशाली लालसेनाको सदस्य भएँ।

मलाई कमरेड चुतेहको कमाण्डको चौथो फौजी कोरको हेडक्वाटरमा बिगुल बजाउने काममा राखिएको थियो, पछि मात्र म अर्दली बनें।

मार्च १९३० को अन्ततिर एकदिन एड्जुटेन्ट अफिसर ल्यू चन–यिङले मेरो सरुवा भएको खबर गरे। त्यसबेला मलाई 'सरुवा'को अर्थसम्म थाहा थिएन। त्यसैले मैले सोधें, "यो सरुवा भनेको के हो ?" उनले यसको अर्थ बुझाइदिए। म यस निर्णयले खुसी थिइन। म जहाँ काम गर्दै थिएँ त्यहीं खुसी थिएँ। त्यसैले कमरेड ल्यूसँग सोधें, "मलाई कहाँ पठाइँदैछ ?"

"तिमी मोर्चामा कमिश्नर माओको अर्दली भएर जाँदैछौ।" ल्यूले मुस्कुराएर भने।

म मोर्चाको बारेमा त परिचित थिएँ तर कमिश्नर माओलाई चिन्दिनथेँ, त्यसैले सोचें–'कमिश्नर माओ कुनै अफिसर हुनुहोला नत्र भने उहाँलाई अर्दली कसरी मिल्दथ्यो ? तर उहाँ कस्तो स्वभावको हुनुहुन्छ होला ?'

मेरो संकोच देखेर ल्यूले मेरो काँधमा धाप मारेर मलाई उत्साहित गर्दै भने–"तिमी एक भाग्यमानी बाल शैतान(भूत) हौ। कमिश्नर माओ एक अद्भूत व्यक्ति हुनुहुन्छ। यदि तिमी उहाँको साथमा काम गर्दछौ भने अवश्यै पनि तिम्रो भविष्य उज्वल हुनेछ।" यति भनी ल्यूले मलाई एउटा परिचय पत्र दिए र आफ्ना सामानहरू लिई मोर्चा कमिटीमा जान भने।

मोर्चा कमिटी सोही गाउँमा थियो, त्यसैले म त्यहाँ तत्कालै पुगें। कमरेड ऊले मलाई कमिश्नर कहाँ लगे। म केही हडबडाएको थिएँ। उहाँ च्याङसी शैलीमा बनाइएको काठको दुईकोठे घरमा बस्नुभएको थियो, जसमा उहाँको सुत्ने कोठा र अफिस थियो। हामी सुत्ने कोठा भएर अफिसमा पुग्यौं। सुत्ने कोठामा एउटा खाट थियो। त्यसमाथि सुतीको तन्नामात्र ओछ्याइएको थियो, जसमा सिरानी समेत थिएन। उक्त कोठा देखेर कमिश्नर पनि हामी सरह नै बस्ने कुरा थाहा पाएकोले मेरो आत्तिएको मनलाई केही शान्ति मिल्यो। अफिसमा दुईजना मान्छेहरू कुरा गरिरहेका थिए। कुर्चीमा

बसेको व्यक्तिलाई देखाई उनले भने–"कमिश्नर माओ उहाँ नै हुनुहुन्छ ।" मैले कौतूहलतापूर्ण दृष्टिले उहाँलाई हेरें । उहाँको पोशाक हाम्रो जस्तै थियो । केबल कोटको पकेटमात्र फरक थियो । उहाँको कोटका पकेटहरू हाम्रा भन्दा ठूला थिए । उहाँको गोरो अनुहारमा कालो कपाल खुबै सुहाएको थियो । उहाँ ज्यादै दुब्लो–पातलो देखिनुहुन्थ्यो । उहाँको दुब्लाएको अनुहारमा आँखा ज्यादै ठूला जस्ता लाग्दथे । उहाँ आफ्नो अगाडि बसेको मानिससँग हात हल्लाई हल्लाई ज्यादै मसिनो स्वरमा कुरा गरिरहनु भएको थियो । उहाँहरू बीच चलिरहेको कुराको विषय थाहा नभए तापनि उहाँको हाउभाउले कमिश्नर असल व्यक्ति हुनुहुन्छ भन्ने लाग्यो । केही समयपछि उक्त व्यक्ति प्रस्थानको लागि उठे, उहाँ पनि उठ्नुभयो । त्यसबेला मात्र मलाई कमिश्नर ज्यादै अग्लो हुनुहुँदोरहेछ भन्ने कुरा थाहाभयो । उक्त व्यक्ति बाहिर जानासाथ कमरेड ऊले मलाई देखाउँदै कमिश्नर माओलाई भने, "कमिश्नर माओ, तपाईंको लागि अर्दली पठाइएको छ ।"

त्यसबेला मलाई ज्यादै लाज लागिरहेको थियो तर पनि फौजी हेडक्वार्टरमा सिकेको शिष्टाचार अनुसार एक कदम अगाडि बढेर सलाम गरी बुलन्द आवाजमा भनें– "रिपोर्ट !" कमिश्नर माओले म तर्फ दयापूर्ण मुस्कुराहटसाथ हेर्नुभयो । उहाँको उक्त मुस्कुराहटले मेरो सम्पूर्ण संकोच हराएर गयो ।

"तिम्रो नाम के हो ?"

छन छाङ–फङ ।"

"तिमी कति वर्षको भयौ ?"

"सोह्र ।" यस पटक मेरो स्वर पहिलेभन्दा स्वाभाविक भएको थियो ।

"तिमी किन लालसेनामा भर्ती भयौ ?" कमिश्नर माओ कुनै शिक्षकले विद्यार्थीलाई परीक्षामा प्रश्न गरिरहे जस्तै मलाई प्रश्नहरू सोधिरहनु भयो ।

"लालसेना ज्यादै असल छ। यसले स्थानीय निरङ्कुश शासकहरूसँग लड्दछ ।" म यतिन्जेलसम्म 'सावधान' अवस्थामा उभिएको थिएँ ।

कमिश्नर माओले मलाई बस्न भन्नुभयो र ज्यादै दिलचस्पीसाथ सोध्नुभयो–"के तिम्रो गाउँमा पनि स्थानीय निरङ्कुशहरू छन् ?"

"हजुर ।" मैले भने, "तिनीहरूले नै मलाई पनि गाउँबाट लखेटे ।" म घरबाट कसरी भागें, लालसेनामा कसरी भर्ती भएँ आदि सम्पूर्ण कुराहरू संक्षेपमा बताएँ । उहाँले मेरा कुराहरू ध्यानपूर्वक सुन्नुभयो । मेरा कुराहरू सुनेर कहिले मुस्कुराउनुहुन्थ्यो, कहिले टाउको हल्लाउनुहुन्थ्यो । उहाँको उक्त व्यवहारले मलाई हौसला मिलेकोले विस्तारपूर्वक कुरा गर्न लागें । कमरेड ऊले कुहिनाले धक्का दिएपछि मात्र मलाई धेरैबेरसम्म बोलिरहेको याद भयो । त्यसपछि मैले कुरा गर्न बन्द गरें ।

"जेहोस् अब तिमीले राम्रोसँग काम गर्नुपर्छ र पढ्नु पनि पर्छ " उहाँले भन्नुभयो । केही समयपछि सोध्नुभयो–"के तिमी आफ्नो नाम लेख्न सक्छौ ?"

म ज्यादै अप्ठेरोमा परें र खडा भएँ । "मलाई लेखपढ गर्न आउँदैन ।" कमिश्नर माओ पनि मुस्कुराउँदै उठ्नुभयो र भन्नुभयो, "तिमीले लेखपढ गर्नुपर्छ, आफ्नो साथीहरूको नाम लेख्न सिक्नुपर्छ । के तिमीलाई यो काम मन पर्छ ?"

"हो, मलाई लेखपढ गर्न मन पर्छ ।" मैले जवाफ दिएँ । उहाँले कमरेड ऊलाई सम्बोधन गर्दै भन्नुभयो– "ऊ एउटा नयाँ साथी हो । तिमीले उसलाई पूरा सहयोग गर्नु पर्दछ ।" मतर्फ फर्केर उहाँले भन्नुभयो–"यदि कुनै कुरा राम्रोसँग नबुझे यिनीसँग सोध्नू ।"

जब म कमरेड ऊसँग सिंढी ओर्लंदै थिएँ, ऊले मलाई सोधे–"तिमी किन त्यस्तो धेरै बोलेको ? के तिमीलाई उहाँको व्यस्तता थाहा छैन ?"

मैले थाहा थिएन भनी टाउको हल्लाएँ ।

"उहाँ ज्यादै व्यस्त हुनुहुन्छ ।" ऊले भने– "उहाँले पढिरहेको बेला कहिल्यै पनि नबोल्नू । प्रायः सधैंजसो उहाँ राति अबेरसम्म काम गरिराख्नु हुन्छ । त्यसैले उहाँको लागि बिहानको नास्ता ढिलो बनाउनू ।"

"हुन्छ !" ज्यादै प्रसन्न भएकाले त्यस रात मेरा आँखा झिमिक्कसम्म भएनन् ।

भोलिपल्ट बिहान काठको बाल्टी लिएर पानी लिन जान लाग्दा कमरेड ऊले मलाई रोके ।

"तिमीले के गर्न लागेको ?"

"कमिश्नरको लागि पानी लिन जान लागेको ।" मैले जवाफ दिएँ ।

"कमिश्नर माओ बिहान अबेरसम्म सुत्ने कुरा मैले तिमीलाई हिजै बताएको थिइन ?" ऊले अगाडि भने, "तिमीले उहाँलाई नउठाउनू ।"

यसपछि केही दिनसम्म मैले प्रत्येक बिहान कमिश्नर माओको लागि हातमुख धुने पानी उहाँको ढोकाको नजिकै राखिदिन्थें र भऱ्याङनेरको सानो कुर्चीमा बसी उहाँको आज्ञाको प्रतीक्षा गर्दथें । मलाई कमिश्नर माओले प्राय: कहिल्यै बोलाउनु हुन्थेन । तर म यसरी निकै दिनसम्म बसें ।

एक दिन हात मुख धोइसकेपछि कमिश्नर माओले मलाई सोध्नुभयो– "छन छाङ–फङ, किन तिमी त्यहाँ त्यसै बसिरहन्छौ ?"

"म अन्यत्र कतै गएको बेला तपाईंलाई मेरो आवश्यकता परेमा नभेट्नुहोला भनी यहीं बसिरहेको हुँ ।"

कुनै बच्चासँग कुरा गर्दा जस्तै गरी उहाँ मुस्कुराउनुभयो– "अबदेखि बिना काम त्यहाँ बस्ने नगर्नू । यदि यहाँ कुनै काम नभए बाहिर गएर साथीहरूसँग पढ्ने गर । यहाँ तिम्रो खासै धेरै काम छैन ।"

त्यस बखत लडाईं चलिरहेको थियो । हामी लगातार अगाडि बढिरहेका थियौं । एक ठाउँमा सायदै एक महिना बस्दथ्यौं होला ।

कमिश्नर माओ ज्यादै सादा जीवन व्यतित गर्नुहुन्थ्यो । म उहाँको बानी व्यवहारसँग चाँडै नै परिचित भएँ । आम सिपाही सरह उहाँको व्यक्तिगत सम्पत्ति पनि केवल दुईवटा कम्मल, एउटा तन्ना र दुई जोर सैनिक बर्दी र एक जोर ऊनी स्वीटर मात्र थिए । उहाँसँग एउटा भाँचिएको छाता र खाना खाने एउटा कचौरा थियो । यस बाहेक एउटा नौवटा खल्ती भएको सानो थैलो पनि थियो ; जसमा उहाँका अत्यावश्यकीय वस्तुहरू– नक्सा, दस्तावेज एवम् पुस्तकहरू राखिएका हुन्थे । कुनै पनि अभियान वा मार्चमा जाँदा उक्त थैलो र छाता उहाँ आफैले लिने गर्नुहुन्थ्यो । बाँकी सामान मैले लिएर जान्थें । हामी क्याम्पमा पुगेपछि काठको दुई वटा तख्ता खोजेर त्यसमा दुई वटा कम्मल ओछ्याएर त्यसमाथि तन्ना राखी बर्दीको सिरानी बनाइदिन्थें । त्यही उहाँको बिछ्यौना हुन्थ्यो ।

उहाँ रातमा ज्यादै कम सुत्नुहुन्थ्यो । मार्चको समयमा हामीसँग सानो बत्ती थियो जसलाई राती बाटो देखाउने काममा प्रयोग गर्दथ्यौं । क्याम्पमा रातको खाना खाइसकेपछि उहाँले त्यसलाई बाल्नुहुन्थ्यो र नक्सा, दस्तावेज, पुस्तक, कुची(कलम) लिएर अबेरसम्म काम गर्नुहुन्थ्यो । कहिलेकाहीं त मिर्मिरेसम्म सुत्नु हुन्थेन ।

त्यसबेला म बालक नै थिए । रातभरी नसुती अनिंदो बस्न सक्दिनथें । कमिश्नर माओ पढिरहेको समयमा म उहाँको आडमा बस्दथें । धेरै समयसम्म बस्दा म प्रायः उहाँको कुर्चीमा टाउको अड्याएर निदाउने गर्दथें । उहाँले मलाई उठाएर सुत्न अह्राउँदा हामी दुवै मुस्कुराउँथ्यौं ।

गर्मीयामको रातमा उहाँले मलाई उठाएर पानी ल्याउन भन्नुहुन्थ्यो । म काठको बाल्टीमा पानी लिएर आउँथें । हामीसँग बाटा थिएन, कमिश्नरले सोही बाल्टीमा तौलिया भिजाएर हात मुख पुछ्ने गर्नुहुन्थ्यो । केही ताजापनका लागि कहिलेकाहीं शरीर पनि पुछ्ने गर्नुहुन्थ्यो । राती उहाँलाई भोक लाग्दा बेलुकाको बाँकी स्याण्डवीच (पकाएको तरकारीलाई बीचमा राखी बनाइने चामलको रोटी) तताएर दिने गर्दथें । उहाँले कहिले काहीं आफ्नो भात बाँकी छोड्नुहुन्थ्यो, त्यसलाई पछि खानको लागि कागजले छोपेर राखिदिने गर्दथें । एकपटक उहाँको बाँकी भात फाल्दिंदा उहाँले मलाई सोध्नुभयो– "छन छाङ–फङ, मेरो हिजोको भात कहाँ छ ?" मैले उहाँको भात फालिदिएको कुरा भन्दा उहाँले त्यस कामको आलोचना गर्नुभयो ।

"चामलको एक दाना उत्पादन गर्न जनताले कति परिश्रम गर्दछन् । मैले खाएर बाँकी छोडेको कुनै पनि खाने कुरा अब आइन्दा फाल्ने नगर्नु, पछि खानको लागि राख्नू ।"

हामी प्रत्येक दिन लड्दै अगाडि बढिरहेका थियौं । कमिश्नर माओलाई एक घुट्को तातो पानी पिउनेसम्म फुर्सद हुँदैनथ्यो । उहाँको स्वास्थ्यबारे मलाई ज्यादै चिन्ता लाग्दथ्यो । त्यसैले म एउटा थर्मसको खोजीमा थिएँ । प्रायः हामीले कुनै पनि ठाउँ कब्जा गर्दा दुश्मनहरूका सामानहरू पनि पाउँथ्यौं । तर कमिश्नर माओले ती सामानहरू आफ्नो मातहतका मानिसहरू वा अस्पताललाई बाँडिदिनुहुन्थ्यो । आफूलाई केही पनि राख्नुहुन्थेन । सन्

१९३१ को हिउँदमा हामीले च्याङ्सी प्रान्तको चिआनलाई मुक्त गऱ्यौं । त्यस अवसरमा एक स्थानीय शोषकको घरमा एउटा थर्मस भेट्यौं । थर्मस पाएकोमा म ज्यादै खुसी थिएँ । तर कमिश्नर माओले थाहा पाउनुहोला भनी ज्यादै डर पनि लागिरहेको थियो । त्यसैले मार्चको समयमा उक्त थर्मस अन्य व्यक्तिलाई लिन लगाउने गर्दथें । मैले त्यस थर्मसमा उहाँको लागि सधैं तातो पानी राख्दथें तर अझै पनि उहाँको खाना खाने बट्टा सानो भएकाले अप्ठ्यारो भइरहेको थियो । रातको खानाको लागि त उक्त बट्टाले काम चल्दथ्यो तर मार्चको बेला असुविधा परिरहेको थियो । युद्ध सकिनासाथ प्रायः जसो हामी अगाडि बढ्दथ्यौं । आराम गर्न कुनै स्थानमा बस्दा उहाँले चिसो स्याण्डवीच खानुपर्दथ्यो ।

सन् १९३१ को नोभेम्बरमा रुइचिनमा केन्द्रीय मजदूर–किसानको जनवादी सरकार स्थापना हुँदा उहाँ अध्यक्ष चुनिनुभयो । त्यसै बेलादेखि उहाँलाई हामीले कमिश्नर माओको सट्टा अध्यक्ष माओ भन्न थाल्यौं । तर अझै पनि उहाँले खाना खान त्यही पुरानो बट्टा प्रयोग गर्नुहुन्थ्यो । फेब्रुअरी १९३४ मा फुच्येन प्रान्तलाई मुक्त गरेपछि मैले उहाँको लागि एउटा तीन बट्टा भएको खानदान खोज्न सफल भएँ ।

❖

# घर प्रस्थान (घरको यात्रा)

जब हामी कुनै शहर (काउन्टी) कब्जा गर्दथ्यौं, तब अध्यक्ष माओ शत्रुको दस्तावेज एवम् ऐतिहासिक सामाग्री हात पार्न स्थानीय सरकारी कार्यालयमा कसैलाई पठाउनुहुन्थ्यो वा आफै जानुहुन्थ्यो र त्यहाँबाट हुलाकमा गएर पत्रपत्रिका किनी फर्कनुहुन्थ्यो । प्रायःजसो हामी खालि हात जान्थ्यौं र फर्कंदा किताब एवम् पत्रपत्रिकाको चाङ लिएर फर्कन्थ्यौं । बेलुका अध्यक्ष माओले त्यसमा रातो पेन्सिलले चिन्ह लगाउनुहुन्थ्यो र हामी ती चिन्ह लगाइएका अंशहरूलाई कैंचीले काटेर राख्दथ्यौं ।

एक दिन हामी च्याङसीको शिनफङ काउन्टीमा पुग्यौं । हामी त्यहाँ पहिले पनि धेरै पटक गइसकेको हुनाले स्थानीय जनता लालसेनालाई राम्रोसँग चिन्दथे । त्यसदिन सबै पसलहरू खुलेका थिए । धेरैजसो पसलेहरू हामीलाई स्वागत गर्न आएका थिए । हामी फौजी निवासस्थानमा पुग्नासाथ अध्यक्ष माओले मलाई बोलाउनुभयो–"छन छाङ–फङ, हुलाकमा जाऔं हिंड ।"

त्यसबेला सम्म हुलाक भनेको पुस्तक किनबेच मात्र गर्ने पसल हो भन्ने मेरो सोचाई थियो ।

जब हामी त्यहाँ पुग्यौं, तब अध्यक्ष माओले किताब एवम् अखबारहरूको थुप्रोलाई वल्टाइ–पल्टाइ हेर्न थाल्नुभयो । उहाँले केही किताब एवम् अखबारहरू छानेर मलाई दिनुभयो । त्यसको पैसा तिरिसकेर प्याक गर्न लाग्दा अध्यक्षलाई सोधें–"अध्यक्ष माओ, हुलाकले के काम गर्दछ ?"

"यसले धेरै कामहरू गर्दछ" उहाँले भन्नुभयो । "यसले चिट्ठी एवम् अखबारहरू एक ठाउँबाट अर्को ठाउँ पुऱ्याउने गर्दछ । यसले आकाशवाणी एवम् टेलिफोनको सुविधा पुऱ्याउँछ । यदि तिमीले घरमा चिट्ठी पठाउन चाहन्छौ भने यसले तिमीलाई यो सेवा पनि पुऱ्याउँछ ।"

"मैले चिट्ठी लेखेमा के यसले साँच्चिकै त्यति टाढाको मेरो घरमा चिट्ठी पुऱ्याउँछ ?" म सोचमा परें ।

जब म हुलाकबाट फर्कें, बाटोभरी यस कुराले मेरो दिमाग घुमिरह्यो । मैले सोचें– 'यो त ज्यादै अद्‌भुत कुरा भयो । म दुई–तीन वर्षदेखि घर गएको छैन । बा'को हालखबर के छ मलाई केही थाहा छैन । उहाँ जीवित पनि हुनुहुन्छ कि हुनुहुन्न ...... ।' मेरो दिमागमा एकै पटक धेरै प्रश्नहरू ओइरिए । 'मैले घरमा एउटा चिठ्ठी पठाउन सके कति राम्रो हुन्थ्यो ।'

हामी सैन्य क्वार्टरमा आइपुग्दा अँध्यारो भइसकेको थियो । मैले किताब एवम् अखबार राखेर अध्यक्ष माओको लागि टुकी बालिदिएँ । उहाँ तत्काल पढ्न बस्नुभयो । बेलुकाको खाना खाने बेला भइसक्दा पनि मैले हुलाकको विचार दिमागबाट निकाल्न सकिन । म त्यहाँ उभिएर टोलाइरहेको थिएँ ।

"किन, के भयो हँ ?" मलाई चिन्तित देखेर अध्यक्ष माओले सोध्नुभयो ।

"अध्यक्ष माओ, के साँच्चै मेरो घरमा चिठ्ठी पुऱ्याइदिन्छ ?"

"के ले ?" उहाँले सोध्नुभयो ।

"हुलाकले ।"

"अवश्य पुऱ्याउन सक्दछ । तिम्रो घर सोभियत (मुक्त) क्षेत्रमा पर्दछ ।" मेरो मनको भावना उहाँले अड्कल गर्नुभएको थियो । "के तिमी आफ्नो घरमा चिठ्ठी पठाउन चाहन्छौ ?" उहाँले सोध्नुभयो ।

मैले स्वीकारोक्तिमा टाउको हल्लाएँ र दबेको आवाजमा भनें, "म घरमा चिठ्ठी पठाउन चाहन्छु, तर ...."

"तिमी अझ पनि लेख्न सक्दैनौ ।" अध्यक्ष माओले वाक्य पुरा गरिदिनु भयो । "आऊ तिम्रो चिठ्ठी म लेखिदिन्छु ।"

उहाँको यस कुराले गर्दा खुसीले म दङ्ग परें । फेरि विचार गर्दा मलाई चिन्ता लाग्यो किनकि उहाँ ज्यादै व्यस्त हुनुभएको कुरा मलाई थाहा थियो । यसो गर्दा उहाँको बहुमूल्य समय नष्ट हुन्थ्यो । तर उहाँले मलाई उत्साहित गर्दै सोध्नुभयो, "तिमी आफ्नो बा'लाई के बताउन चाहन्छौ ?" यसो भन्दै उहाँले अखबारको चाङलाई एकातिर पन्छाएर चिठ्ठी लेख्न कागज र ब्रस निकाल्नुभयो ।



"तिमी आफ्नो बा'लाई के बताउन चाहन्छौ ?" (पृष्ठ १६)

"म ...." बालाई के भनेर चिट्ठी लेखूँ ? मैले केही सोचेको थिइन । त्यसैले भनें– "अध्यक्ष माओ, तपाईंलाई ठीक लागेको कुरा लेखिदिनुस् । म यतिमात्र भन्न चाहन्छु कि म लालसेनामा छु र ज्यादै खुसी पनि छु । मलाई तपाईंको संगत ज्यादै राम्रो लागेको छ । अति राम्रो लागेको छ । बस्, यतिमात्र !"

उहाँले मेरो बा'को नाम र घरको ठेगाना लेख्नुभयो । त्यसपछि म खाना लिन गएँ । जब म खाना लिएर फर्कें त्यसबेला अध्यक्ष माओ एउटा हातमा ब्रस लिएर एउटा हात गालामा राखी विचारमग्न हुनुहुन्थ्यो । त्यसबेला खाना खान भन्नु ठीक नहुने कुरा मलाई थाहा थियो, त्यसैले चुपचाप टिफिनबक्स टेबलमा राखेर बाहिर गएँ ।

म त्यहाँबाट फर्केर आफ्नो नरम परालको ओछ्यानमा पल्टिएँ । म कृतज्ञताको बोझले गर्दा सुत्न पनि सकिन । म कोल्टो फेर्दै उहाँको दयालुपनको बारेमा सोचिरहें । म एक सामान्य किसानको छोरा, आफ्नै सेनामा भर्ती भएको थिएँ र जनतन्त्रको अध्यक्षको अंगरक्षक थिएँ (म त्यसबेला उहाँको अर्दली नभएर अंगरक्षक थिएँ) । हाम्रो आफ्नो अध्यक्ष माओ आफैले मेरा लागि चिट्ठी लेखिरहनु भएको थियो । बितेका केही वर्षहरूमा, अध्यक्ष माओ मेरो लागि पिता समान हुनुभएको थियो । उहाँले मेरो दैनिक जीवन एवम् प्रशिक्षणको रेखदेख गर्नुहुन्थ्यो । म यति दयालु शिक्षकलाई कहिल्यै पनि भुल्न सक्दिन । यी कुराहरू सोच्दासोच्दै मेरो आँखाबाट आँसु बगेर परालको ओछ्यानमा तपतप खस्न थाल्यो । म बाहिर निस्किएँ । अध्यक्ष माओको कोठामा बत्ती बलिरहेको थियो । उहाँ अझ पनि काम गरिरहनु भएको थियो । म त्यस रात राम्रोसँग सुत्नै सकिन ।

भोलीपल्ट बिहान जब म खाजा लिएर उहाँको अफिसमा आएँ, अध्यक्षले मेरा लागि लेख्नुभएको चिट्ठी मलाई दिनुभयो ।

"यो तिम्रो चिट्ठी हो । यो ठीक छ कि छैन हेर ?" मैले हत्तपत्त खानाको टिफिनबक्स राखें र दुबै हातले चिट्ठी लिंदै भने, "अवश्य ठीक हुनुपर्छ ।"

"हुलाकमा जाऊ र यसलाई त्यहाँको बाकसमा खसाल ।" अध्यक्ष माओले भन्नुभयो ।

"तपाईको खाजा तयार छ ।" मैले उहाँलाई याद दिलाएँ ।

"त्यसको चिन्ता नगर बरू चाँडो जाऊ ।" मैले उहाँलाई सलाम गरी अफिसबाट हिंडे । जब म फर्कें, अध्यक्षले मलाई हेर्नुभयो । "के तिमीलाई अब शान्ति भयो ?" उहाँले भन्नुभयो– "कि अझै पनि घरको बारेमा सोच्दै छौ ?"

"हजुर, छैन !" म मुस्कुराएँ । "तपाईले आदेश दिनुभए पनि अब म जान्न ।"

सन् १९३३ को शिशिर(पतझड) ऋतुमा हाम्रो सेनाले च्यनछाङफूमाथि आक्रमण गरिरहेको थियो । अध्यक्ष माओ तथा केन्द्रीय समितिका अन्य सदस्यहरू क्वाङ्छाङ पुग्नुभयो । यो ठाउँ मेरो आफ्नो काउन्टी(जिल्ला) नितुङको नजिकै पर्दथ्यो । अचानक मेरो मनमा घर जाने विचार उत्पन्न भयो । क्वाङ्छाङ पुग्नासाथ नै मैले अध्यक्ष माओलाई भने, "म क्वाङ्छाङसँग चीर परिचित छु । यदि मलाई आफ्नो घर फर्कनु पर्ने हो भने त्यहाँ कसरी जानुपर्छ भन्ने कुरा मलाई थाहा छ ।"

अध्यक्ष माओ हाँस्नुभयो । "यस्तो हतारो नगर ! अलिकता धैर्य लेऊ ! हामी जति अगाडि बढ्छौं उति तिम्रो घरको नजिक पुग्नेछौं ।"

"साँच्चै ?" म चिच्याउन पुगें । म यति खुसी भएँ कि मेरो मुटु छिटो छिटो चल्न थाल्यो ।

दुई वा तीन दिनपछि अध्यक्ष र म सोही काउन्टीमा पुग्यौं ; जसलाई मैले छाडेको एक युग पुगिसकेको थियो । त्यसबेला दिनको दुई बजेको थियो । अध्यक्ष माओ कामरेड ली फू–छुनसँग बस्नुभएको थियो जो च्याङ्सी प्रान्तको तत्कालीन पार्टी सचिव हुनुहुन्थ्यो । जब हामी त्यहाँ पुग्यौं तब उहाँले मलाई बोलाएर सोध्नुभयो– "घर जान चाहन्छौ ?"

"हजुर !"

"ठीक छ !" उहाँले भन्नुभयो । "आउँदा केही दिनसम्म मैले धेरै बैठकहरूमा भाग लिनुपर्नेछ । तिमी घर जाऊ र त्यहाँको हालखबर बुझेर आऊ ।" उहाँ केहीक्षण रोकिएर मतर्फ प्रश्नसूचक दृष्टिले हेर्दै भन्नुभयो– "बोल कति दिनको छुट्टि चाहन्छौ ?"

खुसीले गर्दा मैले उहाँको प्रश्नको उत्तर पनि राम्रोसँग दिन सकिन । आफ्ना ठूला–ठूला हात फैलाएर उहाँले सोध्नुभयो–"दश दिन के विचार छ ?"

"ठीक छ ।" म त्यहाँबाट तुरून्त हिंड्न चाहन्थें । तर जब म हिंड्न के लागेको थिएँ, अचानक सोचमा परें, 'यदि म गएँ भने उहाँको खाने पिउने, पानीको व्यवस्था कसले गर्देला ?' "हुँदैन भो, अध्यक्ष म घर जान्न !" मैले भनें ।

"किन, अब के भयो ?" अध्यक्ष माओले मलाई कौतुहलपूर्वक हेर्नुभयो ।

"यदि म गएँ भने तपाईंको खाने पिउनेको व्यवस्था कसले गर्छ ?" उहाँ मुस्कुराउनु भयो र नजिक आएर माया गर्दै दुवै हात मेरो काँधमा राखेर भन्नुभयो, "जाऊ, आफ्नो परिवारलाई भेटेर आऊ । तिमी फर्केर आएपछि अझ राम्रोसँग काम गर्न सक्नेछौ । तिम्रो परिवार अब मुक्तक्षेत्रमा छ ।" उहाँ केही क्षण अडिएर फेरि भन्नुभयो– "फर्केर यहाँ नआउनू । सिधै छाङतिङ जानू । म त्यहीं हुनेछु ।"

मैले टाउको हल्लाएर स्वीकारोक्ति प्रकट गरें । तर जान अझ पनि संकोच लागिरहेको थियो । मेरो हृदयमा अन्तर्द्वन्द्व चलिरहेको थियो ।

म खुसीसाथ आफ्नो घर प्रस्थान गरें । घर ..... अध्यक्ष ....अध्यक्ष .....घर । सूर्यास्तको समयमा खेतको धान फूलबारी जस्तै राम्रो देखिएको थियो । म निरन्तर सोचिरहें– मेरो घर सोभियत क्षेत्र बनेको छ । के यो भन्दा पनि राम्रो ठाउँ अरू कुनै हुन सक्दछ ? फेरि म अध्यक्ष माओको बारेमा सोच्न थालें । उहाँ निस्सन्देह गरीब जनताको महान् नेता हुनुहुन्छ । के उहाँभन्दा पनि असल अरू कोही हुनसक्छ ?

जुनबेला म त्यो सानो नदीको किनारमा पुगें ; जहाँ म बालककालमा गाई चराउने गर्दथें, झमक्क रात परेको थियो । नदी पारी लिङ्नाओ गाउँ, जहाँ मेरो जन्म भएको थियो, देखिइरहेको थियो । नदीको किनारामा धेरै मान्छेहरू डुङ्गा कुरिरहेका थिए । म खचाखच भरिएको डुङ्गामा चढें । मेरो सैन्य पोशाक एवम् मेरो साथमा भएको रिभल्वरले गाउँलेको ध्यान आकर्षण गर्‍यो । उनीहरूले मलाई एकोहोरो हेरिरहे र आपसमा कानेखुसी गरिरहे ।

"माफ गर्नुस्," मैले सोधें, "के तपाईहरूले यो गाउँको छन थाए–स्याङ (मेरो पिताको नाम)लाई चिन्नुहुन्छ ?"

केही क्षण सबै चुप लागे । म चिन्तित भएँ । तब एउटा आवाज आयोः "अँ ! छन थाए–स्याङ नाम भएको एकजना छ ।"

"अरे, तँ......!" एउटा अधबैंशे मान्छेले मेरो बालककालको नामले मलाई बोलायो ।

"हो, हो, मै हो !" म खुसीले चिच्याएँ । उनीसँग मेरो पुरानो चिनजान थियो । यदि म डुङ्गामा नभएको भए खुसीले उफ्रिसकेको हुन्थें ।

जब कुराकानी सुरू भयो, डुङ्गाका सबैजना उत्साहित भए । उनीहरूले तुरुन्त कुरा गर्न लागे, सबैजना मलाई गाउँको समाचार सुनाउन उत्सुक भए– कसरी गाउँ लाल इलाका भयो, कसरी जमिन्दार एवम् स्थानीय निरंकुशहरूलाई उखेलेर फालियो, जमीन वितरण कसरी भयो र पिताजीलाई आफ्नो भाग कसरी मिल्यो..... कुरा गर्दागर्दै हामी नदीको अर्को किनारमा पुग्यौं ।

हामी अगाडिको किनारमा पुग्यौं, सारा भीड मसँग मेरो घरमा गयो । त्यस साँझ यस्तो लाग्दथ्यो मानौं मेरो घरमा आमसभा भएको छ । गाउँका सबैजना त्यहाँ भेला भएका थिए । गाउँ सोभियतको अध्यक्ष पनि त्यहाँ आएका थिए । उनले लालसेनाको जीवनको बारेमा केही बताउन मलाई अनुरोध गरे । म बोलेको बेला मेरा पिताजी बसेर मुस्कुराइरहनु भएको थियो । उहाँले सन्तोषपूर्वक मुस्कुराएको मेरो आँखाले देखेको यो पहिलो पटक थियो ।

जब उनीहरूले सुने म अध्यक्ष माओको अंगरक्षक हुँ, तब उनीहरूलाई अरू बढी चाख लाग्यो र उनीहरूले आफ्नो अध्यक्षको बारेमा अरू कुरा बताउन आग्रह गरे ।

मैले भनें, "अध्यक्ष माओ ठीक त्यस्तै हुनुहुन्छ जस्तो अरू साधारण मानिसहरू !"

उनीहरू यस कुराले सन्तुष्ट भएनन् । उनीहरूले अरू केही कुरा बताउन अनुरोध गरे । त्यस रात हामी दोस्रो पटक कुखुरा नबास्दासम्म कुरा गरिरह्यौं ।

नवौं दिन म अध्यक्ष माओलाई भेट्न छाङतिङ प्रस्थान गरें । त्यहाँ पुगेर सोधपुछ गर्दा उहाँ केन्द्रीय अस्पतालमा भएको कुरा थाहा भयो । मलाई ज्यादै पीर लाग्यो । के उहाँ बिरामी हुनुहुन्छ ? म हतार हतार अस्पताल पुगें । त्यहाँ उहाँलाई स्वस्थ देखें । घबराउनु पर्ने कुनै कारण रहेनछ ।

म फर्केर आएको देख्दा उहाँ ज्यादै खुसी हुनुभयो । मेरा पिताजीले पठाउनुभएको बदाम र सखरखण्ड उहाँलाई दिएँ । उहाँले मुस्कुराएर उक्त उपहार लिंदै सोध्नुभयो– “तिम्रो परिवारको हालखबर के छ ?”

“अब उनीहरूको जीवन ज्यादै सुखमय छ ।” म आफ्नो उत्तेजना रोक्न सकिन र सबै कुरा बिस्तारपूर्वक सुनाएँ ।

“हाम्रो गाउँमा अब एउटा सोभियत स्थापना भएको छ, सबै जमिन्दार एवम् स्थानीय निरंकुशहरूलाई खतम गरिएको छ । मेरो परिवारले तीन कोठाको घर र सोह्र मू ( एक मू बराबर एक एकड) जमीन पाएको छ ।”

अध्यक्ष माओले स्वीकृतिमा टाउको हल्लाउनुभयो र भन्नुभयो– “राम्रो कुरा हो !” उहाँले सोध्नुभयो– “तिम्रो सोभियत गाउँको अध्यक्ष धनी व्यक्ति छ कि गरीब व्यक्ति ?”

“एक गरीब व्यक्ति ; जसले त्यस्तै किसिमको दुःख पाएको थियो, जुन दुःख हाम्रो परिवारले पाएको थियो ।”

गाउँलेहरूको बारेमा अरू बढी बुझ्न चाहनुहुन्थ्यो । अन्तमा उहाँले केही गम्भीरतासाथ अलिकति रमाइलो पाराले सोध्नुभयो– “के तिम्रो बा’ले तिम्रो लागि कुनै आमा खोज्नुभएको छ ?”

उहाँको स्मरणशक्ति ज्यादै तेज छ । म उहाँसँग पहिलो पटक भेटहुँदा मेरी आमाको मृत्यु भएको कुरा भनेको थिएँ ।

“हजुर, छिमेकीहरूले मलाई भनेका थिए कि त्यो एउटा नयाँ किसिमको आफ्नै खुसीराजीको विवाह थियो ।” यो कुरा सुन्दा अध्यक्ष माओ ज्यादै खुसी हुनुभयो र उहाँको अनुहारमा मुस्कुराहट देखापऱ्यो ।

❖

# लामो अभियानको श्रीगणेश

सन् १९३४ को गर्मीको शुरुतिर शचओपामा वित्तीय तथा आर्थिक समस्यासम्बन्धी एउटा सम्मेलन भएको थियो । जसको अध्यक्षता कमरेड माओले गर्नुभएको थियो । यसपछि उहाँ ग्रामीण परिस्थितिको अनुसन्धानका लागि च्याङसी प्रान्तको रूइचिन काउन्टीमा पर्ने ऊयाङ गाउँमा जानुभयो । त्यसबेला यो ठाउँ केन्द्रीय सोभियतमा उत्पादनको दृष्टिले आदर्श ठाउँ थियो । त्यहाँबाट उहाँ ह्वेइछाङ काउन्टीमा जानुभयो ; जहाँ त्यतिखेर क्वाङतुङ–च्यङसी प्रान्तीय कमिटीको प्रधान कार्यालय थियो । उहाँ केही दिन त्यस ठाउँमा बस्नुभयो र ख्वीतुतिर प्रस्थान गर्नुभयो । उहाँ अगस्तमा ख्वीतुबाट रुइचिनको नजिकै पर्ने काओपिनाओ फर्कनुभयो । त्यहाँ केही महिनासम्म उहाँ जिम्मेवार कार्यकर्ताहरूको बैठक राख्न वा गाउँमा जाँच पड्ताल गर्न ज्यादै व्यस्त रहनुभयो ।

काओपिनाओ आएपछि जब शत्रुले पाँचौं पटक 'घेरामा पार्ने' अभियान सुरू गऱ्यो, स्थिति ज्यादै चिन्ताजनक भएको थियो । शत्रुको हवाइजहाज चौबीसै घण्टा टाउको माथि उडिरहन्थ्यो । बमवारी गर्दथ्यो । अन्धाधुन्ध आक्रमण गर्दथ्यो ।

ती दिनहरूमा अध्यक्ष माओ पहिलेभन्दा पनि ज्यादै व्यस्त रहनुहुन्थ्यो । उहाँ कमरेड च्वे–चायसँग पहाडको एउटा ठूलो मन्दिरमा बस्नुहुन्थ्यो । दिउँसो सैनिक परिषदको बैठकमा भाग लिन करीब तीन ली पर जानुहुन्थ्यो । जब उहाँ फर्केर आउनुहुन्थ्यो, उहाँ ज्यादै अबेरसम्म लेखेर बस्नुहुन्थ्यो । कतिपटक त ज्यादै राति पनि उहाँले लेख्नुभएको लेखहरू उपाध्यक्ष चाओ एन–लाइ र अन्य नेताहरूलाई दिनका लागि मलाई तल पठाउनुहुन्थ्यो । यिनीहरू के का पाण्डुलिपि थिए भन्ने कुरा मलाई तबसम्म ज्ञान भएन जबसम्म यिनीहरू रातो एवम् नीलो पुस्तकको रूपमा प्रकाशित भएनन् । यी पाण्डुलिपिहरूमा छापामार युद्धको बारेमा लेखिएका थिए ।

हरेक दिन धेरै जना पहाडमा आउँथे । अध्यक्षको स्वास्थ्य धेरै राम्रो थिएन । प्रायःजसो उहाँले केही खानुहुन्थेन साथै सुत्न पनि ज्यादै कम भएको थियो । उहाँको तौल ज्यादै घटेको थियो । हामी उहाँका अंगरक्षकहरू ज्यादै चिन्तित थियौं । तर हामी के नै गर्न सक्दथ्यौं र ? जब हामीले उहाँलाई आराम गर्नुपर्ने सुझाव दिन्थ्यौं, उहाँले टेबलमा छरिएका दस्ताबेजहरूलाई देखाएर हामीसँग सल्लाह लिएझैं भन्नुहुन्थ्यो– "जब म यिनीहरूलाई समाप्त गर्छु, तब म आराम गर्नेछु । के यो ठीक हुँदैन त ?" तर यी दस्तावेजहरूको कुनै अन्त्य थिएन किनकि तिनीहरू लगातार आइरहेका थिए । हामीलाई उहाँको लागि एउटा डाक्टर राख्नुपर्ने लाग्यो ।

एक साँझ खाना खाएर अध्यक्ष मन्दिर अगाडिको सिंढीमा विचारमग्न हुनुहुन्थ्यो, तब केन्द्रीय व्यवस्थापन विभागको संचालक खान फू–छिङ र केन्द्रीय अस्पतालको जिम्मेवार कमरेड त्यहाँ आइपुगे । उनीहरूलाई देखेर म ज्यादै खुसी भएँ । मलाई लागेको थियो कि उनीहरू अध्यक्षको लागि डाक्टर बोलाउने कामको लागि नै आएका थिए । मलाई थाहा भएसम्म बिरामी भएको अवस्थामा जो सुकैले पनि डाक्टरको आज्ञा पालन गर्नुपर्छ ।

हात मिलाएपछि उहाँहरूले कुराकानी सुरू गर्नुभयो । म उहाँको आडमा अध्यक्षको लागि एउटा डाक्टर बोलाउने कुरा भन्ने मौकाको प्रतिक्षामा थिएँ ।

संचालक ख्यानले एउटा सइस खोज्ने प्रश्न उठाउनुभयो । 'र, डाक्टर ?' म ज्यादै छट्पटिएको थिएँ । धेरैबेर कुरा गरिसकेपछि ख्यानले भने, "अध्यक्ष तपाईंको लागि एउटा राम्रो डाक्टर खोजेका छौं । उनी तपाईंसँग जानेछन् ।"

म खुसीले भण्डै उफ्रेको थिएँ । मैले सोचें अब ठीक होला । "ज्यादै राम्रो ।" मेरो मुखबाट अनयासै शब्दहरू निस्किए । मैले अध्यक्ष अधिकारी भएको ठाउँमा यसरी बोल्न नहुने कुरा पछि मात्र सोचें । यस कुराले म ज्यादै लज्जित भएँ ।

अध्यक्ष माओले पहिले मतर्फ हेर्नुभयो, फेरि संचालक ख्यान र उनको साथीलाई हेर्दै चुरोट सल्काएर बिस्तारै बिस्तारै बोल्न सुरू गर्नुभयो–

"मेरो विचारमा डाक्टरको कुनै आवश्यकता छैन । एउटा नर्सबाट नै काम चल्छ । ज्वरो नाप्ने र सुइ लगाउने काम मात्र त हो ...."

संचालक ख्वानले उहाँलाई आफ्नो कुरा पूरा गर्न दिएनन्, "तपाईंको वर्तमान अवस्था देख्दा मलाई यहाँ एक जना डाक्टर रहनु राम्रो हुने लाग्दछ र हामीले पहिल्यै ...."

"हुँदैन," अध्यक्ष माओले रोक्नुभयो । "सेनालाई डाक्टरहरूको आवश्यकता छ । हामीसँग ज्यादै थोरै डाक्टरहरू छन् । म आफ्नो लागि मात्र कसरी एकजना डाक्टर राख्न सक्छु ?" र उहाँ मुस्कुराउनुभयो । "मेरो स्वास्थ्य खराब छैन । के एक जना नर्सबाट काम चल्दैन ?"

ती दुईजना अरू केही भन्न चाहन्थे । तर अध्यक्ष माओको बानीसँग उनीहरू राम्रोसँग परिचित थिए । त्यसैले उनीहरूले ज्यादा आग्रह गरेनन् । यसपछि उनीहरू चाँडै नै त्यहाँबाट गए ।

केही दिनपछि रेडक्रस भएको एउटा थैलो लिएर करीब अठार वर्षको एक नौजवान हामी भएको ठाउँमा आयो । ऊ मेडिकल अर्दली चुङ फू–छाङ थियो । जो लामो अभियान भरी अध्यक्ष माओसँग रह्यो ।

करिब त्यतिखेर नै अध्यक्ष माओले हामीलाई मोर्चामा जान थोरै भन्दा थोरै समान तयार गर्ने आदेश दिनुभयो । (हामीलाई उत्तरको शेनशी जाने लामो अभियानको तयारी भइरहेको कुरा थाहा थिएन) हामी अंगरक्षकहरू आश्चर्यमा पऱ्यौं कि यस पटक किन हल्का सामानहरू मात्र साथमा लैजाने कुरा कडाइका साथ लागू गरिंदैछ ? यहाँसम्म कि अध्यक्ष माओले समेत आफ्नो नौ खल्ती भएको थैलो यसपटक आफूसँग राख्नुभएन । उहाँको सारा सामानमा जम्मा दुई कम्बल, एउटा सुतीको पछ्यौरा, एउटा पुरानो फाटेको ओभरकोट, एउटा बिग्रेको छाता र किताबको एउटा पोको थियो ।

"हामी लड्न मोर्चामा जाँदै छौं ।" चारैतर्फ यसैको बारेमा चर्चा परिचर्चा भइरहेको थियो ।

सेप्टेम्बरको अन्त्यमा हामी अध्यक्ष माओसँग काओपीनाओबाट ख्वीतु प्रस्थान गऱ्यौं ।

चिनियाँ क्रान्तिको इतिहासमा १८ अक्टोबर १९३४ एउटा अविस्मरणीय दिन थियो । त्यस दिन पाँच बजेको केहीबेर पछि अध्यक्ष माओसहित करिब

बीस जनाको हाम्रो टोली य्वीतुबाट प्रस्थान गऱ्यो । यो नै लामो अभियानको पहिलो कदम थियो ।

य्वीतुको उत्तरी भागबाट निस्केर हामी पश्चिमतर्फ लाग्यौं र एउटा ठूलो नदीको तीरैतीर त्यसको मुहानतर्फ अगाडि बढ्यौं । नदीको धमिलो पानीमा छालहरू उठिरहेका थिए । नदी यसरी सुसाइरहेको थियो कि त्यसले अगाडि बढ्नको लागि बिगुल बजाए जस्तो लाग्दथ्यो ।

सूर्यास्तपछि चिसो सिरेटो चल्न थालेको थियो । अध्यक्षले ओभरकोट लगाउनुभएको थिएन । उहाँले आफ्नो खैरो रंगको बर्दी र लालसेनाको टोपी लगाउनुभएको थियो । उहाँ सबैभन्दा अगाडि लामो लामो फड्को मार्दै दृढतासाथ बढ्दै हुनुहुन्थ्यो ।

जब हामी य्वीतुबाट बीस लीको दुरीमा रहेको एउटा गाउँमा पुग्यौं, तब हामीले मान्छेको आवाजसँगै टाढाबाट आगोको उज्यालो आइरहेको देख्यौं । मेडिकल अर्दली र मेरो दिमागले त्यो घटनालाई बुझ्न सकेन !

"त्यहाँ हाम्रा सेना छन् ।" अध्यक्ष माओले भन्नुभयो ।

'हाम्रा सेना ?' म सोचाइमा परें । जब हामी य्वीतुबाट हिडेथ्यौं, तब हामीले एकजना पनि सैनिक देखेका थिएनौं । अचानक यहाँ यतिका सैनिक कसरी आए ? म अचम्ममा परें ।

जब हामी किनारमा पुग्यौं, तब नदीको दुवै तीरमा लालसेनाको ठूलो समूह देख्यौं । चारैतर्फ कोलाहल थियो । हजारौं मशालहरू बलिरहेका थिए । कोही गीत गाइरहेका थिए भने कोही हँसी-मजाक गर्दै वल्लो छेउदेखि पल्लो छेउसम्म चिच्याइरहेका थिए । त्यस चौडा नदीमा काठको मुडा तेर्स्याएर पुल बनाई सेनाहरू मार्च गर्दै नदी पार गर्न लागे ।

म ज्यादै उत्तेजित भएर अध्यक्षको नजिकै पुगें । "हाम्रो पासमा यत्तिका सेना कहाँबाट आइपुगे ?" मैले चर्को स्वरमा सोधें । उहाँ मुस्कुराउन लाग्नुभयो ।

"सेना केवल यतिमात्र छैनन् ।" उहाँले शान्तिपूर्वक जवाफ दिनुभयो । "यिनीहरू भन्दा अघि पनि धेरै सेनाहरू गइसकेका छन् ।"

हामी अध्यक्ष माओको पछि–पछि पुलसम्म पुग्यौं । घोडसवार सेना (रिसल्ला), पैदल सेना, मालसमान बोक्नेहरू तथा ती ग्रामीण जनता जो

लालसेनालाई बिदाइ गर्न आएका थिए, एक अपार जनसमूह यहाँबाट लगातार उतातिर हिंडिरहेको थियो । अध्यक्ष कहिले काहीं अरूलाई बाटो छोड्न रोकिनुहुन्थ्यो ।

करिब मध्यराततिर अगाडिबाट एउटा स्ट्रेचरमा घाइते सिपाहीलाई ल्याइएको थियो । सडकमा उत्तेजित गाउँलेहरू थिए ।

उनीहरूले भने, "कुफी एवम् शिनथ्येनमाथि चाँडै नै कब्जा हुनेछ ।"

अध्याक्ष माओ नजिक जानुभयो र घायल सिपाहीको शरीरमा भएको ओड्नेलाई अलिकति हटाउनुभयो । "के तिम्रो घाउ ज्यादै गहिरो छ कमरेड ?" उहाँले नम्रतापूर्वक सोध्नुभयो ।

स्ट्रेचरमा भएको व्यक्तिले मशालको उज्यालोमा अध्यक्ष माओलाई हेरिरह्यो । ऊ भावविह्वल भएको थियो ।

"हजुर छैन, ज्यादा गहिरो छैन ।" उसले जवाफ दियो, "चाँडै नै म मोर्चामा फर्केर जानेछु ।"

जब स्ट्रेचर अगाडि गयो, तब अध्यक्ष ध्यानमग्न भएर त्यसलाई हेरिरहनुभयो ।

मिर्मिरे उज्यालो हुनुभन्दा केहीबेर पहिले गाउँलेहरूको एक समूहले हाम्रो बाटो काटेर गए । तिनीहरू मध्ये प्रायः सबैले एउटा एउटा बोरा बोकेका थिए । म अगाडि बढेर उनीहरूलाई सोधें, "तपाईंहरू कहाँबाट आउनुभएको हो ?"

"कुफी एवम् शिनथ्येनमाथि कब्जा भयो ।" उनीहरू एकै स्वरमा बोले ।

"यसमा के छ ?"

"नून ! यो त्यत्ति नै महत्त्वपूर्ण छ जति सुन !" उनीहरू सोभियत क्षेत्र(मुक्त क्षेत्र)का पथप्रदर्शकहरू थिए र कुफी एवम् शिनथ्येनबाट नून बोकेर फर्केका थिए । ती दिनहरूमा मुक्तक्षेत्रमा नूनको ज्यादै अभाव थियो ।

अध्यक्ष माओले उनीहरूतर्फ हात हल्लाउनुभयो । "यसपाली तपाईंहरूलाई नूनको चिन्ता गर्नुपर्ने छैन ।"



"के तिम्रो घाउ ज्यादै गहिरो छ कमरेड ?" (पृष्ठ २७)

मिर्मिरे उज्यालोमा सडकमा एक अपार भीड जम्मा भयो । गाउँका पर्खालहरू, रुखहरू सबै ठाउँमा हाम्रो विजयको समाचार भएका पोष्टरहरू टाँसिएका थिए । "हाम्रो सेनाले कुफी एवम् शिनथ्येनमाथि कब्जा गरेका छन् ।" र "आफ्नो पहिलो महान् सफलताको विजयोत्सव मनाऔं !"

❖

# म्याओ जातिको क्षेत्रमा प्रवेश

सन् १९३४ को नोभेम्बरमा लालसेनाले श्याङ नदी पार गरेर शत्रुको चौथो नाकाबन्दीको घेरालाई तोड्यो र क्वाङसी एवम् हुनानको सिमानामा पर्ने मुख्य मार्गमा पुग्यो । हामी त्यहाँ पुग्दा घोर अन्धकार थियो । हामी धेरैजसो रातमा नै मार्च गर्दथ्यौं ता कि शत्रुको बिमानले हामीलाई नदेखोस् । बिहानीपख हामी एक सानो पहाडी गाउँमा पुग्यौं ।

हामी बाटोभरी लडाइँ लड्दै अगाडि बढिरहेका थियौं । अध्यक्ष माओलाई एक छाक पेटभरी खाना मिलेको थिएन । जब सेनाहरू विश्राम गर्न लागे म सहायक अंगरक्षक कमरेड चङ श्येन–चीलाई साथमा लिएर खानेकुरा खोज्न निस्किएँ । त्यो एउटा सानो गाउँ थियो र त्यहाँका मान्छेहरू गरीब थिए । हामीले त्यहाँ एक चीजमात्र किन्न सक्थ्यौं र त्यो पनि सखरखण्ड मात्र बीस चिन । मैले त्यसलाई पकाएर अध्यक्ष कहाँ लगें । उहाँ एउटा स्टुलमा बसेर आफ्ना चारैतर्फ बसेका अंगरक्षकहरू तथा सइससँग गफ गरिरहनुभएको थियो । “श्याङ नदी पार गरेर हामीले अत्यन्तै ठूलो सफलता हासिल गऱ्यौं ।” उहाँले भनिरहनुभएको थियो । साँच्चिकै गए राति हामीले जुन श्याङ नदी पार गरेका थियौं त्यो साधारण वीरताको काम थिएन ।

चन श्येन–ची र मैले हातमा माटाको भाँडा लिएर खाना तयार भएको कुरा बतायौं । हामी उहाँ नजिक गएर खाना खान भन्यौं । उहाँले एउटा सखरखण्ड लिएर खाँदै भन्नुभयो, “हामी चाँडै नै त्यो क्षेत्रमा प्रवेश गर्दैछौं जहाँ म्याओ जातिका मान्छेहरू बस्दछन् !”

म्याओ जातिको क्षेत्र ! यो त बिल्कुल नयाँ कुरा थियो । राजनैतिक प्रशिक्षणको एउटा कक्षामा एक जना प्रशिक्षकले भन्नुभएको कुरा मलाई स्मरण भयो । उहाँले भन्नुभएको थियो कि म्याओ जनता अल्पसंख्यक जातिका हुन् । उनीहरूको संस्कृति तथा अर्थतन्त्र ज्यादै पछिडिएको छ । उनीहरूको

रीतिरिवाज हाम्रो भन्दा ज्यादै भिन्न छ र श्वेत सेना(क्वोमिन्ताङ एवम् युद्ध सरदारहरूको सेना)ले उनीहरूलाई ज्यादै क्रुरतापूर्वक दमन गरिरहेका छन् तर उनीहरू कस्ता देखिन्छन् यो कुरा अझ पनि हाम्रो लागि एक रहस्य नै थियो ।

"उनीहरू पनि हामी हान जातिका जस्तै हुन् ।" अध्यक्ष माओले अगाडि भन्नुभयो, "उनीहरू पनि श्वेत सेनाको विरूद्धमा क्रान्तिकारी आन्दोलन चलाउन चाहन्छन् । त्यसैले उनीहरू हाम्रा असल भाइहरू हुन् ।"

अध्यक्ष माओले हामीलाई श्वेत सेनाद्वारा म्याओ जनताको दमनको कथा, म्याओ जातिको रीतिरिवाज, बानी–व्यवहार, धार्मिक विश्वासहरू आदिको बारेमा बिस्तारपूर्वक बताउनुभयो । उहाँले म्याओ क्षेत्रमा प्रवेश गरेपछि आफ्नो काम सम्बन्धी नियमहरू अझ कडाइका साथ पालना गर्न हामीलाई भन्नुभयो । उहाँले हामीलाई यता–उता नडुल्न र अरूको सामानलाई नछुन पनि साबधान गराउनुभयो । उहाँले हामीलाई भन्नुभयो कि म्याओ महिलाहरू सोभियत क्षेत्रका महिलाभन्दा फरक हुन्छन् । सोभियत क्षेत्रका महिलाहरू लालसेनाहरूलाई दाजुभाइ जस्तो व्यवहार गर्दछन् र अझ 'दाजु' भनी बोलाउँछन् पनि । तर म्याओ महिलाहरू यस्तो सम्बन्धको बानी परेका छैनन् । उनीहरूको दिमाग अझ पनि सामन्ती विचारले भरिएको छ ।

अध्यक्षको कुरा सुन्दा हामीलाई यस्तो लाग्यो कि हामी कुनै दोधारमा छौं । के हामी कुनै 'निषेधित क्षेत्र' मा जाँदैछौं ? जब हामी क्याम्पिङ गरेर बस्छौं र केही चीज सापट लिनुपर्ने हुन्छ तब हामीले के गर्ने ? यो सोचेर मैले अध्यक्ष माओसँग सोधें कि के त्यहाँ ढोका माग्न उचित होला ? किसानहरूले लालसेनालाई सुत्नको लागि घरको ढोका निकाल्न दिन्थे जुन भोलिपल्ट लालसेनाले फेरि यथास्थानमा राखिदिने चलन थियो । सामान्यतया हामी जहाँ बस्दा पनि सुत्नको लागि काठको ढोका माग्दथ्यौं ।

"हुँदैन, यो हुन सक्दैन !" उहाँले दृढतासाथ भन्नुभयो । उहाँ मुस्कुराएर फेरि भन्नुभयो– "के तिमीलाई अर्काको सामान छुन हुन्न भनेको थिइन ?"

"तब तपाईं केमा सुत्नुहुन्छ ?"

"उनीहरूको ढोकाबाहेक जेमा भए पनि काम चल्छ ।"

म निरास भएर अरू केही बोल्न सकिन । मैले मनमनै सोचें म्याओ जनता अवश्यै पनि हामी हानहरूभन्दा बिल्कुलै भिन्न हुनुपर्छ । उनीहरू पक्कै पनि कठोर स्वभावका हुन्छन् होला । त्यसैबेला कसैले निद्रामा घुरेको आवाज सुनियो । त्यो घुर्ने व्यक्ति सामान बोक्ने ह्वाङ इङ–हो थियो । ऊ अध्यक्षको आडमै निदाएको थियो । उसको हातमा अझ पनि बाँकी सखरखण्ड थियो ।

यो देखेर अध्यक्ष माओले मुस्कुराउँदै भन्नुभयो– "पेटभरी खाना खाइसकेपछि हामी सबै सत्नु ठीक हुन्छ । आज राति हामी अगाडि बढ्नुपर्ने छ ।"

मलाई निद्राले सताइरहेको भएपनि म जागा नै रहें । ह्वाङ इङ–हो बाहेक अरू कोही पनि सुतेका थिएनन् । जब विहान भयो तब शत्रुको जहाजले मृत्युको सन्देश लिएर आयो र बारम्बार बमवर्षा गर्न थाल्यो ; जसले मान्छेहरूका घर बरबाद भए र खेतमा लहलह झुलेको धानबाली पनि नष्ट भयो ।

त्यसै साँझ हामीले फेरि आफ्नो अभियान सुरू गऱ्यौं । नोभेम्बरको रात थियो । त्यसैले जाडो भइरहेको थियो । चन्द्रमाको कुनै निशान पनि थिएन ।

हामी रातभरि पहाडमा घिस्रिरह्यौं । कहिले कुनै पहाड चढ्दथ्यौं त कहिले कुनै खोंचमा झर्दथ्यौं । कहिले चारपाउ टेकेर ठाडो भीर चढ्दथ्यौं र अर्कोतर्फ घिस्रिंदै ओर्लन्थ्यौं । जब हामी कुनै पर्वतको शिखरमा पुग्दथ्यौं तब यस्तो लाग्दथ्यो मानौं आकाश हाम्रो शरीरमाथि नै छ । तब अघि बढ्नु अगाडि अध्यक्षले हामी सबै आए नआएको हेर्नुहुन्थ्यो ।

भोलिपल्ट विहानीपख हामी एउटा पहाडको फेदीमा झऱ्यौं । हाम्रो सामुन्नेको एउटा सानो पहाडमा काठका चित्र–विचित्रका घरहरू थिए । यस्ता घरहरू हामीले आजभन्दा पहिले कहिल्यै देखेका थिएनौं । तिनीहरू न एक तले थिए, न दुई तले बरू तिनीहरू त हावामा झुण्डिएका टोकरीहरू जस्ता देखिन्थे । हामी म्याओ क्षेत्रमा पुगेको कुरा अध्यक्ष माओले बताउनुभयो ।

हामी यस पहाडी गाउँमा पुग्दा सूर्य उदाइरहेको थियो । विहानको कुइरो हट्नासाथ गाउँका घरहरू प्रष्टसँग देखियो । पहाडको पहराले घरको

पछाडिको गाह्रोको काम गरेको थियो । त्यसको तल सुंगुरको खोर एवम् भेडाको खोर बनाएका थिए । पानीको एउटा सानो मूल पहाडबाट कलकल गर्दै घरको झ्यालमुनिबाट बगिरहेको थियो ; जसले गाउँमा ठाउँ–ठाउँमा स–साना खोबिल्टा (पानीको सानो तलाउ)हरू बनाएको थियो ।

अध्यक्ष बस्नुभएको घर धेरै राम्रो थियो । त्यसको झ्यालबाट एउटा ठूलो तलाउ देखिन्थ्यो ; जसमा टाउका ठूला भएका धेरै माछाहरू थिए ।

"आऊ, अध्यक्षको लागि हामीले केही माछा समातौं (मारौं) ।" अध्यक्षको एकजना अंगरक्षक ऊ च्य–छिङले सुझाव दियो । यो विचार ज्यादै सुन्दर थियो । यसमा कुनै शंका थिएन तर अध्यक्षले हिजो मात्र जुन कुरा भन्नुभएको थियो, त्यसलाई सम्झेर हामीमध्ये कसले ती माछाहरू समात्ने हिम्मत गर्ने ! हामी सबै चुप चाप बस्यौं ।

यस घर मालिक एक स्थानीय निरङकुश हुन पनि त सक्छ ।" ऊ च्ये–छिङले आफ्नो कुरामा जोड दिंदै भन्यो ।

"मेरो विचारमा पहिले अध्यक्षसँग सोध्नु शायद राम्रो होला ।" ह्वाङ इङ–होले मधुरो स्वरमा भन्यो ।

जब म पानी लिएर अध्यक्ष माओको कोठामा पुगें, तब अध्यक्षले आराम गरिरहनुभएको देखें । मैले बाँसको टेबलमा पानी राखें र कसरी कुरा गर्ने भनी सोचेर एक छिन उभिएँ ।

"अध्यक्ष" अन्तमा मैले एउटा उपाय सोचें ।

"के तपाईंलाई भोक लागेको छ ?"

"कुनै खाने कुरा छ र ?"

"हजुर, छ ।" मैले तुरून्त जवाफ दिएँ ।

"के छ ?" अध्यक्ष मलाई हेर्नको लागि फर्कनुभयो ।

मैले केही पानी पोखाएँ र सम्भव भएसम्म आकस्मिक ढंगले भनें, "माछाहरू, केही ठूला माछाहरू !"

"कहाँबाट ल्याउँछौ ?"

"यहींबाट !" मैले झ्याल बाहिर तलाउ देखाउँदै भनें ।

अध्यक्ष झ्यालसम्म गएर हेर्नुभयो र मतर्फ फर्कनुभयो । "हिजो मात्र मैले तिमीलाई भनेको कुरा यति चाँडै भुलिसक्यौ ?" उहाँले कठोर स्वरमा सोध्नुभयो ।

मैले शिर निहुराएर सानो स्वरमा भनें, “हामीले पैसा दिएर किन्छौं ।”

“तब पनि ठीक हुन्न ।”

“हामीले थोरै मात्र किन्छौं ।” मैले आग्रह गरें ।

अध्यक्ष म नजिक आएर बस्नुभयो र ज्यादै धैर्यपूर्वक अल्पसंख्यक जातिको विशेषताहरू र उनीहरूप्रति हाम्रो नीति बुझाउन लाग्नुभयो । उहाँले भन्नुभयो, “उनीहरूको माछा अथवा भेडा जतिसुकै ठूलो भए पनि त्यसलाई छुनुहुन्न । उनीहरूले त्यसलाई आफ्नो देवतालाई बली चढाउन पालेका हुन्छन् ।”

अन्तमा, आफ्नो कुरा टुंग्याउँदै उहाँले हामीलाई यो कुरा अरूलाई पनि बुझाउन भन्नुभयो । यहाँ सम्म कि पैसा दिएर पनि नकिन्न भन्नुभयो ।

मैले भनें, “म बुझाउँला ।” म बाहिर हिडे । बाहिर ऊ च्ये–छिङ खबर बुझ्न मलाई पर्खेर बसेको थियो । म सोझै ऊ भएको ठाउँमा गएँ । उसले दबेको स्वरमा तत्काल सोध्यो, “के भयो ?”

“अध्यक्षले यो कुरा स्वीकार्नु हुन्न !” मैले रूखो स्वरमा जवाफ दिएँ ।

“हामीले पैसा दिन्छौं !”

“पैसा तिरेर पनि लिनु हुन्न !” मैले उसको कानैमा चिच्याएँ । “यो अनुशासन हो बुझिस् ?” र, म त्यहाँबाट हिंडे ।

मध्यान्नपछि दस बाह्र जनाको एक टोली आयो । उनीहरूले हान जातिले लगाउने जस्तै कपडा लगाएका थिए र राइफल पनि भिरेका थिए । उनीहरू अध्यक्ष माओलाई भेट्न चाहेको कुरा बताए ।

मैले जकेटमा बटन लगाउँदै उनीहरू कहाँबाट आएका हुन् भनी सोधें ।

मेरो कल्पनाको विपरीत, तिनीहरूको व्यवहार ज्यादै शिष्ट थियो । तिनीहरूमध्ये एक जनाले भन्यो, “हामी स्थानीय व्यक्ति हौं ।” उनीहरू क्वाङशी भाषा बोलिरहेका थिए । उनीहरूको भाषा बुझ्न ज्यादै गाह्रो थियो ।

‘स्थानीय व्यक्ति ?’ म सोच्न थालें । तब तिनीहरू अवश्यै पनि म्याओ जातिका मान्छेहरू होलान् । उनीहरू अध्यक्षसँग किन भेट गर्न चाहन्छन् त्यो पनि राइफल सहित ?

"के तपाईहरूसँग आफ्नो परिचयपत्र छ ?" मैले उनीहरूलाई सोधें ।

"हो, छ।" उनीहरू मध्येको ठूलो व्यक्तिले आफ्नो पकेटबाट कागजको सानो टुक्रा निकाल्यो ।

म त्यो कागज लिएर अध्यक्ष कहाँ गएँ । उहाँले एउटा नक्साको अध्ययन गरिरहनुभएको थियो । "अध्यक्ष, तपाईंलाई भेट्न कोही आएको छ ।" मैले रिपोर्ट गरें ।

उहाँले सोध्नुभयो, "को हो ?"

"केही स्थानीय व्यक्तिहरू ।" मैले उहाँलाई सो कागजको टुक्रा दिएँ । "उनीहरूले राइफल पनि लिएका छन् ।

त्यो कागजको टुक्रा हेरिसकेपछि अध्यक्ष माओको अनुहार उज्यालो भयो र मतिर फर्केर भन्नुभयो, "उनीहरूलाई तत्काल भित्र आउन भन ।" यति भनेर उहाँ आफै आगन्तुकहरूलाई भेट्न कोठा बाहिर निस्कनुभयो ।

म ती अपरिचित व्यक्तिहरूलाई लिएर अध्यक्षको कोठामा गएँ र फेरि बाहिर निस्किएँ । म छक्क परिरहेको थिएँ । आखिर यी व्यक्तिहरू के कामले आएका होलान् ? यिनीहरूसँग अध्यक्षको व्यवहार यति धेरै मैत्रीपूर्ण किन होला ?

तिनीहरू अध्यक्षको कोठामा धेरै बेरसम्म बसे । उनीहरू बिदा हुँदा लगभग सूर्य अस्ताउन लागेको थियो ।

म बेलुकाको खाना लिएर भित्र आउँदा पनि अध्यक्ष त्यही नक्शालाई हेरिरहनुभएको थियो । अब त्यो नक्शा रातो घेराहरूले रंगिएको थियो । "अध्यक्ष, के तपाई खाना खानुहुन्छ ?" मैले खाना राख्दै सोधें ।

अध्यक्षले मतिर हेर्नुभयो र सिसाकलम राख्दै मुस्कुराएर सोध्नुभयो, "तिमीले अरूको माछा त ल्याएनौ ?"

प्रत्युक्तरमा मैले पनि मुस्कुराएर टाउको हल्लाएँ र सोधें, "अध्यक्ष यिनीहरूले के काम गर्दछन् ?"

"यिनीहरू सबै म्याओ कमरेडहरू हुन् !" उहाँ हर्ष विभोर भएर बोल्नुभयो ।



उनीहरू मध्येको ठूलो व्यक्तिले आफ्नो पकेटबाट कागजको सानो टुक्रा निकालेर मलाई दियो । (पृष्ठ ३५)

"म्याओ जनतासँग पनि राइफल छन् ?" मैले कौतूहलतावश सोधें ।

अध्यक्षले मलाई हेरेर भन्नुभयो, "उनीहरू म्याओ जातिको छापामार योद्धा हुन्, हाम्रा कमरेडहरू !"

"म्याओ जातिमा पनि हाम्रा कमरेडहरू छन् ?" आश्चर्य चकित भएर सोधें ।

"हाम्रा कमरेडहरू जहाँ पनि छन् र कम्युनिष्टहरू प्रत्येक ठाउँमा छन्" अध्यक्ष माओले भन्नुभयो । उहाँ ठट्टाको भावमा सोध्नुभयो, "के तिमी आफूमात्रै क्रान्तिमा भाग लिएको छु र अरूले भाग लिएका छैनन् भन्ने सोच्दछौ ?"

म मुस्कुराउन लागें ।

त्यसै दिन साँझ हामी फेरि त्यहाँबाट हिंड्यौं । बाटोमा मैले गुप्तरूपमा ऊ च्ये–छिङलाई भनें, "तिमीलाई थाहा छ ? म्याओ जनतामा पनि कम्युनिष्टहरू छन् । हाम्रा छापामार योद्धा कमरेडहरू पनि छन् ।"

"साँच्चै ?" ऊ च्ये–छिङलाई अझ पनि शंका लागेको थियो ।

❖

# उच्याङ नदी–किनारको नयाँ वर्ष

सन् १९३४ को अन्तातिर केन्द्रीय लालसेना क्वेइचओ प्रान्तको ह्वङफिङ काउन्टीको नजिकै पर्ने हओछाङ पुग्यो । हामी त्यहाँ क्याम्प खडा गरी नयाँ वर्ष मनाउने तयारी गर्न लाग्यौं ।

हओछाङमा मेला लाग्ने गर्दथ्यो । त्यस मेला–बजारमा ज्यादै चहलपहल हुने गर्दथ्यो । रूइचिनबाट हिंडेपछि हामी पुगेको यो सबैभन्दा ठूलो गाउँ थियो ।

जब हामी त्यहाँ पुग्यौं, अध्यक्ष माओ सैन्य परिषद्को एक बैठकमा भाग लिन हेडक्वार्टर (केन्द्रीय कार्यालय) जानुभयो । त्यसदिन चङ श्येन–ची र मेरो ड्युटी थियो, त्यसैले हामी अध्यक्षसँग बैठकमा जानुपर्ने थियो । छ्वे क्वेइ–लान र लिन ख्वी–छाएले आफ्नो लागि बस्ने ठाउँको व्यवस्था गर्नुपर्ने थियो ।

सूर्यास्त हुनुभन्दा पहिले छ्वेले ड्यूटी सम्हाल्यो ता कि म गएर खाना खान सकूँ । अध्यक्षलाई चाँडो घर फर्काएर ल्याउन सकूँ भन्ने मनसायले उसले मलाई छिट्टै आउन भन्यो ।

"के तैंले ठीक ठाक गरिस् ?" मैले सोधें ।

"तँ गएर हेर् न ।" उसले मतिर हेर्दै भन्यो । ऊ ज्यादै रहस्यमय देखिइरहेको थियो ।

म सेनाको क्याम्पमा आएँ ; जुन हाम्रो पहिलेका क्याम्पहरूभन्दा बिल्कुल फरक देखिइरहेको थियो । सबैजना ज्यादै उमंगमा थिए । पातलो सैनिक पोसाक लगाएका केही सिपाहीले बाटोको हिउँ सफा गरिरहेका थिए, कसैले ओछ्यान लगाउन ढोकाको पलेटा लगिरहेका थिए । कसैले गीत गाउन अभ्यास गरिरहेका थिए । चारैतिर एक नयाँ वातावरण व्याप्त थियो । पछि सोध्दा थाहा भयो कि त्यहाँ नयाँ वर्ष मनाउने तयारी भैरहेको रहेछ । बेलुका नयाँ वर्षको सभामा विभिन्न कार्यक्रमहरू हुने रहेछन् । म ज्यादै खुसी थिएँ । धेरै

दिनको हिंडाइले जुन थकाई लागेको थियो, त्यो सबै बरफको टुक्रासँगै हराएको थियो । म सह-अंगरक्षक चङ श्येन–चीलाई हात समातेर घिसार्दै चाँडचाँडै हिडें । "हिंड्, तिनीहरूले के के प्रबन्ध गरेका छन्, हेरौं । जब अध्यक्ष फर्केर आउनुहुनेछ, तब नयाँ वर्षको स्वागत गरौं !" मैले भनें ।

अध्यक्षको लागि रोजेको घर पेकिङको घरजस्तै थियो । त्यसको चारैतिर कोठाहरू थिए र बीचमा ठूलो आँगन थियो । आँगनमा गेटतिर हेरिरहेका दुईवटा हिममानव राखिएको थियो । आँगनको एक छेउबाट अर्को छेउसम्म ईंटको बाटो बनाइएको थियो ; जुन भर्खरै धोएर राखेजस्तो सफा थियो । उत्तरपट्टिका ठूला तीनवटा उज्याला कोठाहरू अध्यक्ष बस्नको लागि छुट्याइएको थियो । बीचको बैठककोठा थियो ; जसको छतमा एउटा मट्टितेलको बत्ती झुण्ड्याइएको थियो । एउटा प्राचीन शैलीको लामो टि–टेबल गाह्रोसँग जोडेर राखिएको थियो । जसको दुवैतिर ठूला ठूला आराम कुर्चीहरू राखिएका थिए । यसको प्रवेशद्वारको अगाडि भित्तामा दुईहात जोडेर हाँसिरहेको अईतको रंगिन चित्र टाँसिएको थियो । उसले नमस्कार गरेर हामीलाई स्वागत गरिरहेको जस्तो लाग्दथ्यो । बायाँतिर अध्यक्षको सुत्ने कोठा थियो । त्यसमा नजर पुऱ्याउँदा नै थाहा भयो कि छ्वे क्वेई–लान र लिन ग्वी–छ्याएले कोठा सजाउन ज्यादै मिहिनेत गरेका थिए । उनीहरूले त्यहाँ यति धेरै पराल राखेका थिए कि जसले गर्दा ओछ्यान कुनै महंगो सोफाभन्दा पनि बढी नरम भएको थियो । दायाँतिरको कोठा अध्यक्षको कार्यालय थियो । दुईवटा ससाना टेबल जोडेर बनाइएको एउटा ठूलो टेबलमाथि कागजपत्रहरू र टेलिफोन राखिएको थियो । "कति सुन्दर ! कोठाको चारैतिर हिंड्दै म र चङ श्येन–ची खुसीले चिच्यायौं । अध्यक्षलाई बस्नको लागि यस्तो राम्रो घर यो भन्दा पहिले कहिल्यै भेटिएको थिएन । यहाँ सम्म कि पुरानो सोभियत (मुक्त) क्षेत्रमा पनि भेटिएको थिएन, लामो अभियानमा त परै जाओस् । अध्यक्षलाई आराम गर्न यति राम्रो ठाउँ मिलेको देख्दा हाम्रो खुसीको सीमा रहेको थिएन । खासगरी नयाँ वर्षमा यसको अझ बढी महत्त्व थियो ।

यी कोठाहरूमा अझ पनि एक चीजको कमी थियो– स्टूलहरूको । "जाऔं, कहींबाट चाँडो स्टूल ल्याऔं ।" म चङ श्येन–चीलाई लिएर बाहिर

दौडें र हामीले करीब तीसवटा काठका बर्गाकार स्टूलहरू ल्याएर टेबलको चारैतिर राख्यौं, मानौं यहाँ कुनै भोज सुरु हुने वाला छ । किन यत्तिका स्टूलहरूको आवश्यकता पऱ्यो भन्ने कुरा चङ श्येन–चीले बुझ्न चाहन्थ्यो । मैले उसलाई बताएँ कि आज नयाँ वर्षको पूर्वसन्ध्या हो, त्यसैले केन्द्रीय समितिका सदस्य तथा जनरल हेडक्वार्टरका प्रमुख कमरेडहरू अध्यक्षसँग नयाँ वर्ष मनाउन पक्कै पनि आउँनुहुन्छ होला । यदि बस्ने ठाउँ नभए उहाँहरूले के गर्नुहोला ?

चङ श्येन–चीले मेरो कुरा सुनेर टाउको हल्लायो । खाना खाइसकेपछि अध्यक्षको लागि के के खानेकुरा तयार पार्ने भन्ने कुरा चङ श्येन–चीलाई बताएँ, "नयाँ वर्ष हो," उसले भन्यो, "हामीले यस्ता चीजहरू तयार पार्नुपर्छ ; जो उहाँलाई सबैभन्दा मन पर्दछन् ।" मैले अध्यक्षलाई सबैभन्दा मन पर्ने खाद्य पदार्थहरूको सूची गन्न सुरू गरें– मासु, खुर्सानी, भुटेको भटमासको पनीर, ...... ।

"र चाम्रे भातलाई नभुल्नु नि !" चङ श्येन–चीले यसरी चिच्यायो कि मानौं उसलाई कुनै विलक्षण कुराको ज्ञान भयो । दक्षिण चीनमा चाम्रे भात खुब खाने गरिन्छ । अध्यक्ष माओलाई यो ज्यादै मन पर्छ ।

हामीले सबै चीजहरू तयार गरिसक्दा अँध्यारो भैसकेको थियो । म र चङ लालटिन बोकेर अध्यक्षलाई भेट्न गयौं । मैले अझ पनि बैठक चलिरहेको देखें । छ्वे क्वेई–तान आफै दंग परिरहेको देखिएको थियो । "ठीक छ, साथीहरू के तिमीहरू खुसी छौ ?" उनीहरूले किन त्यति रहस्यपूर्ण व्यवहार गरिरहेका छन् भन्ने कुरा अब मेरो समझमा आयो । उनीहरूले हामीलाई आश्चर्य चकित पार्न चाहन्थे । मैले उसको प्रशंसा गरें, ऊ मलाई हेरेर मुस्कुराउन थाल्यो ।

बैठक समाप्त हुँदा दश बज्यो । जब अध्यक्षले आफ्नो ओभरकोट लगाउन लाग्नुभयो तब म लालटिन लिएर उहाँलाई भेट्न भएँ । उहाँले बाटोमा राति बास बस्ने ठाउँ कति टाढा छ भन्ने कुरा सोध्नुभयो । मैले करिब दुई तीन ली टाढा भएको कुरा भनें ।

त्यसबेला हिउँ परिरहेको थियो । हावा बेस्करी चलिरहेको थियो । अध्यक्षले लगाइरहनु भएको कपडा त्यति न्यानो थिएन । म बत्ती लिएर

उहाँको पछि पछि हिंडिरहेको थिएँ । उहाँको अवस्था देख्दा म ज्यादै द्रविभूत भएँ । सोभियत क्षेत्र छाडेको दुई महिनाभन्दा बढी भै सकेको थियो र अध्यक्ष यति व्यस्त हुनुहुन्थ्यो कि उहाँलाई आराम गर्ने सम्म फुर्सद थिएन । अभियानको समयमा उहाँले आफ्नो घोडा प्रायः असक्त वा बिरामी साथीहरूलाई दिनुहुन्थ्यो र स्वयम् आफू पैदल हिंड्नुहुन्थ्यो । क्याम्पमा जब अरूहरू आराम गर्न जान्थे तब उहाँ बैठकमा भाग लिनुहुन्थ्यो, टेलिग्राम पढ्नुहुन्थ्यो अथवा मस्यौदा दस्तावेजहरू बनाउनुहुन्थ्यो । यसरी उहाँ कसरी स्वस्थ रहन सक्नुहुन्थ्यो ? उहाँ केही दिन यहँ बस्नु भए कति राम्रो हुन्थ्यो, आनन्दपूर्वक नयाँ वर्ष मनाएर राम्रोसँग आराम गर्नुहुन्थ्यो । म आफ्ना विचारहरू अरू बढी आफैभित्र राख्न सकिन । "अध्यक्ष" मैले भनें, "आज नयाँ वर्षको पूर्वसन्ध्या हो । हामीले यहाँ राम्रोसँग आराम गर्नुपर्छ । हामीले सबै तयारी गरिसकेका छौं ।"

अध्यक्ष अडिनुभयो । उहाँ फर्केर मेरो अगाडि उभिनुभयो । उहाँले मेरो टोपी मिलाइदिएर अत्यन्त शान्त स्वरमा भन्नुभयो– "के तिमीले नयाँ वर्ष मनाउने सबै तयारी गरेका छौ ?"

"हजुर सबै तयारी भइसकेको छ ।" चङ श्येन–चीले भन्यो ।

अध्यक्षले पहिले मलाई हेर्नुभयो, त्यसपछि चङलाई । उहाँ केही पनि बोल्नुभएन । उहाँ विचारमग्न देखिनुहुन्थ्यो ।

मामला के हो ? शायद उहाँले हाम्रो कुरा सुन्नुभएन कि ! अथवा सभामा विवाद भएको कुरा नै सोचिरहनु भएको छ कि !

धेरै बेरको दुविधापछि अध्यक्षले भन्नुभयो–"हामी यहाँ बस्न सक्दैनौं, नयाँ वर्ष मनाउनु भन्दा हामीले गर्नुपर्ने अरू महत्त्वपूर्ण कामहरू छन् ।"

"के गर्नु छ ?"

"हामीले उच्याङ नदीको बाधा हटाउनको लागि समयमै दौडनु छ," अध्यक्षले हाम्रो काँधमा धाप मार्दै भन्न थाल्नुभयो– "हामी लालसेना हौं, अहिले हाम्रो सबैभन्दा मुख्य काम के हो ? शत्रुसँग लड्नु । उच्याङ नदी तर्नु ज्यादै महत्त्वपूर्ण छ । तिमीहरू सम्झन्छौ कि हओछाङ एउटा ठूलो ठाउँ हो । होइन, चीनमा यो भन्दा कैयौं ठूला ठाउँहरू छन् । जस्तै चुनई शहर । चुनई

शहर भन्दा पनि ठूला ठाउँहरू छन् । जब हामीले उच्याङ नदी तरेर चुनई कब्जा गर्नेछौं, त्यसबेला त्यहाँ नयाँ वर्ष मनाउँदा हामीलाई अझ बढी आनन्द आउँछ ।"

उहाँले हामीलाई छोटकरीमा परिस्थिति बुझाउनुभयो । च्याङ काइ–शेकले हाम्रो पिछा गर्न श्वे ख्वे र चओ हुन–श्यानको मातहतमा धेरै टुकडीहरू पठाइरहेको छ । हामी चाँडो भन्दा चाँडो उच्याङ नदीको पल्लो किनारमा पुग्नुछ ता कि शत्रु हाम्रो नजिक नआइपुगोस् ।

अध्यक्षको कुरा सुन्दा मेरो मनमा जुन भाव उत्पन्न भयो, त्यसलाई शब्दमा वर्णन गर्न मुस्किल छ तर पनि उच्याङ नदी चाँडो तर्ने विचार ज्यादै उत्साहबर्द्धक थियो । मेरो उत्तेजना बढ्दै गयो ।

घरमा पुग्दा बीचको कोठाहरूमा बलेको बत्तीले पूरै घर उज्यालो भएको देख्यौं । अध्यक्ष हामीलाई हेरेर मुस्कुराउन थाल्नुभयो ।

"यहाँ त वास्तवमै नयाँ वर्षको वातावरण छ," यति भनेर उहाँले दस्तावेज निकाल्नुभयो र अबेरसम्म काम गर्न बस्नुभयो । उहाँले क्वाटरमा खाना खाएर आएको कुरा हामीलाई भन्नुभयो र अब उहाँको लागि केही पनि नबनाउन भन्नुभयो ।

"तर हामीले तपाईंको लागि राम्रो चीज बनाएर राखेका छौं !" चङ श्येन–चीले तुरून्त भन्यो ।

"के चीज ?" उहाँले टाउको उठाउनुभयो ।

"तपाईंलाई सबैभन्दा मनपर्ने वस्तु– चाम्रे भात !"

"धेरै राम्रो," अध्यक्षले भन्नुभयो । उहाँ उठ्नुभयो र स्टूलहरू तिर देखाउँदै भन्नुभयो– "आऊ, हामीले सँगसँगै नयाँ वर्ष मनाऔं ।"

अलिकति खाना खाएपछि हामीलाई सुत्न भन्नुभयो र आफू काम गर्न बस्नुभयो ।

हामी पछाडिको दस्ता उच्याङ नदीमा आइपुगेको सूचना भोलीपल्ट करिब चार बजेतिर पायौं । यो समाचार पाउनासाथ हामी पनि सोही दिशातर्फ हिंड्यौं ।

❖

# सुनौला बालुवा भएको नदी किनारमा

सन् १९३५ को अप्रिलको एक साँझको मलाई अझ पनि सम्झना छ। त्यस दिन साँझ पहिलो, पाँचौं तथा नवौं सैन्य समूह मिलेर बनेको पहिलो मोर्चा लालसेना र केन्द्रीय समितिको सचिवालय सुनौला बालुवा भएको नदी किनारमा पुग्यो । उच्याङ नदी पार गरेपछिको हामीसामु आएको यो नदी नै पहिलो ठूलो नदी थियो। त्यसमा बाढी आएको थियो। त्यसका छालहरू हाम्रो अगाडि उभिइरहेका थिए । सबैजना नदी तर्ने काममा अल्झिएका थिए किनकि हामीसँग डुङ्गाहरू ज्यादै थोरै थिए। निःसन्देह, अध्यक्ष माओ पनि उक्त सरसल्लाहमा हराउनुभएको थियो । उहाँले नदी तर्ने बारे अन्य नेताहरूसँग छलफल गर्नुभएको थियो ।

बिहान हुनुभन्दा केहीबेर अघि म उहाँसँग एउटा डुङ्गामा बसेर सुनौला बालुवा भएको नदी तरें। हामी किनारमा उत्रने बित्तिकै अभियानको भावी योजना बनाउन उहाँ चिफ स्टाफ ल्यू पो–छङलाई भेट्न जानुभयो । म उहाँको लागि अस्थायी कार्यालय र आवासको रूपमा प्रयोग गर्न सकिने घरको खोजीमा निस्किएँ । नदी किनारमा नाङ्गा चट्टानहरू बाहेक केही थिएनन् । यी चट्टानहरूमा साना-तिना अक्कर (ओडार)हरू त थिए तर तिनीहरू यति साना थिए कि जसलाई गुफा भन्न सकिँदैनथ्यो। म ओछ्यानको लागि काठको फल्याक त परै जावस् परालसम्म खोज्न असफल भएँ । अन्तमा मैले मात्रै कम्मलको ओछ्यान बनाइदिनु पर्‍यो । मलाई लाग्यो कि यसैमा भए पनि अध्यक्ष माओले केहीक्षण आराम गर्न सक्नुहुन्छ। सारा रात उहाँले एकक्षण पनि आराम गर्नुभएको थिएन । सत्य कुरा सोध्नुहुन्छ भने कैयौं दिनदेखि उहाँले अलिकति पनि ढाड सोझ्याउनु भएको थिएन ।

उहाँका दस्तावेजहरू, नक्साहरू एवम् अन्य कागजपत्रहरूलाई खोलेर राख्ने मेरो अर्को काम थियो। जब हामी कहीं विश्राम गर्दथ्यौं, त्यसबेला मैले

यी कामहरू उहाँको सचिव कमरेड ह्वाङ यओ–फङको सहयोगमा गर्दथें। हामीले बाँधबुद पारेर जस्तो भएपनि टेबल बनाइ दिन्थ्यौं तर यसबेला हामीसँग काम चलाउन कुनै सामान थिएन र कमरेड ह्वाङ यओ–फङ पनि नदीपारि नै थिए। त्यहाँ दस्तावेजलाई फैलाउने ठाउँ पनि थिएन। मैले धेरै समय नष्ट गरिसकेको थिएँ। अध्यक्ष माओ कुनै पनि बेला चिफ अफ स्टाफ ल्यूसँग कुरा गरी फर्केर आउन सक्नुहुन्थ्यो र मैले एक थोपा पानी पनि उमालेको थिइन। रातभर काम गरिसकेपछि उहाँलाई यसको आवश्यकता पर्ने कुरा मलाई थाहा थियो। मैले टेबल खोज्ने कामलाई एकातर्फ पन्छाएर चाँडो पानीको प्रबन्ध गर्न लागें।

अध्यक्ष माओ त्यहाँबाट फर्कनु भएर मलाई बोलाउँदा उज्यालो भैसकेको थियो। जब म गुफामा पुगें, अध्यक्ष माओ कुनै विचारमा डुबेर गुफाबीच उभिइरहनु भएको थियो।

"तपाईं फर्कनुभयो ?" मैले सोधें।

"हुँ....सबै तयार छ ?"

"हजुर, जे जति गर्न सकिन्थ्यो, गरेको छु।"

"ओछ्यान तर्फ इशारा गर्दै भनें, "कहीं पनि कुनै फल्याक भेटिएन त्यसैले यस्तो ओछ्यान बनाइदिएको छु। कृपया केहीबेर आराम गर्नुहोस्। पानी अहिल्यै उमाल्दै छु।"

पानी उम्ले नउम्लेको हेर्न जान लाग्दा उहाँले मलाई फिर्ता बोलाउनुभयो। मलाई काम गर्ने कुनै ठाउँ बनाइ दिएनौ ?" उहाँले सोध्नुभयो।

"कमरेड ह्वाङ यओ–फङ अझसम्म पनि यहाँ आइपुग्नुभएको छैन।" मैले बिना सोचविचार जवाफ दिएँ। "मैले डेस्कको रूपमा प्रयोग गर्न सकिने केही पनि फेला पार्न सकिन। यहाँसम्म कि एउटा सानो टेबल पनि भेटिएन। के तपाई पानी पिउनुहुन्छ ?"

उहाँ मतर्फ एक कदम अगाडि बढ्नुभयो। उहाँले मेरो कुरा नसुने जस्तो लाग्दथ्यो। उहाँले अलिकति पनि नरिसाएर ज्यादै गम्भीरतासाथ भन्नुभयो– "यस्तो समयमा सबैभन्दा महत्त्वपूर्ण कुरा काम हो। आराम वा

खाना यी सबै सानातिना कुराहरू हुन् । नदीको त्यो किनारमा हाम्रा बीस–तीस हजार साथीहरू नदी पार गर्न अझसम्म पालो पर्खिरहेका छन् । तीस हजार प्राणहरू खतरामा छन् ।"

के जवाफ दिने ? मैले केही सोच्न सकिन । म अध्यक्षलाई हेरेको हेर्‍यै भएँ । मेरो मुटु ढुकढुक भयो । उहाँले सोझै म नजिक आएर भन्नुभयो– "जाऊ सबैभन्दा पहिले मेरो लागि यस्तो फल्याक ल्याऊ जुन टेबलको रूपमा प्रयोग गर्न सकियोस् ।

यो सुन्नासाथ म दौडिएँ । सबैतिर खोजतलास गर्दा पहिले गुफाको ढोकाको रूपमा प्रयोग गरिएको एउटा सानो फल्याक फेला पारें । अध्यक्ष माओले यसलाई मिलाउन मद्दत गर्नुभयो । उहाँले यसको तल किला ठोकेर समतल बनाउनुभयो र त्यसमाथि आफ्नो नक्सा एवम् दस्तावेज फैलाउनुभयो । मलाई त्यसैबेला अचानक पानीको सम्झना भयो । यो यसबेलासम्म त अवस्यै पनि उम्लिसक्यो होला ! म त्यसलाई ल्याउन उठ्दा अध्यक्षले तुरून्त बोलाउनुभयो ।

"छङ छाङ–फङ !"

"हजुर !"

"एकैछिन यहाँ आऊ !"

म गुफा भित्र फर्कें र 'टेबल'को अगाडि उभिएँ ।

"आज म तिमीलाई केही सजायँ दिन्छु ।" उहाँले भन्नुभयो । उहाँको आवाज सदाजस्तै नम्र भए पनि मलाई वातावरणमा केही तनाव भएको महसुस भयो । म आफ्नो कर्तव्य पालनमा असफल भएको कुरा अनुभव गरें । म ज्यादै दुःखी भएर उहाँलाई हेरिरहें ।

"तिमी यहाँ रातभरी मसँग बस ।" यो सुन्नासाथ मेरो अनुहारमा बेचैनी भाव छायो र म उहाँको अगाडि बसें ।

उहाँको 'टेबल' भरी टेलिग्राम एवम् दस्तावेजहरू फैलिएका थिए । टेलिफोनको घण्टी बजिरहेको थियो, उहाँ काममा ज्यादै व्यस्त हुनुहुन्थ्यो , यतिसम्म कि उहाँले एक मिनेट पनि आराम गर्नुभएको थिएन । मलाई ज्यादै दुःख लाग्यो र मेरो आँखाबाट आँसु बग्न थाल्यो । मैले मनमनै सोचें कि मैले

यो फल्याक केही पहिले ल्याएको भए शायद उहाँ यति व्यस्त हुनु पर्दैनथ्यो होला ।

मलाई धेरै निद्रा लाग्दथ्यो । उहाँले काम गरिरहेको बेला उहाँसँग बसेर मलाई निदाउने बानी परिसकेको थियो । उहाँले मलाई सजायँ दिने कुरा ख्याल ख्यालमै भनेको भए पनि, उहाँले सुत्ने नामै नलिएर दिलोज्यानले काम गरिरहेको देख्दा र कहिले–काहीं प्रसन्न दिलले मलाई हेरेर मुस्कुराएको देख्दा मलाई बेचैनी भयो । म उठें र उम्लेको पानी ल्याएर चिसो बनाउन भाँडाबाट निकालें । केही समयपछि अध्यक्ष उठ्नुभयो र मलाई भन्नुभयो– "तिमी मसँग बसेको यतिका वर्ष भइसक्यो तर पनि किन अझसम्म पहिले के काम गर्ने भन्ने कुरा बुझ्दैनौ ! अबदेखि जहिले पनि विश्राम गरेको समयमा सबैभन्दा पहिले काम गर्ने ठाउँको खोजी गर्नुपर्छ । खाना एवम् आराम गर्ने कुरा गौण हो । कुनै पनि अवस्थामा हाम्रो लागि काम सबैभन्दा महत्त्वपूर्ण कुरा हो भन्ने तिमीलाई थाहा हुनुपर्छ ।" उहाँ केही क्षण रोकिनुभयो र मेरो टाउकोमा हात राख्दै भन्नुभयो– "ठीक छ जाऊ, चाँडै गएर सुत । अब तिम्रो लागि जागा बस्न मुस्किल छ ।"

भर्खर अध्यक्षले भन्नुभएका कुराहरू सुनेपछि मलाई सुत्न जान मन लागेन । उहाँले फेरि सुत्न जान आग्रह गर्नभयो । मैले आफूलाई सम्हाल्न सकिन, मेरो आँखाबाट आँसु आयो । यो मेरो आलोचना भएकोले आएको थिएन बरू यो त दुःख एवम् खुसीको समिश्रण भएर आएको थियो । यो यस्तो भावनाको थियो ; जुन कुनै व्यक्तिले गल्ती गरेका बेला उसको आमाबुबाले चेतावनीको रूपमा गम्भीरतापूर्वक भन्नुहुन्छ– "प्यारो नानी ! यस्तो काम फेरि कहिल्यै नगर्नू, 'खेल्न जाऊ !' "

तीन दिन, तीन रातसम्म अर्थात् लगभग तीस हजार सैनिकले सुनौला बालुवा भएको नदी पार गर्दासम्म अध्यक्ष माओले आफ्नो 'टेबल' छाड्नुभएन ।

❖

# ई जातिका जनताद्वारा अध्यक्ष माओको स्वागत

नदी पार गर्नासाथ हामी दक्षिण पूर्वी शीखाङको म्यननिङमा पुग्यौं । त्यहाँ आदेश आयो कि हामी ई जातिको इलाकामा प्रवेश गरौं र तातु नदी पार गर्नको लागि तयार होऔं । प्रत्येक व्यक्तिलाई चौध दिनसम्मको लागि रासन, बाँसको एउटा लट्ठी र सात मिटर लामो डोरी साथमा लैजान आदेश दिइयो । बाटोमा मान्छेहरू अन्न एवम् लट्ठी लिएका र सबै किसिमका डोरी बनाइरहेका देखिन्थे ।

एक दिन हामी आफ्नो पाहुनासँग गफ गरिरहेका थियौं । ती बृद्ध पाहुना ज्यादै गफाडी थिए । यदि उनी एक पटक बोल्न सुरू गरे भने रोकिने नामै लिंदैनथे । एकै छिनमा उनले तिललाई पहाड बनाइदिन्थे । जब ई जतिको बारेमा कुराकानी सुरू भयो, उनी अचानक ज्यादै उत्तेजित भएर डरले चिच्याए : “लो लो जातिका मान्छेहरू ! अरे तिनीहरू त ज्यादै भयानक हुन्छन् ।”

“कति भयानक ?” हामीले उनीसँग सोध्यौं । उनले ज्यादै उत्तेजनापूर्वक भन्दै गए : “उनीहरू सबै जंगली र झै–झगडा मन पराउँछन् ! खासगरी हामी हान जातिका मान्छेहरूलाई घृणा गर्दछन् । जब उनीहरूले कुनै हान जातिको मान्छेलाई देख्दछन्, तब उनीहरूले अब खतरा भएको महसुस गर्दछन् र यदि जब तिनीहरुले खतरा भएको महसुस गर्दछन् र यदि उनीहरूले कहीं तिमीलाई समाते भने सम्झनु कि अब तिमी बाँच्न सक्दैनौ ।”

“यदि उनीहरू यति डरलाग्दा छन् भने हामी तिनीहरूबाट टाढै रहँदा राम्रो होला !” चङ श्येन–चीले भने ।

हाम्रा अतिथिले जवाफ दिए : “यदि तिमीहरू उनीहरूको इलाकाबाट टाढा रहन सक्दैनौ भने कसरी उनीहरूबाट टाढा रहन सक्छौ ? कहीं पनि एक पटकमात्र उनीहरूको इलाकामा पाइलो राख्यौ भने सम्झ कि जालमा

फँस्यौ । अचानक सबैजना हल्लाखल्ला गर्दै निस्कन्छन् र लुकी–लुकी तिमी माथि गोली चलाउँछन् । भनिन्छ उनीहरू एक नम्बरका निशानाबाज हुन्छन् ।"

"उनीहरूले हानलाई किन यति साह्रो घृणा गर्दछन् ?" हामीले सोध्यौं ।

बूढाले आँखिभौं उचालेर टाउको हल्लाउँदै भने, "मलाई थाहा छैन ।"

उसले भनेका कुराहरूलाई हामीले विश्वास नगरेको भए ता पनि हामी केही चिन्तित् भयौं, खासगरी लुकेर गोली चलाउने कुराले हामीलाई अचम्भित पार्‍यो किनभने हामीले प्रशिक्षणहरूमा अल्पसंख्यक जातिहरूको बारेमा छलफल गरेका थियौं । श्वेत सेनाले हान जातिका मान्छेहरूलाई भन्दा यिनीहरूलाई ज्यादा अत्याचार गरेका छन्, त्यसैले उनीहरूलाई हामी आफ्नै भाइ सम्भन्छौं । उनीहरूले हान जातिका मान्छेहरूलाई पीरेको कहिल्यै सुनेका थिएनौं । यसकारण मैले गएर अध्यक्ष माओसँग सोधें ।

"अध्यक्ष, ई जतिका मान्छेहरू ज्यादै भयानक हुन्छन् भन्छन्" मैले कुरा सुरू गरें ।

"तिमीलाई कसले भन्यो ?" उहाँले सोध्नुभयो । मैले ती सबै कुराहरू बताएँ जुन हाम्रो पाहुनाले हामीलाई भनेका थिए र उहाँसँग सोधें, "के यो साँचो हो ?"

अध्यक्ष माओ मुस्कुराउन लाग्नुभयो र उहाँले उल्टै मलाई एउटा प्रश्न सोध्नुभयो– "तिम्रो के विचार छ ?" यसको प्रत्युत्तरमा म मुस्कुराएँ मात्र ।

अध्यक्षले तब सम्भाउनुभयो ! "श्वेत सेनाले सछ्वानमा ई जातिलाई र क्वाङशीमा म्याओ जातिलाई क्रूरतापूर्वक दमन गरेको छ । यही कारणले गर्दा उनीहरू श्वेतहरूलाई घृणा गर्दछन् ।" उहाँले भन्नुभयो– "तर उनीहरूको हामी प्रतिको व्यवहार बिल्कुलै भिन्न छ । हामी उनीहरूलाई आफ्नै भाइ सम्भन्छौं । हामी तिनीहरूसँग एकता गर्दछौं र उनीहरूसँग मिलेर श्वेत सेनाको दमनको विरोध गर्दछौं । हाम्रा सेनापति चू तेह र ल्यू पो–छङ दुवै

जना सछ्वान प्रान्तका हुनुहुन्छ । उहाँहरूले ई जातिका मान्छेहरूलाई राम्रोसँग चिन्नुहुन्छ। लालसेना यहाँ आएको थाहा पाउँदा उनीहरू ज्यादै खुसी हुनेछन् । तब तिमीलाई के को डर ?"

"तर ती बूढा त यसरी बोलिरहेका थिए मानौ उनले भनेका सबै कुराहरू साँचा हुन् ।"

अध्यक्ष माओले सम्झाउनुभयो– "यी सबैलाई श्वेत सेनाले भ्रममा पार्दछन् । श्वेत सेनाले जानी–बुझी हान र ई जातिका बीच घृण उत्पन्न गराउँछन् । ती बुढा मान्छेले सम्भवतः आफ्नो आँखाले केही पनि देखेका छैनन्, त्यसैले स्वभावतः भ्रममा पार्न सजिलो हुन्छ ,"

अध्यक्ष माओले हामीलाई जुन कुरा बुझाउनुभयो त्यसले हामीलाई राहत मिल्यो। चाँडै नै चिफ अफ स्टाफ ल्यू पो–छङ ई जातिको नेता श्याओ ये–तानको धर्मभाइ बने ।

दुई दिनपछि हामी म्येननिङबाट प्रस्थान गरी सोही दिन मध्यान्नपछि ई जातिको क्षेत्रमा पुग्यौं। मे महिना थियो। त्यस समयमा मेरो आफ्नो प्रान्त च्याङशीमा पहेंलो धानले खेतहरू रङ्गिएका हुन्थे तर यहाँको जमिन बाँझो तथा उजाड थियो। यहाँ न धान खेत थियो न घरहरू नै थिए। अँ, जंगलहरू यताउता केही झुप्राहरू भने देखिन्थ्यो ।

एउटा पहाडी भागमा प्रवेश गरेको केही क्षणमै चित्र विचित्रका कपडा लगाएका पुरुषहरू एवम् स्त्रीहरूको एक हुल अचानक हाम्रो अगाडि आए। हामीतिर दौड्दै उनीहरूले चिच्याउन सुरू गरे। म र चङ श्येन–ची ज्यादै डरायौं। जब उनीहरू हाम्रो नजिकै आइपुगे, तब मलाई उनीहरू लड्न नभएर हामीलाई स्वागत गर्न आएको कुरा ज्ञान भयो। उक्त समूहबाट पाँच जना अग्ला महिलाहरू निस्किए, उनीहरू प्रत्येकको हातमा एक–एकवटा ठूला राता कुखुरा थिए । उनीहरू अध्यक्ष माओको नजिक आए र उहाँलाई चारैतिरबाट घेरे। उनीहरूले केही भने जुन हामीले बुझ्न सकेनौं तर अध्यक्ष माओले आफ्नो टाउको हल्लाउनुभयो र उनीहरूको नक्कल गर्दै हात टाउकोमा राखेर कृतज्ञता प्रकट गर्नुभयो । म, चङ श्येन–ची तथा अन्य साथीहरूले अध्यक्षको नक्कल गर्दै पटक पटक उनीहरूलाई धन्यवाद दियौं ।



उनीहरू अध्यक्ष माओको नजिक आए र उहाँलाई चारैतिरबाट घेरे ।          (पृष्ठ ४९)

तब अध्यक्ष माओ अगाडि बढ्नुभयो र महिलाहरू कुखुरा लिएर उहाँको पछिपछि हिंडे । यतिबेलासम्ममा भिरालो जमीनमा, भञ्ज्याङ्गमा एवम् पहाडको टाकुरामा चारैतिर ई जातिका मान्छेहरू देखिन थालिसकेका थिए । तिनीहरूमध्ये कतिले स्वागतार्थ हात उठाएका थिए भने कतिले खुसीयालीमा गीत गाउन सुरू गरे । त्यो मर्मस्पर्शी एवम् विचित्र दृश्य देखेर हाम्रो आँखा आँसुले भरियो ।

अध्यक्ष माओ हामीतर्फ फर्कनुभयो, "देख्यौ ? लडाईंका सारा कुराहरू कहाँ गए ! यिनीहरू हामीलाई स्वागत गर्न आएका हुन् । सोच त किन ?" यति भनेर अध्यक्ष अगाडि बढ्नुभयो । हामी हिंड्दै यस बारेमा कुरा गर्‍यौं ।

केही क्षणपछि चङ श्येन–चीले सोध्यो, "अध्यक्ष, उनीहरू हाम्रा भाइ भए पनि उनीहरूले जे कुरा भन्छन् त्यो हामी बुझ्न सक्दैनौं । यस्तो लाग्दछ मानौं हामी विदेशमा छौं ।"

"यो आश्चर्य मान्नुपर्ने कुरा होइन ।" अध्यक्ष माओले भन्नुभयो– "तिमीलाई थाहा छ, हाम्रो देश कति ठूलो छ ? तिमी च्याङशीवासी हौ भने म हुनानको । तिमीले मेरो बोली बुझ्न सक्दैनौ भने ई जातिले बोलेको कसरी बुझ्न सक्छौ ?"

यो सुनेर हामी सबै हाँस्यौं । जब ई जातिका मान्छेहरूले हामी हाँसेको देखे तब उनीहरू पनि हाँसे । उनीहरू यति निष्कपटपूर्वक हाँसे कि कसले तिनीहरू निर्दयी हुन्छन् भनेर भन्न सक्ने ? खुसी तथा मैत्रीपूर्ण यस वातावरणमा हामीले 'रहस्यपूर्ण ई जाति'को क्षेत्र पार गर्‍यौं ।

❖

# आनशुनछाङदेखि लुतिङ पुलसम्म

ई जातिको पहाडी बस्तीबाट हिंडेपछि हामी अध्यक्ष माओसँगै दुई सय लीको दुरी पारगरी तातू नदी किनारको आनशुनछाङ पुग्यौं । त्यहाँबाट हामी नदीको तीर तीरै उत्तरतिर बढ्यौं । मोशिम्येन नामक सानो बजार हुँदै हामी लुतिङ पुल जानुपर्ने कुरा बताइयो र सो पुलबाट नदी पार गऱ्यौं ।

यो एउटा पहाडी इलाका थियो, एक मार्गहीन निर्जन क्षेत्र जहाँ अग्ला अग्ला घाँस र झाडीबाहेक अरू केही थिएन । अध्यक्ष माओसँग एउटा घोडा भए पनि (जसलाई उहाँले खाल्टाखुल्टी भएको बाटोमा पनि ज्यादै कम प्रयोग गर्नुहुन्थ्यो र अक्सर गरी घायल तथा कमजोर साथीहरूलाई चढ्न दिनुहुन्थ्यो), त्यो बेकार साबित भयो र अध्यक्ष हामीसँगै पैदल हिंडिरहनुभयो ।

हामी जति उचाइमा पुग्दथ्यौं, त्यति नै माथि चढ्न अप्ठेरो महसुस भइरहेको थियो र झाडी पनि त्यति नै बाक्लो हुँदै थियो । हामी कहिलेकाहीं रोकिनुपर्दथ्यो, ता कि इन्जिनियरहरूको समूहले अगाडि बढ्ने बाटो बनाउन सकुन् ।

चाहे बाटो होस् वा नहोस्, अध्यक्ष माओ ज्यादै फूर्तिसाथ अगाडि बढिरनुभएको थियो । लामो समयदेखि हिंडिरहेको, लड्दै र कठोर काम गर्दै आएको भए पनि उहाँको अनुहारमा अलिकति पनि थकानको चिन्ह देखिंदैनथ्यो । उहाँले हामीसँग कुरा गरिराख्नुभएको थियो, हामीलाई कथाहरू सुनाउनुहुन्थ्यो ।

अध्यक्ष माओलाई यस्तो अवस्थामा देखेर हाम्रो हौसला बुलन्द भयो । हाम्रो थकान छुमन्तर भयो ।

साँझपख हामी एउटा पहाडको टाकुरामा पुग्यौं । आनशुनछाङ धेरै पछाडि छुटिसकेको थियो । हामीसँग यात्रा गर्ने युनिट आराम गर्न रोकिएको थियो । मैले चङ श्येक–ची र अरू साथीहरूसँग सल्लाह गरेपछि अध्यक्ष नजिक गएर सोधें, “के हामी पनि यहीं आराम गर्छौं ?”

अध्यक्ष रोकिनुभयो र मतर्फ हेरेर बोल्नुभयो– “थाक्यौ कि के हो ?”

“होइन, त्यो कुरा होइन तर तिनीहरूले त खाना पकाउन पनि सुरू गरेका छन् ।”

“ओहो !” अध्यक्षले हाँस्दै भन्नुभयो– “बाँकी मान्छेलाई पनि भन कि हामी पनि यहीं आराम गर्दछौं र खाना खान्छौं ।”

जब उनीहरूले अध्यक्ष अडिनुभएको देखे तब अंगरक्षक, भारी बोक्ने साथीहरू एवम् सइस सबैजना उहाँको वरिपरि जम्मा भए । पानीको एउटा मूल नजिकै बसेर सबैले सुख्खा खानेकुराले पेट भऱ्यौं । अध्यक्ष माओले पनि हामीसँगै खाना खानुभयो ।

“खाना खाइसकेपछि पानी पिउन पाए राम्रो हुन्थ्यो”, एक युवा साथीले चर्को स्वरमा भने । जब उनले पानीको नाम लिए तब हाम्रो तिर्खा पनि बढी भयो । सबै जना पानी पिउन चाहन्थ्यौं ।

अध्यक्ष माओले मुस्कुराउँदै हामीतर्फ हेर्नुभयो । “यहा पानी नै पानी छ ” पानीको मूलतर्फ इशारा गर्दै उहाँले यति भन्नुभयो र अञ्जुलीले पानी पिउँदै अगाडि भन्नुभयो– “वाह, कति चीसो एवम् मीठो पानी !” हामी सबैले निहुरिएर पेटभरी पानी पियौं ।

अचानक कसैले घुरेको आवाज सुनियो । उ कमरेड ह्वाङ हो भन्ने कुरा पत्ता लगाउनु आवश्यक थिएन । उ यति चाँडै निदाएको देखेर हामीलाई हाँसो लाग्यो । ऊ च्ये–छिङले हाँसो खप्न नसकेर अञ्जुली भरी पानी उठाएर बिस्तारै ह्वाङ भएतिर गयो ।

“ऊ थाकेको छ, उसलाई केहीक्षण आराम गर्न देऊ ।”

अध्यक्षको आवाज सुनेर हामी उहाँतर्फ फर्कियौं । उहाँले निहुरिएर ह्वाङको शरीर उठाएर आफ्नो बर्दीको सिरानी राखिदिनुभयो । ह्वाङ थोरै चलमलायो, निद्रामै अलि अलि मुस्कुराएर फेरि गहिरो निद्रामा डुब्यो ।

हामी भावविभोर भएर हेरेको हेऱ्यै भयौं । अध्यक्ष हामी तर्फ फर्केर मुस्कुराउनुभयो, “तिमीहरू पनि केही क्षण आराम गर । भोली हामीले धेरै लामो दुरी पार गर्नुपर्नेछ ।”

एक शब्द पनि नबोली हामी त्यहीं सुत्यौं । म एक समतल चट्टानमा गएर पल्टिएँ ।

गर्मी यामको साँझमा हल्का चीसो हुन्छ। म ज्यादै थाकेको भएपनि सुत्न सकिन । ह्वाङ अध्यक्षको बर्दीको सिरानीमा गहिरो निद्रामा थियो । अध्यक्ष कुनै गहन विचारमा डुबेर पहाडको टाकुरामा यताउ उता गरिरहनु भएको थियो । धेरै तल बगिरहेको तातू नदीको भीषण आवाज स्पष्ट सुनिइरहेको थियो । अस्ताउन लागिरहेको सूर्यको अन्तिम किरणले सारा आकाश रातो देखिएको थियो र अध्यक्ष माओको खैरो पोशाक पनि सुन्तला रङ्गको देखिएको थियो ।

त्यस रात अध्यक्ष पनि पहाडमा हामीसँगै सुत्नुभयो ।

भोलिपल्ट बिहानै हामी त्यहाँबाट हिंड्यौं । हामी मोशीम्येनको नजिकै एउटा ठूलो नदीको तीरमा पुग्यौं । यसलाई हिंडेर तर्नु असम्भव थियो । यसमा बनेको पुल केवल दुई मिटर फराकिलो थियो ।

जब हामी त्यहाँ पुग्यौं, तब सेनाले पहिलेदेखि नै पुल तर्न सुरू गरिसकेका थिए । सबै ठाउँ मान्छेहरूले खचाखच भरिएका थिए । अध्यक्षलाई देख्ने बित्तिकै सबैले उहाँलाई बाटो छाडिदिए ।

अध्यक्षले केही भन्नु अगावै सइसले घोडा धपाउन सुरू गऱ्यो । पुलको छेउमा पाइला राख्नेबित्तिकै घोडा तर्सेर बेसरी हिनहिनायो । मान्छेहरूबीच खलबली मच्चियो ।

अध्यक्ष तत्काल पुलमा पुग्नुभयो । "अहिले यसलाई नलैजाऊ," उहाँले सइसलाई भन्नुभयो । "पहिले साथीहरूलाई पुल तर्न देऊ ।"

"घोडामा तपाईंका कपडा एवम् अन्य समानहरू छन्" सइसले चर्को स्वरमा बोल्यो ।

हामीलाई थाहा थियो कि घोडा पारि नपुगे अध्यक्षले ओछ्यानविना नै रात काट्नुपर्नेछ । त्यसैले हामीले सइसको कुरालाई समर्थन गर्दै भन्यौं, "अध्यक्ष माओ, त्यसलाई बिस्तारै अगाडि लैजान दिनुहोस् ।"

"यदि त्यो पारि नपुगे ज्यादै अप्ठेरो पर्नेछ ।"

अध्यक्षले ज्यादै स्नेहपूर्वक हेर्नुभयो । "छन छाड–फड, घोडा फर्काउन सइसलाई मद्दत गर ।" उहाँले भन्नुभयो– "पहिले सैनिकहरूलाई पुल तर्न देऊ ।"

सिपाहीहरू घोडालाई अगाडि धकेल्न सइसलाई मद्दत गरिरहेका थिए । म पुलमै गएर घोडालाई फर्काउनु पर्‍यो ।

जब हामीले त्यसलाई किनारामा ल्यायौं, तब अध्यक्षले सिपाहीहरूलाई चाँडो चाँडो पुल पार गर्न भन्नुभयो । जब आखिरी सिपाही पनि पुल पारि पुग्यो तब हामी अध्यक्षको पछि पछि पुल तर्‍यौं ।

त्यस रात हामी मोशीम्येन पुग्यौं । अध्यक्षले हामीलाई भन्नुभयो– “याद राख, हामीले जुनसुकै ठाउँमा र जहिले पनि आफ्ना सैनिकहरूको ख्याल राख्नुपर्छ । अरूको ध्यान राख्नुपर्छ । यदि हामीले केवल एउटा घोडाको लागि ती तमाम साथीहरूलाई अगाडि बढ्नबाट रोक्यौं भने कति नराम्रो हुन्थ्यो कि हुन्थेन ?”

त्यहाँबाट हामी अध्यक्षसँग लूतिङ गयौं । यहाँ आनशुनछाङमा भन्दा नदी साँघुरो थियो । तर पानीको बेग ज्यादै बढी थियो र नदीको दुवैतिर अग्ला चट्टानहरू थिए ।

यहाँ तेह्रवटा ठूला ठूला फलामका जञ्जीरहरूले पुल बनाइएको थियो । जुन दुवैतिरका चट्टानहरूमा गाडिएका फलामका किलाहरूमा बाँधिएका थिए । पुलको दुवैतर्फ जञ्जीरको नै बार बनाइएको थियो ।

लुतिङमा हामीले कमरेड ल्यू या–लओ र अन्य नेताहरूलाई भेट्यौं । उनीहरूले अध्यक्षलाई एउटा ठूलो गिर्जाघर अगाडि लगे ; जहाँबाट उनीहरूले वरिपरिका स्थानहरूको निरीक्षण गरे । त्यसपछि हामी अध्यक्षसँगै पुलमा गयौं ।

पहिले त्यहाँ फलामको लट्ठामा फल्याक ओछ्याइएको थियो तर हाम्रो अगाडिको युनिटले कब्जा जमाउनु अगाडि नै दुश्मनले त्यहाँ आगो लगाइदिएका थिए । म अगाडि बढेर उक्त लट्ठालाई हेरें ; जुन कचौराको व्यास जति मोटो थियो र डढेको फल्याकलाई हेरें । तल उर्लिरहेको नदीलाई हेर्दा मलाई चक्कर लाग्यो ।

अध्यक्षले देख्नुभयो । मलाई इशारा गर्दै उहाँले सोध्नुभयो– “डर लाग्छ कि के हो ?”

“लाग्दैन ।”

उहाँ पुल तर्न अगाडि बढ्नुभयो । हामी सबै उहाँको पछि थियौं । मैले उहाँलाई ज्यादै स्नेहपूर्वक हेरें । उहाँ ज्यादै हल्कासँग र स्वाभाविक किसिमले

अगाडि बढिरहनु भएको थियो । उहाँले टाउको उठाएर अगाडिको चट्टानलाई हेर्नुभयो ; जुन नदीको दुवैतिर आकाशसँग कुरा गरिरहेका थिए । जल प्रवाहको भीषण गर्जन उहाँको विचार श्रृंखला भङ्ग गर्न असमर्थ थियो । धेरै जनाले एकैचोटि पुल पार गरिरहेका थिए । त्यसकारण जब अध्यक्ष पुलको बीचतिर पुग्नुभयो तब पुल हल्लिन थाल्यो । म जञ्जीरको बार समातेर त्यहीं रोकिएँ । अध्यक्ष मतर्फ फर्केर केही भन्नुभयो तर मैले सुन्न सकिन । नदीको भीषण गर्जनमा बाँकी सबै स्वरहरू हराए । यो स्पष्ट थियो कि उहाँले मलाई कुनै अप्ठेरो परे नपरेको सोधिरहनु भएको थियो । मैले टाउको हल्लाइदिएँ तर उहाँले अडिएर मेरो हात समात्नुभयो । तब हामी दुवै जना सँगसँगै अगाडि बढ्यौं । मैले एक क्षणसम्म तल हेरें । उर्लिरहेको छालले धारिलो छुराले जस्तै पुललाई हिर्काइरहेको थियो । मेरो टाउको घुमायो । मैले आँखा उठाएर पुलका साथीहरूतर्फ हेरें । कोही बिस्तारै बिस्तारै अगाडि बढिरहेका थिए । बाँकी एक आपसमा हात समातेर ख्याल ठट्टा गर्दै र कुरा गर्दै लाइनमा अगाडि बढिरहेका थिए ।

अध्यक्षले अझ पनि मलाई हातले सहारा दिइरहनु भएको थियो र पछि आउने साथीहरूलाई हेरिरहनु भएको थियो । उहाँ कहिलेकाहीं रोकिएर हात हल्लाएर वा केही शब्द भनेर उनीहरूलाई प्रोत्साहन दिनुहुन्थ्यो । अन्तमा हामीले पुल तरेर नै छाड्यौं ।

“अध्यक्ष माओ,” नदी पारि पुगेपछि मैले भनें, “फौजी दस्ताले मात्र यस्तो पुललाई अनन्त कालसम्म आफ्नो हातमा राख्न सक्छ । तर दुश्मन......।”

अध्यक्ष हाँस्नुभयो । “दुश्मन आखिर दुश्मन नै हो । हामीले त्यसको तुलना एक यस्तो फौजसँग गर्न सक्दैनौं ; जसको नेतृत्व कम्युनिष्ट पार्टीले गर्दछ । ठीक हो कि होइन ?”

“ठीक हो !” हामी सबैले एकै स्वरमा उत्तर दियौं ।

❖

# श्वेइचिती जाने बाटोमा

तातू नदी पार गरेपछि हामी केही दिनसम्म ह्वालिङफिङमा बस्यौं । तब हामीले श्वेइचितीतिर प्रस्थान गर्‍यौं । मान्छेहरूले भने कि हामी एक दिनको यात्रापछि त्यहाँ पुग्नेछौं ।

हामीले एकाबिहानै यात्रा सुरू गर्‍यौं । अध्यक्ष ब्यस्त हुनुहुन्थ्यो । त्यसैले उहाँ केन्द्रीय कमिटीको संगठनसँग नगई पछि हिंडेका मेडिकल युनिटसँग जानुभयो । गार्ड दस्ताको नेता कमरेड हु छाङ–पाओ र म अध्यक्षसँगै गयौं ।

हामी एउटा पहाडको फेदिमा पुग्यौं ; जसको टाकुरामा पुग्न छ ली पार गर्नुपर्ने थियो । अचानक दुश्मनका तीनवटा हवाई जहाज गोता लगाएर हामीतर्फ आउन थाले । हामी छिन्नभिन्न भयौं तर पनि अगाडि बढिरह्यौं । कमरेड हु अध्यक्षको अघि अघि हिंडिरहेका थिए भने म उहाँको पछि पछि थिएँ । अध्यक्ष बाटोमा एकाग्र भएर हिंडिरहनु भएको थियो । यस्तो लाग्दथ्यो कि उहाँ कुनै उल्झन सुल्झाउँदै हुनुहुन्थ्यो । कहिलेकाहीं मात्रै टाउको उठाएर हवाई जहाजलाई हेर्नुहुन्थ्यो तर हामी दुई जना ज्यादै चिन्तित हुन्थ्यौं ।

दुश्मनका जहाजहरू आकाशमा घुमिरहेका थिए । ती जहाजहरू हामी आइरहेको दिशातर्फ बढे । हामीले खतराबाट केही राहत के पाएका थियौं हाम्रो पछाडिबाट बिष्फोटनको जोडदार आवाज आयो । यो बम पड्केको आवाज हो भन्ने कुरा मैले तत्कालै बुझें ।

"अध्यक्ष माओ," मैले चिच्याएँ र चाँडो चाँडो उहाँतर्फ दौडिएँ । म अलिकति पनि अगाडि नबढ्दै मेरो अगाडि एवम् दायाँ वायाँ बम पड्कियो । म जमीनमा सुतें । अध्यक्ष धुवाँको बादलमा घेरिनुभयो । म घस्रँदै उठें र अध्यक्षतिर हेर्न थालें । उहाँ हू छाङ–पाओसँगै बस्नुभएको थियो । उनी घाइते भएका थिए तर अध्यक्षलाई चोट लागेको थिएन । मेरो शरीरमा सास आयो । आफ्नो अनुहारको धुलो र पसिना पुछ्दै दौडेर म अध्यक्ष भएको ठाउँमा पुगें ।

उहाँले हूको टाउको दबाइरहनु भएको थियो । हूले दुवैहातले पेट मिचिरहेका थिए । उनको निधारमा पसिनाको ठूल्ठूला थोपा देखिएका थिए तर उनको मुखबाट 'उफ' सम्म पनि निस्केको थिएन ।

म अकमक्क परें । मेडिकल अर्दली दौडदै त्यहाँ आइपुगे ।

"चाँडो गर ।" अध्यक्षले उनीसँग अनुरोध गर्नुभयो, "चाँडो यिनको मल्हमपट्टी गरिदेऊ ।"

हूले हात हल्लाएर अस्वीकार गरे । "अध्यक्ष माओ, मेरो जीवन लीला समाप्त हुन लागिरहेको छ । औषधिहरूलाई जोगाएर राख्नुहोस् । पछि काम लाग्छ । बाँकी मान्छेहरू अगाडि बढ्नुछ ।" हूको अनुहार पहेंलो हुँदैगयो ।

"घाउ धेरै गहिरो छैन । तिमी निको हुन्छौ ।" अध्यक्षले ढाडस दिनुभयो । हूलाई मल्हमपट्टी गर्न उहाँले मेडिकल अर्दलीलाई सहयोग गर्नुभयो । त्यसपछि उहाँले बच्चालाई जस्तै गरी हूलाई काखमा राख्नुभयो र प्रेमपूर्वक भन्नुभयो– "तिमी ठीक हुन्छौ । अरू केही समय दुखाई खप । हामी तिमीलाई श्वेइचितीसम्म लैजान्छौं । त्यहाँ कुनै डक्टरले औषधि गरेपछि तिमी चाँडै नै सञ्चो भएर हामी माझ फर्केर आउनेछौ ।"

हूले अस्पष्ट दृष्टिले अध्यक्षलाई मायापूर्वक हेरे तर जब उनले यो थाहा पाए कि हामीले उनलाई बोकेर लाँदै छौं, उनी ज्यादै दुःखित भए । काँपेको स्वरमा उनले भने, "अध्यक्ष माओ, यसले कुनै फाइदा हुँदैन मेरो पेटमा रगतै रगत भरिएको छ । मलाई मर्नु परेकोमा अफसोच लागेको छैन । अफसोच त यस कुराको छ कि म तपाईंहरूसँगै उत्तरी शेनशीसम्म जान सक्दिन र त्यहाँको आधारक्षेत्र देख्न पाउँदिन ।" उनको आँखाबाट दुईथोपा टल्कने आँसु खस्यो । एक क्षणसम्म उनको सास दब्यो मानौं उनको घाँटीमा केही चीज अड्केको छ । उनी फेरि बलपूर्वक बोल, "मेरा आमा–बा चीआनमा बस्नुहुन्छ । सम्भव भएमा उहाँहरूलाई मेरो मृत्युको खबर दिनुहोला ।"

अध्यक्ष बिल्कुल चुप रहनुभयो । उहाँले हूलाई च्याप्प समात्नुभयो ।

"तपाईं ठीक हुनुहुन्छ," मेडिकल अर्दली र मैले हूको हौसला बढाउँदै भन्यौं । "तपाईं पनि हामीसँगै उत्तरी शेनशी जरूर जानुहुनेछ ।"

हूले टाउको हल्लाए । “कमरेड छन्,” उनले मधुरो स्वरमा मसँग भने, ”अब म अध्यक्षको रक्षा गर्न असमर्थ छु । तिमीले उहाँको र केन्द्रीय कमिटीको अरू नेताहरूको राम्रोसँग रक्षा गर्नू ।”

हूको आवाज यति मधुरो थियो कि मैले मुस्किलले सुन्न सकें । अन्तमा धेरै कोशिसपछि उनले आफ्नो शिर उठाएर अध्यक्ष र हामीलाई एकोहोरो हेर्न थाले । कामिरहेको ओंठले यो शब्द उच्चारण गरे : “क्रान्ति .... जिन्दा...वाद !” र उनले सधैंको लागि आँखा बन्द गरे ।

मेडिकल अर्दली र मैले उनलाई ठूलो–ठूलो स्वरले बोलायौं तर उनको प्राण–पखेरू उडिसकेको थियो । हाम्रो आँखामा आशुको भेल उर्लिएर आयो ।

अध्यक्षले बिस्तारै हूको गर्दनबाट हात हटाउनुभयो र टाउको बिस्तारै जमीनमा राखिदिनुभयो । उहाँ उठ्नुभयो । मधुरो आवाजमा उहाँले मलाई भन्नुभयो– “पछ्यौरा” ।

मेरो साथमा भएको पछ्यौरा मैले उहाँलाई दिएँ । उहाँले त्यसलाई साबधानीपूर्वक फुकाउनुभयो र कमरेड हूलाई छोपिदिनुभयो ।

त्यस दिन हावाको हलुका झोक्का पनि आएन । पहाडमा उम्रिएका रुख–बिरूवाहरू स्तब्ध भएर उभिएका थिए । मानौं यस स्वर्गीय रणवीरलाई श्रद्धाञ्जली अर्पण गरिरहेका छन् ! हामीले आफ्नो आँशु पुछ्यौं र उनलाई त्यहीं गाडेर अध्यक्षसँगै अगाडि बढ्यौं ।

❖

# हिउँले ढाकिएको पहाड र दलदले मैदान

जून १९३५ मा तातू नदी पार गरेपछि हामी च्याचिन पहाडको फेदिमा पुग्यौं । यस पहाडको गगनचुम्बी चुचुराहरू हिउँले ढाकिएका थिए । जून महिनाको प्रचण्ड सूर्य अस्ताइसकेको थिएन तर त्यसको उष्णता यो हिम समूहको कारण चिसो जस्तो लागिरहेको थियो ।

हामी यो पहाडको फेदीमा एकदिन अडियौं । पहाड चढ्ने बेलामा लगलग कमाउने जाडोबाट आफ्नो रक्षा गर्न अध्यक्ष माओले हामीलाई खुर्सानी र अदुवा जम्मा गर्ने सल्लाह दिनुभयो । भोलिपल्ट बिहानै हामी पहाड चढ्न सुरू गर्‍यौं ।

च्याचिन पहाडको चुचुरोले सूर्यको प्रकाशमा कुनै चमकदार तरवारले आकाशलाई छेडिरहेको जस्तो देखिन्थ्यो । ती सारा चुचुराहरू यसरी चम्किइरहेका थिए कि मानौं त्यहाँ हजारौं सिसाहरू सजाइएको थियो । त्यसको चमकले हाम्रो आँखा तिर्मिराउँथ्यो । पहाडको चुचुरोमा बरफका टुक्राहरू खसिरहेका थिए । त्यो एउटा आलौकिक दृष्य थियो । यस्तो लाग्दथ्यो कि मानौं हामी अप्सराहरूको देशमा पुगेका छौं ।

सुरूसुरूमा त हिउँ ज्यादा बाक्लो थिएन, त्यसैले हामी त्यसमाथि सजिलै हिंड्न सक्यौं । तर करिव बीस मिनेट पछि हिउँ ज्यादै बढ्दै गयो । यदि एक पाइलो पनि असाबधानीपूर्वक उचालेमा सिधै खोंचमा खस्दथ्यौं र त्यहाँबाट निस्कन घण्टौं लाग्दथ्यो । यदि हिउँ कम भएको ठाउँबाट हिंडेमा त्यहाँ चिप्लन्थ्यो, एक कदम अगाडि बढे तीन कदम पछाडि पुगिन्थ्यो । अध्यक्ष माओ हाम्रो अघि अघि हिंडिरहनु भएको थियो, उहाँको ढाड कुप्रो भएको थियो, उहाँलाई हिंड्न गाह्रो भइरहेको थियो । कहिलेकाहीं उहाँ कैयौं पाइला पछाडि चिप्लनुहुन्थ्यो । तब हामीले उहाँलाई हात दिएर सहायता गर्दथ्यौं, तर हामीलाई पनि आफ्ना पैतला दह्रोसँग टेक्न गाह्रो भइरहेको थियो । यस्तो अवस्थामा उहाँले हामीलाई बलियोसँग समातेर माथि तान्नुहुन्थ्यो । उहाँले

कपास तगेको एउटा पनि कपडा लगाउनुभएको थिएन । केही क्षण हिंडेपछि हिउँले उहाँको खाकी पाइन्ट पुरै भिज्यो र कपडाको कालो जुत्तामा हिउँ टल्कन थाल्यो । उहाँ ज्यादै थाक्नुभएको थियो ।

यस उकालोले हामी सबैको दम बढिरहेको थियो । म घस्रँदै अध्यक्ष नजिक गएँ र भनें "अध्यक्ष ! यो पहाड चढ्न ज्यादै कठिन छ, आउनुहोस हामीले तपाईलाई सहयोग गर्दछौं !" म मुस्किलले उहाँनिर उभिन सकें । तर उहाँ नरोकिइकन अगाडि बढ्दै भन्नुभयो– "हुँदैन, तिमीहरू पनि त्यत्तिकै थाकेका छौ जति म थाकेको छु ।"

हामी पहाडको बीचमा पुग्दा अचानक आँधी–हुरी चल्न थाल्यो । पहाडको चुचुरालाई कालो बाक्लो बादलले छोप्न लाग्यो । हावाको झोक्काले हिउँका टुक्राहरू उड्न थाले र तिनीहरू निर्दयतापूर्वक हामी वरिपरि घुम्न थाले ।

"अध्यक्ष, हिउँ पर्नेवाला छ ।" म चाँडचाँडो केही कदम अगाडि बढेर उहाँको कपडा समात्दै भनें ।

उहाँले हावाको सामना गर्दै शीर उठाएर हेर्नुभयो । "हो, चाँडै नै हिउँ पर्नेवाला छ । हामी तयार हुनुपर्छ ।" उहाँका कुरा जसै समाप्त भए, अण्डा जत्रा असिनाका डल्लाहरू हामीमाथि बज्रन थाले । हिउँ र असिनाको यस तुफानी समुन्द्रमा हाम्रा छाताहरू बेकम्मा भएका थिए । हामीले तत्काल मोमजामा (मैन लगाएको कपडा)लाई छाताको रूपमा प्रयोग गर्‍यौं र अध्यक्ष माओलाई बीचमा पारेर उभियौं । हाम्रो चारैतिर बतास यसरी चलिरहेको थियो मानौ आकाश–पाताल एक हुँदैछ । हामीले मान्छेहरूका आतंकपूर्ण कोलाहल, घोडाहरूको हिनहिनाहट र अकस्मात् बिजुलीको भीषण कड्कडाहट सुन्थ्यौं । त्यसैबेला माथिबाट एउटा गर्जन सुनियो ।

"साथीहरू ! डटिरहनुस् ! हिम्मत नहार्नुस् ! डटी रहनुमा नै विजय छ !" मैले टाउको उठाएर माथि हेरें । पहाडको टाकुरामा रातो झण्डा फहराइरहेको थियो ।

"त्यहाँ को कराउँदै छ ?" मैले अध्यक्ष माओसँग सोधें ।

"प्रचार टोलीको कामरेडहरू" अध्यक्ष माओले उत्तर दिनुभयो । "हामीले तिनीहरूको यो दृढ भावनाबाट सकारात्मक कुराहरू सिक्नुपर्छ ।"

हिउँ–हुरी जसरी अचानक आएको थियो, त्यसरी नै अचानक शान्त पनि भयो। धपक्क बलेको रातो सूर्य फेरि उदायो। अध्यक्ष माओ मोमजामाबाट बाहिर निस्कनुभयो र हिउँले ढाकिएको पहाडबीच उभिनुभयो । हिउँ अझ पनि उहाँको वरिपरि छरपस्ट भएको थियो । उहाँ जस्ताको तस्तै उभिइरहनुभयो ।

"किन, यो भिडन्त कस्तो लाग्यो ?" उहाँले सोध्नुभयो । "के कोही घाइते त भएनन् ?"

"कोही पनि घाइते भएको खबर आएको छैन। केवल लाओ य्वी आफ्नो घोडामा आएर भने कि एउटा असिनाले लागेर उनको हात सुन्निएको छ।"

अध्यक्ष माओले मेडिकल अर्दली चुङ फु–छाङलाई तत्काल लाओ य्वीको हातमा मलम लगाउन भन्नुभयो। तर लाओ य्वी मुस्कुराउन लागे। उनले मलम लगाउन अस्वीकार गरेर घोडा चढी अगाडि बढे। म चङ श्येन–चीसँगै हिंडिरहेको थिएँ । मैले उनलाई व्यंग्य गर्दै भने, "हालखबर के छ साथी ?"

उसले अध्यक्षतर्फ इशारा गर्दै भन्यो, "यदि उहाँले यो सब सहन सक्नुहुन्छ भने हामी पनि त सहन सक्दछौं ।" तब उनले हिउँमा भित्रसम्म गडेको आफ्नो खुट्टा हेर्दै ठट्टा गर्दै भने, "यो तमासा त हेर्नुस् ! मेरो खुट्टा नै जमेको छ ।" यो कुरा साँचो थियो। चिसोले कठ्याङ्ग्रिएको हुनाले खुट्टा नै नभए जस्तो लाग्दथ्यो ।

जतिजति हामी माथि चढ्दै गयौं, माथि चढ्न अझ बढी कठिन हुँदै गयो । जब हामी पहाडको फेदिमा थियौं, त्यसबेला स्थानीय मान्छेहरूले हामीलाई भनेका थिए– "जब तिमीहरू पहाडको टाकुरामा पुग्नेछौ तब न त कुरा गर्नु न त हाँस्नु, नत्र भने पहाडका देवताले तिमीहरूको घाँटी थिचेर मार्नेछन् ।"

हामी अन्धविश्वासी थिएनौं, तर उनीहरूले जुन कुरा भनेका थिए त्यसमा केही त अवश्य नै सत्य थियो। अब मलाई सास फेर्न पनि मुस्किल भइरहेको थियो। यस्तो लाग्दथ्यो मानौं मेरो टाउको जाँतोको दुई पलेटाबीच पिसिइरहेको छ। मेरो मुटुको चाल तीब्र भइरहेको थियो र मलाई हाँस्न त परै जाओस् बोल्न पनि मुस्किल भएको थियो। यस्तो लाग्दथ्यो कि मैले मुख खोलें भने अचानक मेरो कलेजो उछिट्टिएर मुखमा आउँछ । मैले अध्यक्ष

माओलाई हेरें । उहाँ हावा र हिउँसँग मुकाविला गर्दै दृढतापूर्वक पाइला चलाउँदै अघि बढिरहनु भएको थियो । प्रचार दलका साथीले पहाडको चुचुरोबाट फेरि चिच्याए– "साथीहरू, पाइला अगाडि बढाउनुहोस् ! अघि हेर्नुहोस् ! हिंडि रहनुहोस् ।"

अन्त्यमा हामी हिउँले ढाकिएको पहाडको चुचुरोमा पुग्यौं । चारैतिर हिउँको सेतो पछ्यौरा बिछ्याइएको थियो । मान्छेहरू तीन–तीन / चार–चार जनाको समूहमा बसेका थिए । केही मान्छेहरू यति थाकेका थिए कि उनीहरू आराम गर्न त्यहीं पल्टिए । जब उनीहरूले अध्यक्ष माओलाई देखे, तब धेरै साथीहरूले उहाँलाई बोलाउँदै आए, "अध्यक्ष, आउनुहोस् केही बेर आराम गर्नुहोस् ।"

जब अध्यक्षले यो सब देख्नुभयो, तब उहाँ तत्काल उनीहरू नजिक जानुभयो र ज्यादै नम्रतापूर्वक बोल्नुभयो– "साथीहरू, हामी यहाँ आराम गर्न सक्दैनौं । यहाँ हावा ज्यादै कम छ । अलिकति बढी मिहेनेत गऱ्यौं भने हामीले तल झर्नासाथ चौथो मोर्चा सेनालाई भेट्टाउनेछौं ।"

यो सुन्नासाथ हामी जोसियौं र अव्यवस्थित रूपमा भिरालोबाट तल झर्न थाल्यौं । शिखरमा पुग्दाको सफलताले हो वा अरू कुनै कारणले हो अचानक मलाई चक्कर लाग्यो । यस्तो लाग्यो कि मेरो पैतला तलको अग्लो पहाड काँपिरहेको छ । मेरो आफ्नै शरीर मेरो नियन्त्रणमा रहेन र म बेस्करी काँप्न थालें । म लड्खडाउँदै अध्यक्ष माओको अगाडि पुगें र बोलें, "अध्यक्ष, म......" वाक्य पूरा नहुँदै म बेहोस भएर ढलें । तर म पूर्णरूपमा बेहोस् भएको थिइन । मलाई अध्यक्ष माओले दुई हातले सहारा दिएर बोलाउनु भएको कुरा मलाई अझसम्म पनि संझना छ । मलाई लाग्यो कि म हावामा तैरिरहेको छु । मलाई सास फेर्न यति गाह्रो भइरहेको थियो कि मेरो आवाजसम्म निस्केको थिएन । एकैक्षण पछि, अचानक हावाको झोक्काले उठाएर ल्याएको हिउँको एक टुक्राले मेरो अनुहारमा लाग्यो जसले मेरो चेतनाशक्ति फर्कियो र मैले आँखा खोलें । चङ श्येन–ची आदि साथीहरूले मलाई घेरेर सोधे कि मामला के हो ? अध्यक्ष माओले पनि मलाई सोध्नुभयो– "अवस्था कस्तो छ ? अब त स्वास्थ्य ठीक छ हैन ?" म तुरून्त बल गरेर उठें र हामी अगाडि बढ्यौं ।



अन्त्यमा हामी हिउँले ढाकिएको पहाडको चुचुरोमा पुग्यौं । (पृष्ठ ६३)

अध्यक्ष माओको खुट्टा पाइलै पिच्छे हिउँभित्रसम्म धसिइरहेको थियो । उहाँ पछाडि फर्की फर्की ती साथीहरूलाई हेरिरहनु भएको थियो जो अझसम्म पनि चुचुरोमा पुग्न सकिरहेका थिएनन् । उनीहरू यति सुस्तसुस्त हिडिरहेका थिए कि कुनै लामो सर्प बिस्तारै घस्रँदै पहाड चढिरहे जस्तो लाग्दथ्यो । अध्यक्ष माओ उनीहरूतर्फ लगातार हात हल्लाइरहनु भएको थियो ।

हावा तेज भइरहेको थियो । आकाशमा कालो बादल फेरि मडारिइरहेको थियो । मैले अध्यक्षसँगै टाँसिएर चर्को स्वरमा भनें, “अध्यक्ष, तपाईं यहाँ रोकिन सक्नुहुन्न, कृपया चाँडो अगाडि बढ्नुस् ।”

माथि चढ्नुभन्दा तल ओर्लन सजिलो थियो तर यो भागमा घाम नलाग्ने भएकोले यहाँ बढी चिसो थियो । हामी सबैले सुतिको पातलो कपडा लगाएका थियौं त्यसैले जाडो भएर लगलग काँपिरहेका थियौं । मैले कम्मरमा पटुका बाँधेको थिएँ । यसरी हिउँले ढाकिएको भिरालोमा कहिले हिंड्दै, कहिले चिप्लंदै र लड्दै तल ओर्लिरहेका थियौं ।

केही क्षणपछि चौथो मोर्चा सेनाका साथीहरूसँग हाम्रो भेट भयो । उनीहरूले झण्डा लिएर हिंडेका थिए, जसमा लेखिएको थियो– ‘उत्तर पश्चिमी सछ्वानमा आधार क्षेत्रको बिस्तार गरौं !’ हामीलाई यस्तो लाग्यो कि हाम्रो शरीरमा नयाँ शक्तिको संचार भएको छ । हाम्रो मनमा उनीहरूप्रति यस्तो भाव जागृत भयो जुन भावना धेरै लामो समयसम्म बिछोड भएको दाजुभाइको भेट हुँदा उत्पन्न हुन्छ ।

जब हामी अन्तिम भिरालोबाट तल ओर्लियौं, तब म पछाडि फर्केर माथितिर हेरें । हिउँले ढाकिएको पहाडको चुचुरामा अझ पनि रातो झण्डा फहराइरहेको थियो । प्रचारक साथीको अथक आवाज हाम्रो कानमा गुंजिरहेको थियो ।

★★★

च्याचिन पहाडबाट तल ओर्लेपछि हामी केही दिनसम्म माओकुङमा आराम गऱ्यौं । फेरि हामी अर्को एउटा उच्च हिमाली पहाड मङ्पी पर्वत चढ्यौं । हामी उत्तर–पश्चिमी सछ्वानको च्वोखची नामक स्थानमा पुग्यौं,

जहाँ हामी घाँसे मैदान पार गर्ने तयारीमा जुट्यौं । यसपछि हामी फेरि रवाना भयौं ।

हामी च्वोखचीबाट हिंड्न सुरूगर्दा बिहानी भैसकेको थियो । आकाश सफा थियो । बीस ली पार गर्दा गर्दै कालो बादलले घेर्‍यो र चाँडै नै फाटफुट पानी पर्न पनि थाल्यो । हामी एउटा यस्तो निर्जन पहाडी क्षेत्र हुँदै हिंडिरहेका थियौं जुन चित्र–विचित्रका चट्टानहरूले भरिएको थियो । ती चुच्चा ठाडा चट्टानहरू तथा झरेका पातपतिङ्गरको थुप्रोबीच बाटोको निशाना पनि थिएन । केही क्षणपछि ठूलो आवाजसहित बिजुली चम्क्यो र पानी पर्न थाल्यो । पानीका ठूला थोपा तथा रुखका कुहेका हाँगाहरूले हामीमाथि चोट पुर्‍याउन थाले । अध्यक्षको कपडा र हाम्रो कपडा पनि पानीले निथ्रुक्क भिज्यो ।

मध्यान्न पछि चार बजे नै अँध्यारो भयो । लगातार मुसलधारे पानी परिरह्यो । हामी कुनै पनि ओत लाग्न हुने स्थानदेखि कोसौं टाढा थियौं । अध्यक्षको लालटिनको तेल पनि सकिएको थियो । त्यस निस्पट अन्धकारमा हामी एक कदम पनि अगाडि बढ्न सक्दैनथ्यौं । यस्तो बेलामा हामीलाई बत्तीको कति आवश्यकता थियो । अध्यक्ष ज्यादै मुस्किलले बाटो छाम्दै अगाडि बढिरहनु भएको थियो । उहाँ ज्यादै थकित देखिनुहुन्थ्यो । यो देखेर म ज्यादै बेचैन भएँ । अलिकति सोच्नुस् त ! अरूहरू बास बस्ने ठाउँमा पुग्नासाथ सुतिहाल्छन्, तर अध्यक्ष बैठकमा भाग लिन, टेलिग्राम पढ्न र दस्तावेजको मस्यौदा तयार पार्नमा व्यस्त हुनुहुन्छ । वास्तवमा उहाँ कति मेहनती हुनुहुन्थ्यो ।

“हामी यहाँ रोकिऔं, अध्यक्ष” मैले प्रस्ताव राखें ।

उहाँ अडिनुभयो । एकक्षण सोचेपछि उहाँले भन्नुभयो– “राम्रो कुरा, सबैलाई खबर गर ।”

तर अब हामी संकटमा परेका थियौं । हाम्रो चारैतिर पानीको खोपिल्टाहरू, चट्टान एवम् अन्धकार थियो । हामीले उहाँको लागि सुत्ने चीज कहाँ खोज्ने ? आफ्नो बुद्धिको प्रयोग गरी धेरै प्रयास पश्चात् हामी कुनै किसिमको एउटा ‘झुला’को निर्माण गर्‍यौं जसलाई दुईवटा होचा रुखहरूमा झुण्ड्याइदियौं ।

भिजेको झुलालाई स्पर्श गर्दै अध्यक्षले विनोद भावमा भन्नुभयो– "म अब च्याङसीको शीतल ओछ्यानमा सुत्दछु ।"

अध्यक्षको विनोद भावले हामी सबैलाई उत्साहित बनायो । जब हामी अप्ठेरोमा पर्दथ्यौं, तब उहाँको मनोरञ्जक शब्दहरूले वातावरणलाई पूर्णरूपमा बदलिदिन्थ्यो । उहाँको ख्याल ठट्टामा हामीले आफ्नो थकान बिर्सन्थ्यौं र हामीमा नयाँ शक्तिको संचार हुन्थ्यो । हामी कुनै पनि अप्ठेरोसँग मुकाबिला गर्न तयार हुन्थ्यौं ।

जब अध्यक्ष लेट्नुभयो, तब हामीले पनि आफ्नो लागि कुनै ठाउँ खोज्न थाल्यौं । पानी अझ पनि परिरहेको थियो । मैले चारैतिर छाम्दा एउटा ठाडो चट्टान फेला पारें । जब मैले त्यस चट्टानलाई फेरि छामें, त्यसमा एउटा छेद भेट्टाएँ । गुफा ! म रोमान्चित भएर सोचें । अरू केही नसोची म त्यसभित्र पसें । ढ्वाङ्ग ! मेरो टाउको केही कडा चीजमा ठोक्कियो । त्यो कुनै गुफा नभएर एउटा सानो ओठार थियो तर यो पनि ज्यादै मुस्किलले भेटिएको थियो । दुःखाइको वास्तै नगरी म त्यस ओडारमा टाउको घुसारेर कोल्टो परी सुतें । तर भूईमा त्यतिका पानी किन छ ? हातले छाम्दा थाहा पाएँ कि म त पानीको सानो तलाउमा पो सुतेको रहेछु । ठीकै छ, यसले केही फरक पर्दैन । मैले आफ्नो सामानको सानो पोका जमीनमा राखें र आफ्नो शरीरलाई वर्षाबाट जोगाउन अध्यक्षको भाँचिएको छाता प्रयोग गरें । मेरो टाउको अझ पनि पानीमा भिजिरहेको थियो तर पनि चट्टानमा टाउको राख्ने बित्तिकै म गहिरो निद्रामा परें ।

म निद्राबाट ब्यूझँदा सूर्य उदाइसकेको थियो । यसका किरणहरू घना जंगललाई छिचोलेर जगमगाइरहेका थिए । घाँटी(उपत्यका)मा बिहानीको कुहिरो अझ पनि लागिरहेको थियो । वर्षा रोकिइसकेको थियो । रुखहरूबाट मोती जस्तै पानीका थोपाहरू टप्किरहेका थिए । मैले जसै आँखा खोलें, मेरो घाँटी दुखिरहेको थाहा पाएँ । त्यो एउटा अचम्मको पीडा थियो जुन तबमात्र हुन्थ्यो जब म तलतिर हेर्दथें । पानी अझ पनि मेरो अनुहारमा झरिरहेको थियो । पानीलाई नाकभित्र पस्न दिनु मात्रै उक्त पीडाबाट बच्ने उपाए थियो । मैले यसलाई गम्भीरता पूर्वक ध्यान दिइन किनकि मैले सोचें यो गम्भीर बिमारी होइन । यसबारे हल्ला गर्नु आवश्यक छैन । त्यसैले कसैसँग पनि केही भनिन ।

हामीले आफ्नो अभियान जारी राख्यौं ।

अध्यक्ष माओ सधैं हरेक चीजमा ध्यान राख्नुहुन्थ्यो । मलाई केही असजिलो भएको कुरा सर्वप्रथम उहाँले नै देख्नुभयो र मसँग ठट्टा गर्दै सोध्नुभयो– “कुरा के हो छन छाङ–फङ ? जतिबेला पनि आकाशतिर किन हेर्दछौ ? के हवाइ जहाजको खोजीमा छौ ?”

म आकाशतिर हेर्दै टोलाएर भनें, “यहाँ हामीमाथि दुईवटा आकाश छन् । दुश्मनको हवाइ जहाज जतिसुकै निपूर्ण भएपनि हामीलाई देख्न सक्दैनन् ।”

“त्यसो भए आकाशमा त्यस्तो के चीज छ ; जसमा तिम्रो यति साह्रो दिलचस्पी छ ?” उहाँले पुनः प्रश्न गर्नुभयो ।

म उहाँको नजिक गएँ र भने, “मेरो गर्दन अलि–अलि दुखेको छ । म तल हेर्न सक्दिन । जब म टाउको चलाउने कोशिस गर्दछु तब मलाई असैह्य पीडा हुन्छ ।”

अध्यक्ष अचानक रोकिनुभयो । “कुनै चिन्ताको कुरा छैन ।” मैले अगाडि भनें, “केही समयपछि आफै ठीक भै हाल्छ ।” मैले उहाँलाई चिन्तित बनाउन चाहन्नथें ।

मेरो अन्तिम कुराको वास्ता नगरी उहाँले मेरो गर्दनलाई कोमलतापूर्वक छुनुभयो र मेडिकल अर्दली चुङ फु–छाङलाई बोलाएर मलाई तुरून्त जाँच्न भन्नुभयो ।

अध्यक्षको बोलावट सुनेर सबैजना मेरो वरिपरि जम्मा भए । चङ श्येन–ची र चुङ युङ–होले मेरो रोगको बारे बढी चासो देखाए । उनीहरूले मेरो गर्दन दबाए, टाउको सुम्सुम्याएर मलाई यति हैरान पारे कि म रिसले बोल्न समेत सकिन ।

चुङ फु–छाङले ज्यादै सावधानीपूर्वक मेरो जाँच गरे र उनी मुस्कुराउँदै अध्यक्षतर्फ फर्किए, “म यो बिरामीलाई केही गर्न सक्दिन ।” उनले भने, “राती उसको गर्दनको नसा ज्यादै तानिएको हुनुपर्छ ।”

अब अध्यक्ष पहिले जस्तो चिन्तित नभए जस्तो देखिनुहुन्थ्यो । उहाँले भन्नुभयो–“तर पनि हामीले उसको लागि केही न केही त गर्नै पर्छ चङ श्येन–ची ! डाक्टरी टोलीमा गएर डाक्टरलाई भन्नु कि उनी आएर छन छाङ–फङलाई जाँचुन् ।”

मैले यसको कुनै आवश्यकता छैन भन्नु अगावै चङ श्येन–ची हिंडिहाले ।

अनुहार माथि फर्काएर हिंड्दा लडिने डर थियो । त्यसैले मलाई बचाउन अध्यक्षले मेरो हात समातेर आफुसँगै हिंडाइ रहनुभएको थियो । त्यसबेला यस्तो लाग्दथ्यो कि कुनै पिताले भर्खर हिंड्न सिकेको छोरालाई हिंडाइरहेको छ । "पिर नगर ।" उहाँले मलाई सान्त्वना दिंदै भन्नुभयो ।

डाक्टर दौडँदै आए । उनले मसँग बिस्तारै धेरै प्रश्नहरू सोधे, मेरो गर्दनको जाँच गरेर मलम लगाइ दिए । केहीक्षण पछि नै गर्दन अलिकति ठीक भयो ।

"अब त बिल्कुल ठीक भयौ होला नि ?" अध्यक्षले सोध्नुभयो । अब त तल हेर्न सक्ने कुरा उहाँले देख्नुभयो ।

मैले टाउको हल्लाएँ र उहाँलाई भने कि म बिल्कुल ठीक छु । यो सुनेर उहाँले भन्नुभयो– "तिमी पनि अचम्मको मान्छे छौ । सुत्नको लागि तिमीले आफ्नो टाउको दिन पनि तयार भयौ !"

★★★

पहाडहरू एवम् जंगलहरूलाई पछाडि छोड्दै हामी माओअड्काए पुग्यौं । घाँसे मैदान पार गर्ने तयारी पूरा गर्न हामी त्यहाँ रोकियौं । मलाई औलोले नराम्ररी सताएको थियो । च्याचिन पहाड पार गर्नु अगावै मलाई औलो लागिसकेको थियो तर पहाड पार गर्दाको समयमा एक पटक पनि औलो लागेको थिएन । फेरि म वर्षाको पानीमा निथ्रुक्क रूझेको थिएँ साथै ज्यादै थाकेको पनि थिएँ । जब हामी यात्राको सबैभन्दा कठिन खण्ड दलदले घाँसे मैदान पार गर्ने तयारी गर्दै थियौं तब म नराम्रोसँग औलोको शिकार भएँ । त्यस बखत बिरामी पर्नु मेरो लागि दुर्भाग्यको कुरा थियो भने अरूहरूको लागि चिन्ताको विषय । विशेष गरी अध्यक्ष माओ ज्यादै चिन्तित हुनुहुन्थ्यो । उहाँ पनि ज्यादै कमजोर हुनुभएको थियो र उहाँको शरीर पहिलेभन्दा अग्लो देखिन थालेको थियो ।

ती दिनहरूमा उहाँले धेरै बैठकहरूमा भाग लिनुपरेको थियो । कहिलेकाहीं यी बैठकहरू राति अबेलासम्म चलिरहन्थ्यो तब उहाँले विश्रामबिना रातको अन्तिम प्रहरसम्म पनि अन्य नेताहरूसँग विभिन्न समस्याहरूमाथि छलफल गर्नुहुन्थ्यो । उहाँ ज्यादै ब्यस्त भए पनि अक्सर गरी मलाई हेर्न आउने गर्नुहुन्थ्यो । म हतोत्साहित भएको देख्दा उहाँले मलाई घाँसे दलदल किन पार गर्नुपरेको छ भन्ने कुरा बुझाउँदै उत्साहित गर्नुहुन्थ्यो । उहाँले धेरै चाखलाग्दा घटनाहरू सुनाएर मेरो मन बहलाउनुहुन्थ्यो ।

उहाँबाट मैले एउटा पिताको माया पाएको थिएँ । म भित्र उहाँप्रति गहिरो हार्दिक कृतज्ञताको भावना उत्पन्न हुन्थ्यो र मैले आफैलाई घृणा गर्न लागेको थिएँ कि किन म यस्तो समयमा बिरामी परें ? मैले आफ्ना साथीहरूको बोझ अरू बढाएको थिएँ र अध्यक्षको ध्यान बाँडिदिएको थिएँ ।

हामीले माओअड्काएमा करिब एक महिना बितायौं । र, सन् १९३५ को मध्य अगस्तमा हामी विशाल दलदले घाँसे मैदान पार गर्नको लागि रवाना भयौं जसलाई यस अघि कसैले पनि पार गरेको थिएन । हामी चालिस ली पनि पार नगर्दै बीस लीभन्दा पनि लामो जंगलमा पुग्यौं । त्यस जंगलका रुखहरू ज्यादै अग्ला अग्ला थिए र हाँगाहरू पनि निकै ठूल्ठूला थिए । जब हामी त्यहाँ बास बस्दथ्यौं तब हामीले अध्यक्षको लागि दुई रुखहरू बीच झुला बनाइदिन्थ्यौं । दिनमा जब हामी एकैछिन रोकिन्थ्यौं तब अध्यक्षले कहिल्यै पनि आराम गर्नुहुन्थेन । उहाँ बैठकमा भाग लिन वा सैनिकहरूलाई भेट्न जानुहुन्थ्यो । त्यसैले मेडिकल अर्दली चुङ फू–छाङले मलाई आराम गर्न भन्दथे ।

एक रात म सुतिरहेको थिएँ । सैनिकहरूले आगो बालेका थिए । यो प्राचीन जंगलमा न त चराचुरूङ्गीले न त पशुले नै कहिल्यै आगो देखेका थिए । तिनीहरू डराएर अचम्म अचम्मका आवाजहरू निकाल्न थाले र घवराहटमा पखेटा फड्काउँदै उड्न थाले वा वरिपरि चक्कर काट्न थाले । मेरा केही साथीहरू आगोको वरिपरि बसेका थिए भने केही रुखको आड लागेर गहिरो निद्रामा सुतेका थिए ।

म झुलामा सुतिरहेको थिएँ । मलाई फेरि ज्वरो आउन लाग्यो । मैले अध्यक्ष माओले मलाई माओअड्काएमा दिनुभएको नयाँ कपडा जुन उहाँलाई

शायद कसैले उपहार दिएको थियो र उहाँको कम्बल पनि ओढी राखेको थिएँ, तर पनि म लगातार कामिरहेको थिएँ । अरू ब्युँझलान् भन्ने डरले मैले आफूलाई नियन्त्रणमा राखिरहेको थिएँ र अलिकति पनि कराएको थिइन । मलाई यस कुराको डर थियो कि कहीं मेडिकल अर्दली चुङ फू–छाङ नब्युँझिउन् किनभने उनले मलाई फेरि ज्वरो आएको कुरा थाहा पाए तत्काल अध्यक्ष माओलाई बताउँछन् र फेरि अध्यक्ष माओ कसै गरी पनि आफ्नो झुलामा सुत्नुहुनेछैन । म घुँडा मुन्टो जोरेर सास दबाउँदै बसिरहें । अचानक मेरो अगाडि एउटा अग्लो छायाँ देखियो । अध्यक्ष माओ फर्कनुभएको थियो । मैले खुट्टा तन्काउने अथक प्रयास गरें तर खुट्टा निदाएको थियो , यस्तो लाग्दथ्यो खुट्टा पेटसँग टाँसिएको छ । कसै गरी खुट्टा तन्काउन सकिन । शरीर मेरो काबुमा थिएन । म लगलग कामिरहेको थिएँ र मेरो दाँत टकटक बजिरहेका थिए । अध्यक्ष नजिक आएर झुक्नुभयो ।

"के भयो ? छन छाङ–फङ ?" उहाँले ममाथि हात राख्दै सोध्नुभयो । "चुङ फू–छाङ ! के छन छाङ–फङ फेरि बिरामी परे ?" उहाँले धेरै ठूलो स्वरमा बोल्नु भएन तर पनि आगोको चारैतिर सुतेकाहरू सबै उठेर वरिपरि जम्मा भए ।

जब अध्यक्ष माओ तथा मेरो वरिपरि उभिएका अरू साथीहरू ज्यादै चिन्तित भएर मलाई हेरिरहेको देखें, तब मलाई यस्तो लाग्यो कि मेरो शरीरमा शक्ति फर्केको छ र म उठेर बसें ।

"सुत !" अध्यक्षले नम्रतापूर्वक आज्ञा दिनुभयो र आफ्नो दुवै हातले मलाई झुलामा सुताउनुभयो । म उठेर बस्ने भरमग्दुर प्रयास गरें तर उहाँले आफ्ना सबल हातले मलाई जबरजस्ती सुताउनुभयो । प्रतिरोध गर्ने शक्ति पनि हरायो । म सुतेको देखेर उहाँले मलाई केही औषधी दिन चुङ फू–छाङलाई भन्नुभयो । उहाँ र अरू साथीहरू आगो नजिक गएर सुते ।

भोलिपल्ट बिहान जब म उठें, म झुलाबाट दौडिएँ । म भित्र यतिका शक्ति कहाँबाट आयो यो मलाई थाहा थिएन– सायद राति राम्रोसँग सुतेर हो वा अध्यक्षको पिता समानको हेरचाहले । मैले सबैभन्दा पहिलो काम दौडेर गई उहाँलाई भेटें ।

"स्वास्थ्य पहिलेभन्दा त राम्रो छ हैन ?" उहाँले मेरो पाखुरा समाउँदै सोध्नुभयो ।

म एक शब्द पनि बोल्न सकिन । मेरो आँखाबाट आँशुको धारा बगिरहेको थियो ।

हामीले आफ्नो अभियान फेरि सुरू गऱ्यौं । पुरानो जंगल पछाडि छोड्यौं र हामी दलदले मैदानमा प्रवेश गऱ्यौ । हाम्रो अगाडि एक विशाल तथा सुनसान दलदले मैदान थियो । त्यहाँ एकजना पनि मान्छे बस्दैनथे । कुनै घर पनि थिएन । त्यस दुर्गन्धी पानीमा जंगली घाँसको झाडी थियो । त्यसको कहीं कुनै अन्त्य थिएन । जब हामी त्यहाँ हिंड्दथ्यौं तब हिलोमा छ्याप–छ्यापको निरस आवाज निस्कन्थ्यो । अलिकति पनि सावधान नभए खुट्टा दलदल भित्रसम्म गड्दथ्यो र जब कहीं यस दलदलमा खुट्टा गड्यो भने साथीहरूको सहायताविना खुट्टा निकाल्न मुस्किल हुन्थ्यो । कैयौं पटक हाम्रा खुट्टाहरू हिलोमा गडे र अध्यक्षका बलिष्ट हातहरूले हामीलाई तानेर बाहिर निकाले ।

त्यहाँको मौसम जाडो थियो र बदली भइरहन्थ्यो । कहिले पानी पर्दथ्यो त कहिले हिउँ पर्दथ्यो । कहिलेकाहीं त असिना पनि पर्दथ्यो । हामीले प्रत्येक पाइला उचाल्न ज्यादै मिहेनत गर्नु पर्दथ्यो । अध्यक्ष हाम्रो अघि–अघि हिंडिरहनुभएको थियो । प्रत्येक कदम हिंडेपछि उहाँ पछाडि फर्केर ज्यादै चिन्तित हुँदै हेर्नुहुन्थ्यो र हामीले जवाफ नदिंदासम्म बोलाइरहनुहुन्थ्यो । त्यसपछि उहाँ फेरि अगाडि बढ्नुहुन्थ्यो । हामी थाकेको देख्दा उहाँले कहिलेकाहीं कथाहरू सुनाउनुहुन्थ्यो त कहिले ठट्टा गरेर हामीलाई यति हँसाउनुहुन्थ्यो कि हाम्रो पेट दुख्न थाल्दथ्यो जसले गर्दा हामीले थकाइ भुल्दथ्यौं ।

दलदले मैदानको यस कठिन परिस्थितिमा पनि कसैले 'उफ'सम्म गरेनौं न कसैले कुनै गुनासो गऱ्यौं । मैदान पार गर्ने हाम्रो दृढ लक्ष थियो र हामीसँग यो पुरा गर्न सक्छौं भन्ने पूर्ण विश्वास पनि थियो । वास्तवमा हामी अध्यक्ष माओको साथमा सधैं आशावादी रहन्थ्यौं ।

हाम्रो पछि–पछि सेनाले पनि दलदले मैदान प्रवेश गऱ्यो । सैनिकहरूले विविध प्रकारका कपडा लगाएका थिए । कसैले खैरो सैनिक पोशाक लगाएका थिए, कसैले विभिन्न रङ्गका ओभरकोट लगाएका थिए त कसैले कम्बल ओढेका थिए । कसैले बाँसका ठूला–ठूला टोप ओढेका थिए र कसैले फाटेको छाता ओढेका थिए । यस रङ्गीविरङ्गी जनसमूहले त्यस निर्जीव विशाल दलदले मैदान

सजीव भएको थियो । उनीहरू एकापसमा हातेमालो गर्दै लामो ताँतीमा बिस्तारै तर दृढतापूर्वक अघि बढिरहेका थिए ।

एक दिन हामीले अचानक त्यस बिरानो क्षितिजमा एउटा कालो बिन्दु देख्यौं । जति–जति हामी अगाडि बढ्दै गयौं, उति–उति त्यो कालो बिन्दु ठूलो हुँदै गयो । त्यो के चीज हो भन्ने कुरा हामीलाई थाहा थिएन । हाम्रो उत्साह बढ्दै गयो । हाम्रो हृदयमा आशा पलायो । त्यो पानयओ नामक ठाउँ थियो । साथीहरूको त्यसबेलाको खुसीलाई शब्दमा व्यक्त गर्न असम्भव थियो । पानयओ पुगेर अध्यक्ष माओ र हामी एक तिब्बती परिवारको घरमा बस्यौं । हाम्रा साथीहरूले त्यस खुसीमा आगो बालेर चिसा कपडाहरू सुकाए ।

केही समयपछि हामी पाशी पुग्यौं र त्यहाँ हामीले एउटा विचित्रको दृश्य देख्यौं । चौथो मोर्चा सेनाका केही सैनिकहरू पछि फर्केर हामीतिर ( भयानक दलदले मैदानतिर) बिस्तार–बिस्तार आइरहेका थिए । यो कुरा हामीले बुझ्न सकेनौं । हामी आश्चर्यचकित भएर अध्यक्ष माओसँग सोध्यौं, "अध्यक्ष, यिनीहरू किन पछाडि फर्किरहेका छन् ?" उहाँले तुरून्त कुनै जवाफ दिनुभएन तर उहाँको अनुहारको भाव देख्दा उहाँ ज्यादै भाव विह्वल हुनुभएको प्रष्ट देखिन्थ्यो । हामीलाई पछि मात्र थाहा भयो कि यो त गद्दार चाङ क्वो–थाओको पार्टी फुटाउने षडयन्त्रको नतिजा रहेछ । त्यो गद्दारले सोझा साझा साथीहरूलाई दास जस्तै बनाई विनाशको बाटोमा हिंड्न बाध्य पारिरहेको रहेछ ।

केही क्षणपछि अध्यक्ष माओले हामीलाई सोध्नुभयो– "के तिमीहरू पनि पछि हट्न चाहन्छौ र फेरि दलदले मैदान पार गर्न चाहन्छौ ?"

"कहिल्यै पनि चाहन्नौं, हामी मर्न परोस् तर पनि पछि हट्दैनौं ।" हामी सबैले एकै स्वरमा जवाफ दियौं ।

अध्यक्ष माओ उभिनुभयो र थकित एवम् थोत्रो कपडा लगाएका सैनिकहरूतिर हेर्नुभयो जो उतैतिर जाँदैथिए जताबाट हामी धैर्यपूर्वक आइरहेका थियौं । उहाँले मधुरो स्वरमा तर अत्मविश्वासपूर्वक भन्नुभयो– "उनीहरू फर्केर आउनेछन् ! हामी अघि बढेर उनीहरूको लागि बाटो बनाउनुपर्छ ता कि उनीहरू हामीसँग आउन सकुन् ।"

❖

# ल्यूफान पहाडमा

मध्य सेप्टेम्बरको एक साँझ हामी लाचिखओको नजिक एउटा गाउँमा पुग्यौं । मैले अध्यक्षलाई आराम गर्नको लागि एउटा ओछ्यान लगाइदिएँ । तर जब म अर्को कोठामा गएँ, उहाँ त न्ये रूङ–चन, ल्यू या–लाओ र अन्य नेताहरूसँग विचार विमर्श गरिरहनुभएको रहेछ । टेबलमा नक्सा फिंजाइएको थियो ।

लाचिखओ एक सामरिक महत्त्वको भञ्ज्याङ्ग हो, जसले सछ्वान प्रान्त र कानसू प्रान्तलाई जोड्छ । उत्तरी शेनशी पुग्नको लागि हामीले जुन भञ्ज्याङ्गहरू पार गर्नुपर्ने थियो तिनीहरूमध्ये यो एक प्रमुख भञ्ज्याङ्ग थियो । मलाई पूर्ण विश्वास थियो कि अध्यक्ष एवम् अन्य नेताहरू यसैको बारेमा छलफल गरिरहेका थिए । त्यसैले एक शब्द पनि नबोली म फर्केर आएँ । त्यस रात अध्यक्ष धेरै अबेरसम्म सुत्नु भएन ।

तर भोलिपल्ट बिहान मिर्मिरेमै हामीले त्यस भञ्ज्याङ्गमा आक्रमण गऱ्यौं । त्यसलाई कब्जा गरेपछि पनि हामी रोकिएनौं, अगाडि बढिरह्यौं ।

सेप्टेम्बरको अन्तमा हामीले वेइश्वेइ नदीको नाकाबन्दी तोडेर ल्यूफान पहाडतर्फ प्रस्थान गऱ्यौं ।

ल्यूफान पहाड लुङ्शान श्रृंखलाको एउटा भाग हो । पश्चिमी कानसूको यो सबैभन्दा अग्लो पहाड हो । उत्तरी शेनशी पुग्नको लागि पार गर्नुपर्ने पहाडहरू मध्ये यो अन्तिम ठूलो पहाड हो । जब सैनिकहरूलाई यो थाहा भयो कि उनीहरूले यो पहाड पार गर्नु पर्नेछ, तब उनीहरूको हौसला बुलन्द भयो ।

जुन दिन हामी यो पहाड पार गर्नको लागि प्रस्थान गर्न लाग्दै थियौं, आकाशमा बादल लागेको थियो । चिसो हावा चलिरहेको थियो । चाँडै नै पानी पर्न थाल्यो । पहाडको फेदिमा पुग्दा नपुग्दै हामी पानीले निथ्रुक्कै भिज्यौं, तर पनि हाम्रो उत्साहमा कुनै कमी आएन ।

ल्यूफान पहाडलाई हिउँले ढाकिएको च्याचिन पहाडसँग तुलना गर्न सकिंदैन जसलाई हामीले पहिल्यै पार गरिसकेका थियौं, तर हामीले यसको फेदिबाट चुचुरोलाई हेर्दा यो पनि काफी खतरनाक देखियो । बाटो ज्यादै घुमाउरो थियो । सुरूमा हामी साना–साना रुखहरूको सहाराले माथि चढ्यौं, तर जति जति चुचुराको नजिक पुग्यौं, त्यहाँ सुकोका घाँस बाहेक अरू केही थिएन । त्यसैले माथि चढ्न ज्यादै मुश्किल भयो ।

म औलोको कारणले अझ पनि ज्यादै कमजोर थिएँ । माथिसम्म पुग्न करिब तीस लीको अप्ठेरो बाटो पार गर्नुपर्ने थियो । हामीले आधा बाटो मात्र पार गरेका थियौं कि मेरो सास फुल्न लाग्यो, मेरो मुटु चाँडो चल्न थाल्यो र मेरो शरीर पसिनाले निथ्रुक्क भिज्यो ।

अध्यक्ष माओले तत्कालै मेरो अवस्थाको अड्कल काट्नुभयो । जब हामी कुनै कठिन स्थलमा पुग्दथ्यौं, तब उहाँले आफ्नो मजबुत हातले सहारा दिएर मलाई माथि तान्नुहुन्थ्यो ।

चुचुराको नजिक पुग्दा मेरो लागि एक कदम उठाउन पनि कठिन भयो । मेरो टाउको घुमाउन थाल्यो र शरीर पानीमा तैरिए जस्तो भयो । अचानक रिङ्गटा लागेर म लडें । मलाई दुई मजबुत हातहरूले सहारा दिएको जस्तो अनुभव भयो । अध्यक्ष माओ स्नेहपूर्ण स्वरमा चङसँग भनिरहनु भएको थियो– “मेडिकल अर्दलीलाई बोलाएर चाँडो औषधि दिनू । यिनलाई फेरि औलोले सताएको छ ।”

तत्काल कसैले मेरो मुखमा दुई चक्की तितो औषधि राखिदिए र पानी खुवाए । मेरो अवस्थामा बिस्तार बिस्तार सुधार हुन थाल्यो । अध्यक्ष माओले मलाई थामिरहनु भएको थियो । चङ र मेडिकल अर्दलीले मलाई हेरिरहेका थिए । मेरो मुटुको धड्कन रोकिंदै गएको थियो ।

“यो औलो हैन अध्यक्ष माओ” म चर्को स्वरमा बोलें, “यो खाली कमजोरीले गर्दा भएको हो । मलाई लाग्छ कि म उत्तरी शेनशी पुग्न सक्दिन ।”

“अबश्यै पुग्नेछौ । पिर नगर !” अध्यक्षले ढाडस दिंदै भन्नुभयो । “कठिनाइहरूमा कुनै त्यस्तो वस्तु हुँदैन जसदेखि डराउनु परोस् । फिक्रि यस कुराको हुनुपर्छ कि कठिनाइदेखि नडराऔं । यदि तिमी डराउँछौ भने तिमीलाई त्यो साँच्चिकै भयानक लाग्छ । यदि तिमी त्योसँग डराउँदैनौं भने तिमीलाई

यो अलिकति पनि डरलाग्दो लाग्दैन । त्यसको मुकाबिला गर । जब हामीले एक पटक यो पहाड पार गर्नेछौं, तब तिमी ठीक हुनेछौ ।"

अध्यक्षका शब्दहरूले मेरो आत्मविश्वास फेरि बढ्यो तर म उहाँहरूलाई बोझ बन्न चाहन्नथिएँ । "तपाई जाँदै गर्नुस् अध्यक्ष माओ," मैले भनें । "म एकक्षण आराम गरेर चाँडै नै तपाईलाई भेट्टाउनेछु ।"

"बिल्कुलै हुँदैन," अध्यक्षले दृढतासाथ भन्नुभयो । "यहाँ हावामा अक्सिजन ज्यादै कम छ र त्यसमाथि पानी पनि परिरहेको छ । यस्तो अवस्थामा तिमी यहाँ कसरी आराम गर्न सक्छौ ? जबसम्म हामी यो पहाड पार गर्दैनौं, तबसम्म हर हालतमा हामी अगाडि बढिरहनुपर्छ चाहे जेसुकै किन नहोस् ।"

अध्यक्ष एवम् चङले मलाई उचाले र अगाडि बढ्ने काम जारी राखे । अध्यक्ष मेरो बारेमा ज्यादै चिन्तित हुनुहुन्थ्यो । म पैदल हिंड्न चाहन्थें तर मेरो पूरा शरीर कामिरहेको थियो र म एक कदम चाल्न पनि असमर्थ थिएँ ।

"तिमीलाई जाडो त लागेको छैन ?" अध्यक्षले सोध्नुभयो ।

"चिसोले हड्डिसमेत कठ्याङ्ग्रिएको छ ।"

"यो समात, यो कोट लगाऊ र अलि धेरै तातो पानी पिउनू ।"

"शरीर अलिकता तातो भएपछि तिमीलाई केही आराम महसुस हुन्छ ।" यति भन्दै अध्यक्षले आफ्नो ओभरकोट खोल्नुभयो ।

अब अध्यक्षको शरीरमा खैरो रङ्गको सुतीको सैन्य पोशाकमात्र बाँकी थियो जसलाई उहाँले चुनइमा सिलाउनु भएको थियो । यतिमात्र हैन, गतरात उहाँले अबेरसम्म काम गर्नुभएको थियो र आज वर्षामा घण्टौंसम्म यात्रा गर्नुभएको थियो । मैले उहाँको हेरचाह राम्रोसँग गर्न मात्र नसकेको थिइन अझ उहाँलाई बोझ पनि बढाइरहेको थिएँ । यस्तो अवस्थामा उहाँको ओभरकोट म कसरी लिन सक्दथें ?

मैले कोट फिर्ता दिएँ । "मलाई यसको आवश्यकता छैन । म हिंडन सक्दछु ।" मैले त्यसलाई लगाउन अस्वीकार गरें र हिंड्न सक्दो कोसिस गरें । तर म ज्यादै कमजोर थिएँ । एक कदम अगाडि बढ्नासाथ बेहोस भएर लडें ।

जब आँखा खुल्यो, तब मैले अध्यक्षको कोट लगाइरहेको पाएँ । अध्यक्ष वर्षामा उभिइरहरनु भएको थियो, शरदको चिसो हावाले उहाँको पातलो खैरो फौजी बर्दीलाई हल्लाइरहेको थियो । उहाँ अझ पनि मेरै बारेमा चिन्तित देखिनुहुन्थ्यो तर अब उहाँको अनुहारमा हल्का मुस्कान देखिन थालेको थियो । चङ मेरो लागि एक कटौरा पानी ल्याएर मेरो नजिकै उभिए ।

यो सब देख्दा मेरो शरीरमा तापको संचार हुनथाल्यो । हराएको शक्ति पुनः प्राप्त हुनथाल्यो । म उभिएर अध्यक्ष माओलाई एकटकले हेरिरहें । मेरो गला अबरूद्ध भयो ।

अध्यक्ष ज्यादै खुसी हुनुभएको थियो । “किन, पहिलेभन्दा राम्रो लागेको छ ?”

“हजुर, आउनुहोस् अब हामी अगाडि बढौं ।” म भन्न त धेरै कुरा चाहन्थें तर यतिमात्र भन्न सकें ।

“स्यावास ! तिमी लालसेनाका सच्चा योद्धा हौ !” अध्यक्ष माओले ज्यादै स्नेहसाथ मेरो पिठ्यूँमा धाप मार्दै भन्नुभयो– “आऊ, अगाडि बढौं ।”

साँझसम्ममा हामीले ल्यूफान पहाड पार गऱ्यौं र अर्कोपट्टिको फेदीमा पुग्यौं । मैले पछाडि फर्केर पहाडको चुचुरालाई हेरें ।

“अन्त्यमा तिमीले यसलाई पार गरेर नै छाड्यौ !” अध्यक्षले भन्नुभयो, “कठिनाइहरूलाई समाधान गर्ने यही तरिका हो ।”

त्यस रात हामीले पहाडको एउटा गाउँमा विश्राम गऱ्यौं र म ओछ्यानमा सुतें । त्यस दिनका सारा घटनाहरू मेरो आँखा अगाडि नाच्न थाले । “यदि अध्यक्षले मेरो हेरविचार नगरेको भए र मलाई प्रोत्साहन नदिएको भए ल्यूफान पहाडमै मैले प्राण त्यगिसकेको हुनेथिएँ ।” मैले मनमनै सोचें ।

म गहन सोंचमा डुबें । मेरो आँखामा आँशु भरिएर आयो । “अध्यक्षको सुझावलाई म कहिल्यै भुल्ने छैन ।” मैले प्रतिज्ञा गरें– “म जहाँ गए पनि त्यसलाई याद गर्नेछु ।”

❖

# हामी घर पुग्यौं

ल्यूफान पहाड नाघेपछि हामी कानसूको ह्वेइ जातिको क्षेत्रमा पुग्यौं। ह्वेइ जातिका मान्छेहरूले हामीलाई न्यानो अभिवादन गरे। हामी जहाँ गए पनि उनीहरूले सडकको दुई किनारमा उभिएर स्वागत गरे। हामीलाई तातो पानीको प्याला दिंदै सोधे, "तपाईंहरू कहाँबाट आउँदै हुनुहुन्छ ? साथीहरू, तपाईंहरू थाक्नुभएको होला। अलिकति तातो पानी पिउनुस् !" जबदेखि हामी तिब्बती जातिको इलाकामा प्रवेश गऱ्यौं तबदेखि हान भाषामा कुरा गर्ने मान्छेहरू ज्यादै कम भेटिएका थिए। त्यसैले ह्वेइ जातिको इलाकामा 'साथीहरू' शब्द सुन्दा हामीलाई खास आत्मीय लाग्यो। जूलाईमा यही बाटो भएर गएको लालसेनाको पच्चिसौं फौजि कोरको सुदृढ अनुशासनले उनीहरूलाई गहिरो छाप पारेको कुरा पछि मात्र उनीहरूबाटै थाहा पायौं। जति जति हामी उत्तरी शेनशीको नजिक पुग्यौं, हाम्रो उत्साह बढ्दै गयो र हामीले सारा थकान एवम् बिमारीहरू बिर्सदै गयौं। मनले यो भन्थ्यो कि झट्पट शेनशीको भूमिमा पुगौं र आफ्नो भावी 'घर'लाई चाँडो हेरौं।

एकदिन हामी कानशुको ह्वानश्येन काउण्टीबाट हिंडेर दसौं ली पार गरी एउटा सानो ढुङ्गे डाँडामा पुग्यौं। हामी भर्खर रोकिएका के थियौं, पाँच जना घुँडसवार हामीतिर आइरहेका देख्यौं। उनीहरूले टाउकोमा सेतो रूमाल बाँधेका थिए र उनीहरूको काँधमा बन्दुक झुण्डिएको थियो। जब उनीहरू हाम्रो नजिक आए, तब हामीले देख्यौं कि उनीहरू सब बीस बाइस वर्षका लक्का जवानहरू थिए। उनीहरू पहाडको फेदिमा आइपुगेर घोडाबाट ओर्लिएर हामीतर्फ आए।

"अध्यक्ष माओ कहाँ हुनुहुन्छ ?" उनीहरूले चर्को स्वरमा सोधे।

म उनीहरूलाई भेट्न गएँ र सोधें कि तिनीहरू के चाहन्छन्।

उनीहरू पसिनाले निथ्रुक्क भिजेका थिए र धपडीको कारणले स्याँ स्याँ गरिरहेका थिए। उनीहरू मध्येको जेठो ज्यादै उत्साहपूर्वक बोले,

"अध्यक्ष माओलाई एउटा चिठ्ठी दिन लाओ ल्यूले हामीलाई पठाएका हुन् । उहाँ कहाँ हुनुहुन्छ ?"

लाओ ल्यू ! कहीं उनी ल्यू चि–तान त होइनन् ? "कमरेडहरू" मैले सोधें, "के तपाईंहरूलाई कमरेड ल्यू चि–तानले पठाउनुभएको हो ?"

"हजुर" उनीहरू एकै स्वरमा बोले । ती आगन्तुकले ल्याएको पत्र लिएर म अध्यक्षको पास दौडें । जब अध्यक्षले त्यो चिठ्ठी पढ्नुभयो तब मुस्कुराउँदै उहाँले भन्नुभयो– "साथीहरू, तपाईंहरूले ज्यादै परिश्रम गर्नुभएको छ ।" तब उनीहरूले थाहा पाए कि उहाँ नै अध्यक्ष माओ हुनुहुन्छ ; जसलाई देख्नको लागि उत्तरी शेनशीका जनता यत्तिका दिनदेखि प्रतीक्षा गरिरहेका थिए । उनीहरू सबै हाँसे र तिनीहरूका अनुहार राता भए । उनीहरू अध्यक्षको वरिपरि जम्मा भएर उहाँसँग हात मिलाउन तँछाड मछाड गर्न थाले ।

अध्यक्ष सैनिकहरू आराम गरिरहेको ठाउँमा जानुभयो र उनीहरूबीच उभिएर उच्च स्वरमा भन्नुभयो– "साथीहरू, हामी उत्तरी शेनशीको सोभियत क्षेत्रमा पुग्नै लागेका छौं ! हाम्रो पच्चीसौं र छब्बीसौं फौजी कोरले दुश्मनको 'घेरामा पार्ने' दोस्रो प्रयासलाई असफल पारिदिएका छन् र हामीलाई भेट्न सैनिक पठाएका छन् ।"

यो घोषणा सुन्नासाथ सबैजनाले खुसियाली मनाउन थाले । सबै हाँस्दै एक अर्कालाई अंकमाल गर्न लागे ।

हामीलाई भेट्न आएका पाँचजना साथीहरू हाम्रो पथप्रदर्शक (गाइड) बनेर हामीलाई सानछ्याचन गाउँमा पुऱ्याए । त्यसदिन साँझ अध्यक्ष माओ उनीहरूसँग निकै अबेरसम्म कुराकानी गरिरहनुभयो । उहाँले एउटा चिठ्ठी लेखेर उनीहरूलाई दिनुभयो । उहाँलाई खाना खाने फुर्सदसम्म भएन ।

भोलिपल्ट हामी एउटा सानो गाउँमा विश्राम गऱ्यौं जसको नाम हामीले जान्दैनथ्यौं । त्यहाँ किन्नको लागि चामलसम्म थिएन, केवल कोदो भेटिएको थियो । हामी अंगरक्षकहरू सबै दक्षिणका थियौं, त्यसैले हामीले यस अघि कोदो पकाउन त परै जाओस् देखेका सम्म थिएनौं । अब के गर्ने ? त्यहाँ

खसी, बोका प्रशस्त पाइएका थिए । त्यसैले हामीले एउटा ठूलो खसी किनेर मासुलाई नै रातको खाना बनायौं ।

जब अध्यक्षलाई हामीले खसीको खुट्टा टक्रयायौं, तब उहाँले आश्चर्य मान्दै सोध्नुभयो– "किन मासु मात्रै ?"

"हामीले यस गाउँमा न चामल भेट्यौं न आँटा ।" चङ श्येन–चीले तुरून्त उत्तर दियो । "यहाँ खाली कोदो मात्र भेटिन्छ तर त्यसलाई हामी पकाउन जान्दैनौं ।"

"पकाउन सिक । यो कुनै गाह्रो काम होइन ।" अध्यक्षले भन्नुभयो– "जब हामी कुनै नयाँ ठाउँमा जान्छौं तब हामीले नयाँ रहन–सहनहरू सिक्नुपर्छ, नत्र भने हामी भोकले मर्नेछौं ।"

यति सुन्ने बित्तिकै हामी कोदो पकाउन तत्काल राजी भयौं ।

"कुनै हतार छैन ।" अध्यक्षले भन्नुभयो– "आऊ अहिलेलाई खसीको मासु नै खाऔं ।"

छ्वीचीदेखि कानसू–शेनशी सिमानामा पर्ने पहाडी श्रृंखला बीचको असी ली लामो यात्राको दौरानमा क्वोमिन्ताङ्ग युद्ध सरदार मा हुङ–ख्वेइको घुँडसवार फौजसँग करिब अठार पटकसम्म हाम्रो मुठभेड भयो, तर जब हामी मा हुङ–ख्वेइको घुँडसवार फौजको नजिक आउँथ्यौं, उनीहरू भाग्दथे । हामी हास्दथ्यौं र भन्थ्यौं कि यिनीहरू त क्वेइचओको युद्ध सरदार वाङ च्या–ल्येको बोडीको तरकारी जस्ता सैनिक बराबर पनि रहेनछन् ।

अध्यक्ष माओले विनोद भावमा भन्नुभयो– "यदि उनीहरूले हामी चिनियाँ मजदूर किसानहरूको लालसेना हौं भन्ने थाहा पाए भने हामीसँग लड्ने हिम्मत कहिल्यै जुटाउने छैनन् । उनीहरू भाग्न मात्रै निपूर्ण छन् ।" अध्यक्षको यस कुराले हामीलाई ज्यादै मनोरञ्जन दियो ।

पहाडको टाकुरामा एउटा ठूलो ढुङ्गा गाडेको थियो जसमा ठूला ठूला अक्षरमा लेखेको थियो– 'सीमा स्तम्भ' । यो कानसू र शेनशी प्रान्तको सीमा विभाजनको चिन्ह थियो । हामी यही ढुङ्गा नजिकैको कटुसको फेदमा आराम गर्न बस्यौं ।

अध्यक्षले सीमा स्तम्भमा लेखिएको अक्षरलाई पढ्दै हामीलाई भन्नुभयो– "हामीले दस प्रान्त पार गरिसक्यौं । जब हामी यो पहाडको

फेदिमा झर्दछौं, तब हामी एघारौं प्रान्तमा यसको मतलब शेनशीमा पुग्नेछौं । त्यही हाम्रो आधार क्षेत्र– हाम्रो घर हो ।"

त्यस सीमाना डाँडाबाट डेढ दिन हिंडेपछि हामी ऊछी बजारमा पुग्यौं । त्यहाँ हामी गुफामा बस्यौं । हामीले जीवनमा पहिलो पटक त्यस्तो गुफा देखेका थियौं । हामी अब सोभियत क्षेत्रमा पुगेका थियौं ।

अध्यक्ष माओ र अन्य नेताहरू हुङ–ख्वेइको घुँडसवार सेनालाई सफाया पार्ने बारे छलफल गर्न व्यस्त हुनुभयो ।

हाम्रा सिपाहीहरू भावी युद्धको कल्पनाले उत्तेजित भइरहेका थिए । "हामी घर आउँदै छौं ।" उनीहरूले भने, "आऊ उत्तरी शेनशीका जनतालाई विजयको रूपमा एउटा उपहार दिऊँ !"

त्यो महान् दिन आएर नै छाड्यो । हामी एउटा पहाडी शिखरमा अध्यक्ष माओसँगै उभिएका थियौं जहाँ हरियालीको नामै थिएन । जसै युद्ध सुरू भयो, हाम्रो मेसिनगन चल्न सुरू भयो । डराएका घोडाहरू हिनहिनाउँदै गोलीको वर्षाबाट बच्ने कोसिसमा पहाडमा यताउता दौडन थाले । घोडाहरूले आफ्नो सवारलाई फ्यालिदिए । दुश्मन सिपाहीहरू भीरबाट तल खसे । जो बाँच्न सके, तिनीहरू पनि ज्यान बचाउन भागे ।

"अध्यक्ष" हामीले चर्को स्वरमा बोलायौं । "हामीसँग दुईवटा खुट्टा मात्र छन् तर तिनीहरूसँग चार खुट्टा भएपनि हामीले उनीहरूलाई पहाडको चारैतिर भगाइदियौं ।" यो सुन्दा उहाँ पनि हामीसँग दिल खोलेर हाँस्नुभयो ।

जब सेना आराम गर्न लागे तब हामी अध्यक्षसँगै श्याशवान गयौं जहाँ शेनशी कानसू प्रान्तीय पार्टी कमिटी तथा प्रान्तीय सोभियतको प्रधान कार्यालय थियो ।

हामी त्यहाँबाट हिंड्दा हिउँका ठूलाठूला टुक्राहरू परिरहेका थिए । हामीले बाक्लो कपडा नलगाएको भए पनि त्यो खाल्टा–खुल्टी भएको बाटोमा घिस्रँदै हिंड्दा हामीमध्ये कसैलाई पनि चिसो लागेको थिएन । हामी श्याशवान पुग्दा उज्यालो भैसकेको थियो । हामीले होहल्ला बीच दमाहा एवम् बिगुल बजेको सुन्यौं । गाउँको प्रवेश मार्गको एक छेउमा रहेको ठूलो चौरमा विशाल जनसमूह एकत्रित भएका थिए । जनता अध्यक्षको स्वागत गर्न पर्खेर बसेका

थिए। जब अध्यक्ष माओ देखिनुभयो, उनीहरू खुसीले चिच्याउन थाले। बिगुल र दमाहाको आवाजबीच भीड दौडियो । मान्छेहरू राता हरिया ब्यानरहरू फहराइ रहेका थिए जसमा लेखिएको थियो :

*अध्यक्ष माओलाई स्वागत छ !*

*केन्द्रीय लालसेनालाई स्वागत छ !*

*शेनशी कानसू–निङ्श्या सोभियत क्षेत्रको विस्तार गरौं !*

*शत्रुको तेस्रो 'घेराउ गर्ने' अभियान ध्वस्त पारौं !*

*चिनियाँ कम्युनिष्ट पार्टी जिन्दावाद !*

अध्यक्षले च्याङसीदेखि सँगै ल्याउनुभएको अधेर्नो ओभरकोट लगाउनुभएको थियो । उहाँले टाउको हल्लाउनुभयो र जनसमूहतिर हेरेर हात हल्लाई रहनुभयो। त्यसपछि जनसमूहले नेतृत्वका बीसौं साथीहरूलाई बाटो छाडिदिए ता कि उनीहरू अध्यक्षसँग हात मिलाउन सकुन्। तिनीहरूमा कमरेड ल्यू चि–तान तथा पच्चीसौं फौजी कोरका कमाण्डर श्वी हाए–तुङ पनि थिए। अध्यक्ष माओसँगै कमरेड चाउ एन–लाई, तुङ पी–ऊ, श्वी थ–ली, लिन पो–छ्वी तथा श्ये चो–चाए पनि उभिनुभएको थियो । तिनीहरू सबैले चारैतिर घुमेर एक आपसमा हात मिलाएर परिचय गरे ।

"अध्यक्ष माओलाई स्वागत छ ।" जनताको हर्षध्वनी सुनियो । चारैतिर मान्छेहरू घाँटी सुक्ने गरी चिच्याउन थाले जसले गर्दा धरती समेत कम्पाएमान भयो ।

"हाम्रो जीत भयो ! हाम्रो जीत भयो ! चङ श्येन–ची र म पनि चिच्याउन थाल्यौं ।

❖

# अध्यक्ष माओले मलाई स्कूल पठाउनुभयो

उत्तरी शेनशी पुगेपछि हामी चाँडै नै त्यहाँ बस्यौं । त्यहाँ विविध संगठनहरूको निर्माण गऱ्यौं । हाम्रो दिनचर्या व्यवस्थित रूपले चलिरह्यो ।

सन् १९३६ को बसन्तमा एकदिन लालसेना एकेडेमीको राजनैतिक विभागको संचालक कमरेड मो वन–ह्वा अध्यक्ष माओलाई भेट्न आउनुभयो । उहाँले कमरेड माओसँग नयाँ विद्यार्थीहरू भर्ना गर्ने सम्बन्धमा छलफल गर्न लाग्नुभयो । यो कुराकानीको दौरानमा अध्यक्षले ध्यानमग्न भएर मतर्फ हेर्दै भन्नुभयो– "यहाँ हेडक्वार्टरमा (केन्द्रीय कार्यालयमा) केही अनुभवी योद्धाहरू छन् । उनीहरू ज्यादै असल कमरेड हुन् । तिनीहरू लामो अभियानको परीक्षामा खरो उत्रेका छन् । तिनीहरूमध्ये केहीलाई पढ्न किन नपठाउने ?" कमरेड मोले टाउको हल्लाएर सहमति जनाउनुभयो र भन्नुभयो, "हामी उनीहरूको स्वागत गर्दछौं, हार्दिक स्वागत गर्दछौं ।"

केही दिनपछि, एकदिन बिहान म अध्यक्षलाई हात–मुख धुन पानी पुऱ्याएर बाहिर निस्किन लाग्दा उहाँले मलाई रोकेर भन्नुभयो– "छन छाङ–फङ ! म तिमीलाई पढ्नको लागि लालसेना एकेडेमीमा पठाउँदै छु । तिमी खुसी छौ कि छैनौ ?"

मैले तत्काल जवाफ दिइन । मेरो मुटु चाँडो चल्न थाल्यो । मेरो दिमागमा नाना प्रकारका विचारहरू खेल्न थाले । म, जो कहिल्यै स्कूल गएको थिइन र बाल्यकालमा जमिन्दारको गाई चराउँथें– लाई आज साँच्चिकै एउटा स्कूलमा पठाइँदै थियो । म अवश्यै नै धेरै खुसी थिएँ, तर मैले अध्यक्षसँग छ वर्ष बिताएको थिएँ । यो कुनै छोटो समय थिएन । ती सबैभन्दा कठिन दिनहरूमा उहाँ जतिसुकै व्यस्त भए पनि उहाँले सधैं मेरो हेरविचार गर्नुहुन्थ्यो र मलाई शिक्षा दिनुहुन्थ्यो । उहाँले मेरो राजनैतिक एवम् सामान्य शिक्षा, दैनिक आइपर्ने समस्याहरूदेखि लिएर जीवनका सानातिना आवश्यकताहरू समेतको ख्याल राख्नुहुन्थ्यो । उहाँको पिताको जस्तो रेखदेख र महान् वैचारिक शिक्षा–दीक्षामा मैले बिस्तार बिस्तार वर्गसंघर्षको सच्चाई

तथा अन्य अनेकौं कुराहरू सिकेको थिएँ । तर सबैभन्दा महत्त्वपूर्ण कुरा त सच्चा कम्युनिष्ट बन्न के गर्नुपर्छ भन्नेकुरा उहाँको दैनिक जीवन तथा कार्यबाट सिकेको थिएँ ।

मेरो संकोच देखेर अध्यक्षले मसँग फेरि सोध्नुभयो– “के तिमीले निर्णय गऱ्यौ त ?”

“म .... मलाई जानुपर्छ भन्ने लाग्दैन, अध्यक्ष ।”

“किन ?”

“त्यसै, किनकि म तपाईंसँग छुट्टिन चाहन्न । यस बाहेक म त्यहाँ जसरी सिक्न सक्छु, त्यसरी नै तपाईंसँग पनि सिक्न सक्छु ।”

अध्यक्ष मेरो नजिक आउनुभयो र मेरो काँधमा हात राखेर मलाई बस्न भन्नुभयो । मेरो छेवैमा बसेर उहाँले ज्यादै नम्रतापूर्वक भन्नुभयो– “छन छाङ–फङ, तिमीले बुझ्नुपर्छ कि हाम्रो आधारक्षेत्र दिन प्रतिदिन विस्तृत हुँदै गइरहेको छ । हामीलाई हरेक प्रकारका कामहरू गर्ने कार्यकर्ताहरूको आवश्यकता छ, यस्ता कार्यकर्ताहरू जो पार्टी र जनताप्रति बफादार छन् । तिमी मसँग बसेको पाँच/छ वर्ष भइसक्यो । यसबीच तिमीले धेरै अध्ययन गर्ने अवसर पाएनौ । अब तिमी स्कूल जानुपर्छ र व्यवस्थित किसिमले पढ्नुपर्छ । पढाई पुरा गरेपछि तिमीले पार्टीको लागि अझ राम्रोसँग काम गर्न सक्नेछौ । यसले मलाई खुसी लाग्नेछ । ठीक हो कि होइन ? तिम्रो के विचार छ ?”

कुरा गर्दा उहाँले मलाई मायापूर्वक हेरिरहनुभयो ।

“तर म गएँ भने तपाईंको हेरविचार कसले गर्छ ?” मैले केटाकेटीले जस्तो प्रश्न गरें ।

“यस विषयमा तिमीले पीर गर्नु पर्दैन । जब तिमी जान्छौ, तब तिम्रो ठाउँमा अरू कोही आउनेछ ।” उहाँले मुस्कुराउँदै भन्नुभयो ।

म उठें । म यति हडबडाएको थिएँ कि अध्यक्षले हात–मुख धुनुभएको थिएन तर पनि मैले पानी लिएर फर्कें । मेरो बेहोसीको ज्ञान मलाई तब भयो जब त्यस शुद्ध पानीमा मेरो आँखाबाट आँशुका थोपाहरू टपटप खस्न थाले ।

जेहोस्, म स्कूल जाने कुरा निश्चित भयो । अध्यक्षसँग बिछोड हुनुभन्दा पहिले सारा रात नसुती बिताएँ । म स्कूल जानुको महत्त्व, आफ्नो भावी विद्यार्थी जीवन र अध्यक्षको बारेमा सोचिरहेको थिएँ । ‘मेरो ठाउँमा को

आउला ? नयाँ साथीलाई अध्यक्षको बानीहरू तुरून्त कसरी थाहा होला ? के उनले हाम्रो प्रिय नेताको राम्रोसँग हेरविचार गर्न सक्लान ?' मेरो मनमा यी विचारहरू आउनासाथ म फेरि विचलित भएँ । म ओछ्यानबाट उठेर बाहिर निस्किएँ। त्यसबेला रात धेरै बितिसकेको थियो। अध्यक्षको कोठा अझ पनि उज्यालो थियो । मलाई उहाँसँग बस्न दिनको लागि अन्तिम पटक अनुरोध गर्ने निधो गरें । तर जब म झ्याल नजिक पुगें र उहाँले लेखिरहनु भएको देखें, तब मेरो साहस टुट्यो । मलाई थाहा थियो कि म भित्र गएमा उहाँले मसँग कुरा गर्नुहुन्छ । उहाँको काममा बाधा पुऱ्याउन नहुने कुरा वर्षौंको अनुभवबाट मैले थाहा पाएको थिएँ । उहाँको कामको तुलनामा जो सारा देश र सिङ्गो पार्टीसँग सम्बन्धित थियो, मेरो सानो प्रश्न आखिर के हो र ? म चाल मारेर आफ्नो कोठामा फर्के ।

भोलिपल्ट बिहान सबेरै उठें । सधैं जस्तै हात–मुख धोएर म अध्यक्षको अफिसमा कसेर लगाउन र सारा चीजहरू मिलाएर राख्न थालें– मतलब ती सबै काम गर्न लागें जुन म ज्यादै राम्रोसँग जान्दथें र चाँडै नै यी सबैबाट बिछोड हुँदै थिएँ ।

त्यसैबेला हातमा दुई–दुई वटा कापी र कलम लिएर अध्यक्ष भित्र आउनुभयो । “तिमी चाँडै नै जाँदैछौ ।” उहाँले भन्नुभयो । “कोठाको चिन्ता नगर ! जाऊ, आराम गर !” मलाई ती कपी र कलम दिंदै अगाडि भन्नुभयो– “यी तिमीले स्कूलमा प्रयोग गर्ने चीजहरू हुन् । राम्रोसँग पढ । फुर्सद मिल्दा आएर मलाई भेट ।”

मैले अध्यक्षले दिनुभएको उपहार लिएँ । उहाँलाई हेर्दा मलाई यस्तो लाग्यो कि मेरो गला बसेको छ र आँखामा आँशु भरियो । म एक शब्द पनि बोल्न सकिन ।

★★★

मैले लालसेना एकेडेमीमा प्रवेश गरेपछि अध्यक्ष माओ मोर्चामा जानुभयो । मैले त्यहाँ जम्मा चालिस दिन अध्ययन गरें । त्यसपछि मेरो सरूवा उत्तर पश्चिम सुरक्षा विभागमा भयो जहाँ मलाई सुरक्षा टुकडीको निर्देशक पदमा नियुक्ति गरिएको थियो । सोही वर्ष अगस्तमा अध्यक्ष माओ

शानशी मोर्चाबाट फर्कनुभयो र म उहाँलाई भेट्न गएँ । जब म उहाँको कोठामा प्रवेश गरें, उहाँले सर्वप्रथम मेरो पढाइको बारेमा सोध्नुभयो ।

"म अब पढिरहेको छैन, काम गरिरहेको छु ।" मैले उत्तर दिएँ ।

"कस्तो काम ?" अध्यक्ष माओले चुरोट सल्काउँदै ज्यादै चाख मानेर सोध्नुभयो । मैले उहाँलाई भनें– "उत्तर–पश्चिम सुरक्षा विभागमा एउटा सुरक्षा टुकडीको निर्देशक बनेको छु ।"

"वाह ! राम्रो ! तिम्रो दलमा कति जना सैनिक छन् ?"

"दुई सय भन्दा बढी ।"

जब अध्यक्षले यो कुरा थाहा पाउनुभयो तब ठट्टा गर्दै भन्नुभयो– "दुई सयभन्दा बढी ! यसको अर्थ तिमी एउटा सानो बटालिएनको कमाण्डर भयौ !" (त्यसबेला हाम्रा धेरै कम्पनीहरूमा सत्तरी–असी जना मात्र हुन्थे ।)

अध्यक्षको यो कुराले मलाई केही अप्ठेरो लाग्यो ।

"के तिमी आफ्नो काम राम्रोसँग गरिरहेका छौ ?" यो उहाँको दोस्रो प्रश्न थियो । "एउटा निर्देशकको हैसियतले के तिमीले सावधान र आरामको अवस्थामा खडा हुन जानेका छौ ?"

त्यसबेला मलाई अध्यक्षको सेवा गरेको समयको याद आयो । त्यसबेला हामी कति भद्दा किसिमले सावधान र आरामको अवस्थामा उभिन्थ्यौं । यतिबेला पनि अध्यक्षको मनमा त्यही धारणा थियो । मैले मुस्कुराएर जवाफ दिएँ– "हजुर, मैले सिकेको छु तर अझै पनि भाषण गर्न सक्दिन । खासगरी बेलुका हाजिरीको समयमा ...."

उहाँ मुस्कुराउनुभयो र सोध्नुभयो– "के तिमी भाषण गरेको बेला सैनिकहरूले खुट्टा बजाउँछन् र लामखुट्टेले टोकेको गुनासो गर्छन् ?"

ती दिनहरूमा साँझको हाजिरीको बेला लामो भाषण गरेमा केही रमाइला सैनिकहरूले खुट्टा बजाउँथे तर कसैले उनीहरूलाई सोधेमा लामखुट्टेले टोक्यो भन्दथे । यस्तो लाग्दथ्यो कि अध्यक्ष माओ सेनाको यो ठट्टासँग ज्यादै परिचित हुनुहुन्छ । अध्यक्षको कुरा सुन्दा मलाई हाँसो लाग्यो ।

फेरि उहाँले गंभीरतापूर्वक भन्नुभयो– "तिमी अब एक कार्यकर्ता हौ, त्यसैले तिमीले हरेक कुरामा ध्यान दिनुपर्छ । बातचित गर्दा हरेक कुरा प्रष्ट

भन्नुपर्छ। अनावश्यक बकबक गर्नु हुँदैन। न कहिल्यै घमण्ड गर्नुहुन्छ न फुर्ति लगाउनु नै हुन्छ।" फेरि उहाँले सोध्नुभयो– "के तिम्रा साथीहरू लेखपढ गर्न सिक्दैछन् ?"

मैले उत्तर दिएँ, "हजुर !" र उहाँले सोध्नुभयो कि उनीहरूलाई कसले लेख्न सिकायो, तब मैले लाज मान्दै भनें– "मैले !"

"ठीक छ त्यसो भए तिमी शिक्षक पनि हौ !" उहाँले भन्नुभयो। जब तिमी आफै यति कम शब्दहरू जान्दछौ भने अरूहरूलाई कसरी सिकाउन सक्छौ ?"

"म पढाउनुका साथै पढ्छु पनि।" मैले भनें। "यदि मैले नजानेको कुनै शब्द भए स्टुडेन्ट पकेट डिक्सनरीमा हेर्छु।"

अध्यक्षले यो कुरा सुनेपछि मलाई हौसला दिँदै भन्नुभयो– "यो राम्रो कुरा हो ! मेहनतपूर्वक काम गर र अप्ठ्याराहरूमाथि विजय प्राप्त गर ! जब तिमी च्याङशीमा थियौ, श्वे च्वे–चाय, श्वी थ–ली, छन युन र च्वो छ्वानले तिमीलाई कसरी पढ्न सिकाउँथे याद छ ?"

मैले टाउको हल्लाएर स्वीकार गरें। म कसरी बिर्सन सक्दथें ? ती दिनहरूमा च्याङशीमा हामी जब कहीं रोकिन्थ्यौं, अगुवा कार्यकर्ताहरू आएर पालैपालो हामीलाई भाषण दिन्थे र पढ्न लेख्न सिकाउँथे। खासगरी कमरेड श्वे च्वे–चायले हाम्रो पढाइमा विशेष चाख दिन्थे। अध्यक्ष माओ ज्यादै व्यस्त हुन भए पनि फुर्सद पाउँदा हाम्रो पढाइमा सहयोग गर्न पछि पर्नु हुन्थेन।

ती दिनहरूमा जुन पछि पनि त्यस्तै हुन्थ्यो, जहाँ–जहाँ लालसेना पुग्दथ्यो त्यहाँ नारा लेखेर राख्दथे। अध्यक्ष माओले हामीलाई ती नाराहरूका शब्दहरू सिक्न मद्दत गर्नुहुन्थ्यो र पछि नाम लेख्न सिकाउनु भएको थियो। जब हामी फुच्येन प्रान्तको कोइला खानीको केन्द्रमा थियौं, तब उहाँले जमीनभित्र कोइला कसरी बन्दछ भन्ने कुरा बताउनुभयो। यदि हामी तातोपानीको धारामा पुग्दथ्यौं भने उहाँले यसको कारण पनि बताउनुहुन्थ्यो। जब बिजुली चम्केर मेघ गर्जन्थ्यो तब उहाँले यो कसरी हुन्छ भन्ने कुरा बताउनुहुन्थ्यो।

हामी च्याङशी प्रान्तको रूइचिनमा भएको बेला तरकारीको लागि अध्यक्षलाई पनि हामीलाई जत्ति नै भत्ता आउँथ्यो। उहाँसँग कुनै भान्से

थिएन। ऊ च्ये–छिङ र म पालैपालो उहाँको खानेकुरा किन्न जान्थ्यौं र खाना पकाउँथ्यौं । जब म बजारबाट फर्कन्थें तब मैलो आफ्नो नोटबुकमा तरकारीहरूको नाम लेख्दथें । उहाँले परीक्षाको लागि त्यो नोटबुक हेर्नुभयो र सोध्नुभयो– "के यो तिम्रो हिसाब हो ?"

"होइन," मैले भनें । "यी ती शब्दहरू हुन् जो मैले सिक्दैछु ।"

"शब्द सिक्ने यो राम्रो तरिका हो ।" उहाँले भन्नुभयो । "के ऊ च्ये–छिङ पनि यस्तै गर्छन् ?"

जब मैले उत्तर दिएँ– "अहँ" तब उहाँले भन्नुभयो– "यो त नराम्रो कुरा भयो । उसलाई यहाँ आउन भन ।"

मैले उलाई भित्र बोलाएँ र अध्यक्षले उसलाई भन्नुभयो– "अबदेखि तिमीले तरकारी किन्दाको हिसाब लेखेर राख र मलाई देखाऊ !"

त्यसपछि ऊ च्ये–छिङले गम्भीरतासाथ लेख्न पढ्न थाले ।

अध्यक्ष माओ हाम्रो शिक्षामा यस्तो गहिरो चासो लिनुहुन्थ्यो ।

❖

# अध्यक्ष माओसँगको विदाई

जापानी आक्रमण विरोधी युद्धपश्चात् ती नयाँ मुक्तक्षेत्रमा, जहाँ नयाँ किसिमबाट काम गर्नको लागि जनताले हाम्रो प्रतीक्षा गरिरहेका थिए, पार्टीले ठूलो संख्यामा कार्यकर्ताहरू पठाउन लागिरहेको थियो । त्यस समयमा म येनानमा सार्वजनिक सुरक्षा विभागको तुङक्वान उप (शाखा)–कार्यालय प्रमुख थिएँ । एक दिन पार्टीको केन्द्रीय संगठन विभागले मेरो नयाँ कामको बारेमा छलफल गर्न मलाई बोलायो । जब म त्यहाँ पुगें, तब त्यस विभागको एकजना कमरेडले मलाई भन्नुभयो कि पार्टीले मलाई मोर्चामा पठाउने बारेमा सोचेको छ । तब मलाई शानतुङ र उत्तरपूर्व मध्ये कुनै एक ठाउँ रोज्न भनियो ।

कम्युनिष्ट पार्टीको सदस्यहरूबाट जुन महत्त्वपूर्ण कुराहरूको आशा गरिन्छ, तिनीहरूमध्ये एक पार्टीको आदेश पालना गर्नु हो । पार्टीलाई मेरो आवश्यकता जुन ठाउँमा छ, म त्यहाँ जान तैयार थिएँ । त्यसैले यो निर्णय गर्ने जिम्मा मैले पार्टीलाई नै छाडिदिएँ ।

पार्टीले मलाई शानतुङमा काम गर्न पठाउने निधो गर्‍यो । मेरो काम धेरैपटक फेरबदल भइसकेको थियो तर यस पटक मेरो मन ज्यादै अशान्त थियो । यस पटक म येनान छोडेर ज्यादै टाढा युद्ध मोर्चामा जाँदै थिएँ र शायद धेरै दिनसम्म अध्यक्ष माओलाई देख्न सकिँदैन होला । जब म घर पुगें, तब सबैभन्दा पहिले अध्यक्ष माओसँग बिदा लिनुपर्ने कुरा मेरो दिमागमा आयो । त्यसैले मैले अध्यक्षको अंगरक्षक हो छिन–ह्वालाई फोन गरेर बताएँ कि म युद्ध मोर्चामा जाँदैछु । त्यसैले अध्यक्ष माओलाई भेट्न चाहन्छु । केही क्षण पछि हो छिङ–ह्वाले मलाई बताए कि अध्यक्षले भोलि बिहान समय मिलाउनु भएको छ ।

त्यस रात मलाई पटक्कै निद्रा लागेन । त्यस रात मैले आफ्नी पत्नीलाई अध्यक्षको बारेमा धेरै कुराहरू बताएँ । अध्यक्षले हामीलाई कसरी

शिक्षा दिनुहुन्थ्यो, कसरी हाम्रो हेरविचार गर्नुहुन्थ्यो, ...... अध्यक्षको जीवन कति साधारण छ र उहाँ पार्टी र जनताप्रति कति बफादार हुनुहुन्छ ...... यसरी हामी मिर्मिरे उज्यालो हुँदासम्म कुरा गरिरह्यौं ।

भोलिपल्ट बिहान नास्ता गर्नासाथ म आफ्नी पत्नी र एक वर्षकी छोरीलाई लिएर हिडें । जब हामी च्यापिङ पुग्यौं जहाँ अध्यक्ष माओ बस्नुहुन्थ्यो, तब उहाँका अंगरक्षक हो छिङ–ह्वाले भने, "अध्यक्ष माओ बिहानैदेखि अफिसमा तपाईंहरूको प्रतीक्षा गरिरहनुभएको छ ।"

हामी उसको पछि–पछि आँगनमा गयौं । अध्यक्ष माओकी पत्नी कमरेड च्याङ चिङ हाम्रो स्वागत गर्न बाहिर निस्कनुभयो । उहाँले हामीसँग हात मिलाउनुभयो र मेरी छोरीलाई काखमा लिनुभयो । अध्यक्ष माओ हामीलाई भेट्न आउनुभयो । उहाँले खुकुलो कपडा लगाउनु भएको थियो । उहाँ पहिले भन्दा ज्यादै हृष्ट–पुष्ट देखिनु भएको थियो । मैले उहाँलाई सलाम गरें । उहाँले हामीलाई आफ्नो बैठक कोठामा लैजानुभयो । जब हामी बस्यौं, तब उहाँले सोध्नुभयो– "कहाँ जाँदै छौ ?"

म शानतुङ जाँदै छु भन्ने कुरा उहाँलाई भनें ।

"त्यसो भए तिमी उत्तरी शेनशी छाडेर जाँदै छौ ! के तिमीलाई कुनै कठिनाई छ ?"

मैले जवाफ दिएँ, "छैन ।" उहाँले फेरि सोध्नुभयो कि मैले श्रीमती र छोरीलाई साथमा लैजाँदै छु कि छैन र हामीलाई बाटोमा कुनै कठिनाइ त हुँदैन ? जब मैले उहाँको प्रश्नको जवाफ दिएँ तब उहाँले ती दुवैको राम्रोसँग हेरविचार गर्ने सल्लाह दिनुभयो ।

त्यसपछि उहाँ मेरी पत्नीसँग कुरा गर्न थाल्नुभयो । हाम्रो दाम्पत्य जीवन अत्यन्त सुखमय भएको थाहा पाएर उहाँ ज्यादै खुसी हुनुभयो ।

उहाँ मेरी छोरीसँग खेल्दै उसको बारेमा पनि सोधिरहनुभयो । यसपछि उहाँ मेरो सरूवाको बारेमा कुरा गर्न लाग्नुभयो । उहाँले भन्नुभयो– "जब कुनै व्यक्ति नयाँ ठाउँमा जान्छ, तब उसले अनिवार्य रूपमा अप्ठेराहरूको सामना गर्नु पर्दछ । यी अप्ठेराहरूको समाधान निकाल्ने काम त तिमीमाथि हुन्छ ।" उहाँले हामीसँग यो पनि भन्नुभयो– "जनतासँग घनिष्ट सम्बन्ध

कायम राख्नुपर्छ ।" कुराकानी गर्दा गर्दै उहाँले हो छिङ–ह्वालाई बोलाउनुभयो । उनले दुई प्याकेट बिस्कुट र केही मासु लिएर आए । यी सामानहरू मलाई दिंदै उहाँले भन्नुभयो– तिमी अब जाँदै छौ । तिमीलाई दिन मसँग कुनै राम्रो वस्तु छैन, तर पनि यात्रामा बच्चाको लागि यी चीज लैजाऊ ।" मैले एउटा सानो नोटबुक निकालें र उहाँलाई भनें, "अध्यक्ष माओ, म तपाईंसँग बिछोड हुँदैछु, के तपाईले मेरो लागि नोटबुकमा केही लेखिदिनुहुन्छ ?"

उहाँले तुरून्त मेरो नोटबुक लिनुभयो र निम्न लिखित वाक्य लेख्नुभयो –

***कमरेड छन छाङ–फङ,***

***मेहनतपूर्वक काम गर ! पार्टी तथा जनताप्रति वफादार होऊ ! म तिम्रो सफलताको कामना गर्दछु !***

***माओ त्सेतुङ***
***१७ मे, १९४६***


मलाई उहाँले आफ्नो एउटा फोटो पनि दिनुभयो । उहाँ साढे दसबजे बैठकमा भाग लिन जाने कुरा हो छिङ–ह्वाबाट थाहा पाएँ त्यसैले हामी त्यहाँबाट हिंड्ने तयारी गऱ्यौं ।

"कुनै हतार छैन ।" अध्यक्षले भन्नुभयो– "म अहिले बैठकमा जाँदैछु । तिमीहरू दिउँस खाजा खाएर जानू ।" उहाँले हो छिङ–ह्वालाई खाना बनाउन भन्नुभयो र मलाई मन पर्ने खाने कुराहरूको नाम बताउन भन्नुभयो ।

हामीले यात्राको तयारी गर्नुपर्ने भएकोले दिउँसको खाजा खान बस्न नसक्ने कुरा भन्यौं ।

अध्यक्ष हामीसँगै बाहिर निस्कनुभयो । उहाँले हामीसँग बारम्बार यही कुरा भन्नुभयो कि राम्रोसँग काम गर्नू र आफ्नो स्वास्थ्यको ख्याल राख्नू । जब उहाँले आफ्नो हात अगाडी बढाउनुभयो तब मैले दह्रोसँग समातें । मैले मुखबाट एक शब्द पनि निकाल्न सकिन ।

१८ मे, १९४६ मा म येनानबाट रवाना भएँ । त्यसपछि कति वर्ष बितिसक्यो तर यस बीच चाहे म मोर्चामा लडेको होऊँ वा शान्तिपूर्ण निर्माण




*कमरेड छन छाङ–फङ,*

*मेहनतपूर्वक काम गर ! पार्टी तथा जनताप्रति वफादार होऊ ! म तिम्रो सफलताको कामना गर्दछु !*

*माओ त्सेतुङ*

*१७ मे, १९४६*

छन छाङ–फङको नोटबुकमा अध्यक्ष माओको अटोग्राफ । (पृष्ठ ९१)

कार्यमा लागेको होऊँ, म हर-हमेशा यही सोच्दछु कि म अहिले पनि अध्यक्ष माओको साथमै छु । जब म उहाँको बारेमा सोच्दछु, मेरो शक्ति एवम् आत्मविश्वास बढ्छ । उहाँको फोटो र उहाँले बिदाइ सन्देश लेख्नुभएको नोटबुक आज पनि मसँगै राखेको छु । म सँधै त्यसरी नै काम गर्नेछु जसरी उहाँले भन्नुभएको थियो । म आफ्नो काम मेहनतपूर्वक गर्नेछु र पार्टी एवम् जनताप्रति सँधै बफादार रहनेछु ।

❖

# परिशिष्टहरू

**परिशिष्ट १ :**

# सुखद स्मृतिहरू

येनानमा अध्यक्षसँग बिदा भएको आज बाह्र वर्ष भइसकेको छ। १७ मे, १९४६ को दिन मलाई अझ पनि याद छ। शानतुङ प्रस्थान गर्नु अगाडी म उहाँसँग बिदा लिन जाँदा उहाँसँग राम्रो कुराकानी भएको थियो।

"राम्रो, त्यसो भए तिमी अब शानतुङ जाँदै छौ ?" अध्यक्षले सोध्नुभयो। "यो एउटा राम्रो ठाउँ हो। त्यहाँ हाम्रो एउटा ठूलो क्रान्तिकारी आधारक्षेत्र छ। हामीले बितेका केही समयमा धेरै काउन्टीहरूलाई मुक्त गरेका छौं त्यसैले त्यहाँ कामहरू गर्ने कार्यकर्ताहरूको आवश्यकता छ। तिमी जब त्यहाँ जान्छौ, तिमीले त्यहाँ स्थानीय जिम्मेवार नेताहरू एवम् त्यस संगठनका नेताहरू (जहाँ तिम्रो सरूवा भएको छ) लाई सम्मान गर्नुपर्छ। तिमीले स्थानीय कार्यकताहरूसँग राम्रो एकता कायम गर्नुपर्छ र उनीहरूलाई पूर्ण सहयोग गर्नुपर्छ।"

उहाँका सुझावहरूलाई ध्यानपूर्वक सुनिसकेपछि मैले आफ्नो नोटबुक निकालेर केही शब्द लेखिदिन उहाँसँग अनुरोध गरें। उहाँले मेरो अनुरोध स्वीकार्नुभयो। उहाँले आफ्नो अटोग्राफसहित एक फोटो पनि मलाई दिनुभयो। यी अमूल्य वस्तुहरूलाई मैले आजसम्म पनि सुरक्षितसाथ राखेको छु।

अध्यक्षको सेवा गर्ने अवसर मिलेको त्यो दिन मलाई अझसम्म पनि याद छ। पहिले म एक अर्दलीको रूपमा र पछि अंगरक्षक भएर उहाँको सेवा गरें। मलाई सम्झना छ कि उहाँसँग लामो अभियानमा कसरी भाग लिएँ। त्यसबेला मेरो उमेर मात्र सोह्र वर्षको थियो। वास्तवमा मैले उहाँको हेरविचार गर्न सक्दिनथेँ, बरू उहाँले नै मेरो हेरविचार गर्नुहुन्थ्यो। उहाँले मलाई लेखपढ गर्न सिकाउनुभयो। क्रान्तिको यथार्थताहरू बुझाउनुभयो। र, जब मलाई घरको सम्झनाले सताउँथ्यो, तब उहाँले मेरो तर्फबाट घरमा

चिठ्ठी लेखिदिनुहुन्थ्यो । मुसलधारे वर्षाको रातमा संचालित अभियानहरूमा आफैले लालटिन उठाएर हामीलाई बाटो देखाउनुहुन्थ्यो ता कि हामी कहीं नखसौं । एक अविस्मरणीय घटना मलाई अझ पनि सम्झना छ । ल्यूफान पहाड पार गर्दाको समयमा म कैयौं दिनसम्म औलो ज्वरोले पीडित थिएँ । त्यसबेला म ज्यादै कमजोर भएको थिएँ । पहाडको टाकुरामा नपुग्दै म बेहोस भएर लडें । अध्यक्षले आफ्नो गरम ओरभकोट काढेर मलाई लगाई दिनुभयो र आफू चिसो हावामा पातलो कपडा लगाइरहनुभयो ।

मेरो शारीरिक सुख सुविधाको तुलनामा राजनैतिक शिक्षामा उहाँले बढी ध्यान दिनुहुन्थ्यो । सन् १९३६ को फेब्रुअरीमा लालसेना एकेडमीमा जाने बेला जब म उहाँसँग बिदा लिन गएँ तब उहाँले गम्भीरतासाथ मलाई भन्नुभयो– ***"अध्ययन गर्नु ज्यादै राम्रो कुरा हो तर अध्ययन कुनै पद प्राप्त गर्न नभएर जनताको लागि अधिक काम गर्ने योग्यता प्राप्त गर्नको लागि हुनुपर्छ । अध्ययनको क्रममा अवश्यै पनि केही कठिनाइहरूको सामना गर्नुपर्ला । तर जबसम्म तिमीभित्र जनताको सेवा गर्ने भावना रहन्छ तबसम्म तिमी सबै कठिनाइहरूमाथि विजय पाउन सक्छौ ।"***

जुन दिनहरूमा मैले येनान सार्वजनिक सुरक्षा विभागमा काम गरिरहेको थिएँ, त्यसबेला म किशोर नै थिएँ । मलाई फुर्सद मिल्नासाथ अध्यक्ष कहाँ गएर दिल खोलेर कुराहरू गर्थें । ती दिनहरूमा मैले पद र प्रतिष्ठालाई ज्यादै महत्त्व दिन्थें । चार वर्षभन्दा बढी निर्देशकको रूपमा काम गरेपछि म पदोन्नतिको हकदार हुन्छु भन्ने मेरो सोचाइ थियो । एक पटक मैले अध्यक्षसँग सोधें, "अध्यक्ष माओ, म अझ कति दिनसम्म निर्देशक नै बनिरहनुपर्छ ?"

"निर्देशकको काम पनि एक क्रान्तिकारी काम हो । के तिमी अफिसर(अधिकृत) बन्न चाहन्छौ ?" उहाँले मसँग सोध्नुभयो । "कम्युनिष्ट पार्टी तिनीहरूको लागि होइन जो मात्र अफिसर बन्न चाहन्छन् । हामी सबैको दर्जा बराबर हो । अफिसर भए पनि वा नभए पनि हामीहरू जनताको लागि काम गर्दछौं । यहाँ यदि कसैले मात्र पदोन्नति चाहन्छ अथवा आफ्नो सुख सम्वृद्धि मात्र चाहन्छ भने उसलाई निराशा मात्र हात पर्छ ।"

उहाँका यी शब्दहरू मलाई ज्यादै प्रेरणादायी लागे । ममाथि उहाँको ज्यादै गहिरो प्रभाव पर्‍यो । येनानबाट शानतुङ आएपछि बितेका कैयौं

वर्षहरूमा जब एक पदबाट अर्को पदमा मेरो सरूवा भयो, मैले हरेक ठाउँमा कुनै व्यक्तिगत लाभ पाउने आशाविना बडो उत्साहपूर्वक काम गरें किनभने मैले अध्यक्षका ती शब्दहरूलाई आफ्नो लक्ष वाक्य एवम् प्रेरणा–स्रोत बनाएको छु ।

अध्यक्ष माओसँग छुट्टिएको पनि बाह्र वर्ष भइसक्यो । म प्रायःजसो उहाँसँग भेट गर्न लालयित रहन्छु। युद्धका वर्षहरूमा दुश्मनले मुक्तक्षेत्रहरूलाई छुट्याएको थियो । त्यसबेला आउन जान कठिन थियो । मैले उहाँलाई चिट्ठी मात्र पठाउन सक्थें । राष्ट्रव्यापी विजय पश्चात् पेकिङमा गएर उहाँलाई भेट गर्ने तीव्र इच्छा थियो । तर काममा अल्भेको कारणले मैले आफ्नो इच्छा पूरा गर्न सकिन ।

फेब्रुअरी १९५३ को एकदिन म नानकिङको फौजी ट्रेनिङ कक्षामा भाग लिइरहेको थिएँ । मलाई नेतृत्वकारी साथी र सहयात्रीहरूलाई बिदा गर्न जानुपर्ने आदेश आयो । जब मलाई थाहा भयो कि त्यो नेतृत्वकारी साथी अरू कोही नभएर अध्यक्ष माओ आफै हुनुहुन्छ, तब मेरो खुसीको कुनै सीमा रहेन । जब अध्यक्षले हामी अगाडिबाट जाँदै सलामी ग्रहण गर्नुभयो र गनबोट (लडाकु डुङ्गा)मा बस्नुभयो र किनारमा उभिएको भीडलाई हात हल्लाएर बिदा गर्नुभयो तब त्यो भीडलाई चिर्दै दौडेर अध्यक्षसँग दुईचार कुरा गरौं जस्तो लाग्यो । निश्चय नै म यसो गर्न सक्दिनथें । डुङ्गा बिस्तार बिस्तार बन्दरगाहबाट निस्केर ओभेल हुँदै गएको हेर्नु बाहेक म अरू के नै गर्न सक्दथें र !

केही समयपछि जब सैन्य अधिकारीहरूलाई छुट्टी मिल्ने भयो, तब म पेकिङ गएर अध्यक्ष माओलाई भेट्ने लामो समयदेखिको आकांक्षालाई पूरा गर्ने तयारीमा लागें । यसरी छुट्टीको राम्रोसँग उपयोग गर्ने विचार गरें ।

तब मेरो जीवनमा एउटा सुखद् घटना घट्यो । यो मेरो लागि एउटा महान् उत्सव थियो । ९ अगस्ट, १९५८ को कुरा हो । म शानतुङ प्रान्तको चिनानमा सेनाको पार्टी सम्मेलनमा भाग लिइरहेको थिएँ । अध्यक्ष माओ प्रतिनिधिहरूलाई भेट्न आउनुभयो । जब मैले उहाँ कारबाट उत्रँदै गरेको देखें, तब मेरो खुसीको सीमा रहेन । मलाई पक्का विश्वास थियो कि यस

पटक अवश्य नै उहाँलाई भेटेर कुरा गर्न सक्नेछु । जब उहाँ हामीसँग फोटो खिच्न बस्नुभयो तब मेरो ब्याकुलता ज्यादै बढ्यो । उहाँसँग के कुरा गरूँ भन्ने सोच्न थालें । तब शायद कसैले म पनि त्यही टोलीमा भएको कुरा उहाँलाई बताइदियो । उहाँले मलाई बोलाउन पठाउनुभयो । म हडबडाउँदै अध्यक्षको नजिक पुगें । मैले उहाँलाई अभिवादन गरें तर उहाँलाई जे कुरा भन्ने सोचेको थिएँ, सबै बिर्सिएँ । भावावेशमा मेरो गला रोकियो ।

"तिमी छन छाङ–फङ होइनौ त ?"

"हजुर ।" मैले मधुरो स्वरमा भनें ।

उहाँले आफ्नो हात बढाउनुभयो जसलाई मैले आफ्नो दुबै हातले समातें । म भावविभोर भएर अध्यक्षलाई सन्चो बिसन्चो पनि सोध्न बिर्सें ।

"हामी एक आपसमा छुट्टिएको दस वर्षभन्दा पनि बढी समय भइसक्यो ।" अध्यक्षले भन्नुभयो– "तिम्रो के हाल छ ?"

"हजुर बाह्र वर्ष भयो ।" मैले आफुलाई सम्हाल्दै भनें– "तपाईं त आरामै हुनुहुन्छ अध्यक्ष माओ ?"

"आजभोली कहाँ काम गरिरहेका छौ ?"

"एक फौजी उपक्षेत्रमा" मैले उत्तर दिएँ ।

मेरो छेउमा उभिएका राजनैतिक निर्देशक ली एवम् उपनिर्देशक तुङले म एउटा फौजी उपक्षेत्रमा डिप्टी कमाण्डर भएको कुरा अध्यक्षलाई बताए ।

"त्यसो भए तिमी एउटा कमाण्डर बनेका छौ !" अध्यक्षले मुस्कुराउँदै भन्नुभयो– "के यस बीच घरमा पनि गयौ ?"

"मात्र एक पटक, सन् १९५३ मा ।"

"आफ्नो पुरानो घर नितुङमै ?"

उहाँको स्मरणशक्ति साँच्चिकै अद्‌भूत थियो । यतिका वर्ष बितिसक्दा पनि मेरो घर नितुङमा भएको कुरा उहाँलाई सम्झना थियो । मेरो घर त्यहीं भएको कुरा उहाँलाई बताएँ ।

"तिम्रो परिवारका सदस्यहरूलाई कस्तो छ ? परिवारमा अब को को छन् ?"

मैले आफ्नो परिवारको सबै हालचाल उहाँलाई बताएँ– कसरी उनीहरू कृषि सहकारी समितिमा सामेल भए र कसरी उनीहरूको रहनसहनको अवस्थामा सुधार भयो आदि आदि ।

“अब तिम्रो बच्चा कतिवटा भए ?”

“चार ।”

“धेरै राम्रो !” यो कुरा सुन्दा उहाँ ज्यादै खुसी हुनुभयो । यसपछि उहाँले सोध्नुभयो– “अब तिम्रो उमेर कति भयो ?”

“चालिस भन्दा बढी ।” मैले जवाफ दिएँ ।

“कति ?”

“चवालिस ।”

उहाँ दिल खोलेर हाँस्नुभयो– “अब तिमी पनि त्यति जवान रहेनौ ।”

आफ्नो दुवै हातले मेरो हात समातेर उहाँले भन्नुभयो– “धेरै राम्रो ! चाँडै नै हामी फेरि भेट्ने छौं !”

उहाँले मेरो हात बलियोसँग समात्नुभएको थियो । निश्चय नै उहाँको स्वास्थ्य पहिलेभन्दा धेरै राम्रो थियो । उहाँले सेतो कमिज, खैरो रङ्गको पाइन्ट र पुरानो जुत्ता लगाउनुभएको थियो । उहाँको सरलता पहिले जस्तै नै थियो । मैले उहाँको भव्य व्यक्तित्व दृढतापूर्वक कारतर्फ जाँदै गरेको देखें जो उहाँलाई पर्खिरहेको थियो ।

त्यस दिनको सुखद घटनाको सम्झनाले मलाई रातभरी निद्रा लागेन । ओछ्यानमा पल्टेरै म अतीतको स्मरणमा हराएँ र बितेका दिनहरूमा जस्तै अध्यक्षको नजिक पुगें ।

❖

**परिशिष्ट २ :**

# लामो अभियानको बारेमा

फूच्येन र च्याङसी प्रान्तका दक्षिणी आधारक्षेत्रबाट उत्तरी शेनशीसम्मको विश्वविख्यात लामो अभियान पुरा गर्न, चीनी मजदूर किसानहरूको लालसेनालाई पुरा दुईवर्ष (अक्टोबर १९३४ देखि अक्टोबर १९३६) सम्म लाग्यो । यस अभियानमा उनीहरूले २५,००० ली (१२,५०० किलो मिटर) लामो दुरी पार गरे । लड्दै भिड्दै एघार प्रान्तहरूलाई पार गर्ने क्रममा लालसेनाले हिउँले ढाकेका पहाडहरू एवम् रणनैतिक महत्वका भञ्ज्याङ्गहरू पार गरे, तूफानी नदीहरू एवम् निर्जन घाँसे मैदानलाई नाघे । दुश्मनको लाखौं सैनिकहरूको घेराबन्दीलाई तहस–नहस पारे । योद्धाहरूको अद्भूत सौर्य र पराक्रम, कम्युनिष्ट पार्टीको नेतृत्वमा लड्ने त्यस जनसेनाको जुझारू शक्तिको ज्वलन्त प्रमाण हो जो शत्रुहरूको अगाडि अपराजित प्रमाणित भइसकेको छ ।

लामो अभियान कसरी सुरू भयो र अन्तमा कसरी विजयमा पुग्यो तथा त्यसको ऐतिहासिक महत्व के छ भन्ने बारे तल केही विवरण दिइँदैछ ।

सन् १९३१ मा जब जापानी साम्राज्यवादीहरूले उत्तर–पूर्वी चीनमाथि कब्जा गरे, तब चीनले ज्यादै नाजुक स्थितिको सामना गर्नुपर्‍यो । तर क्वोन्ताङ (सरकार–अनु.)ले जापानी आक्रमणकारीको मुकाबिला गरेर देश बचाउने जनताको मागलाई अवहेलना गर्दै जापानीहरूको प्रतिरोध नगर्ने नीति अपनायो । उनीहरूले (क्वोमिन्ताङ सरकारले) आफ्नो प्रहार चीनी कम्युनिष्ट पार्टीको नेतृत्वमा स्थापित क्रान्तिकारी आधारक्षेत्रमा केन्द्रीत गरे ।

अक्टोबर १९३३ मा च्याङ काइ–शेकले दसलाख सैनिक जम्मा गरी क्रान्तिकारी आधारक्षेत्रको विरूद्ध, खासगरी च्याङशी प्रान्तको केन्द्रीय आधारक्षेत्रको विरूद्ध (जसको केन्द्र रूइचिन थियो) 'घेरामा पार्ने' पाँचौं अभियान सुरू गर्‍यो । त्यसबेलासम्म पूरा देशमा लालसेनाको संख्या बढेर

३,००,००० (तीन लाख) पुगेको थियो । नागरिकहरू बीच सशस्त्र सैन्यशक्तिको विकास भइसकेको थियो । खाद्य पदार्थ एवम् अन्य सामाग्रीहरूको आपूर्ति पहिलेभन्दा राम्रो भएको थियो । क्रान्तिकारी आधारक्षेत्रमा आमूल भूमिसुधार, आर्थिक निर्माणको क्षेत्रमा प्रगति तथा जनताको रहन–सहनको स्थितिमा सुधार भएको परिणाम स्वरूप जनसमुदायले खासगरी किसानहरूले अझ बढी उत्साहपूर्वक क्रान्तिकारी युद्धको समर्थन गरेका थिए ।

सोही वर्ष नोभेम्बरमा 'फूच्येन घटना' घट्यो । क्वोमिन्ताङको नेतृत्वमा भएको उन्नाइसौं मार्ग सेनाले छाए थिङ–खाएको नेतृत्वमा ली ची–शन एवम् अन्य क्वोमिन्ताङ सदस्यहरूसँग मिलेर फूच्येनमा 'चीन गणराज्यको क्रान्तिकारी जनसरकार'को स्थापना गरे र च्याङ काइ–शेकको विरोध गर्दै जापानी आक्रमणकारीको प्रतिरोध गर्ने चीनी लालसेनासँग एउटा सम्झौता पत्रमा हस्ताक्षर गरे । यसले गर्दा लालसेनालाई 'घेरामा पार्ने' यस अभियानमा पहिलेका चार अभियानको तुलनामा बढी अनुकूल स्थिति पैदा भयो ।

दुर्भाग्यवश, त्यसबेला कम्युनिष्ट पार्टी तेस्रो 'वामपंथी' कार्यदिशाको प्रभावमा थियो । 'वामपंथी' अवसरवादीहरूले, जसको पार्टीमाथि नियन्त्रण थियो, १९३३ को सुरूमा केन्द्रीय क्रान्तिकारी आधारक्षेत्रमा प्रवेश गरी कमरेड माओ त्सेतुङलाई पदबाट हटाई आधारक्षेत्र एवम् लालसेनाको नेतृत्व हत्याउन सफल भए । उनीहरूले उन्नाइसौं मार्ग सेनालाई राम्रो सहयोग गरेनन् । जसले गर्दा यस सेनाले एक्लै दुश्मनको मुकाबिला गर्नुपर्‍यो । यसको परिणाम च्याङ काइ–शेकले उनीहरूको सफाया गर्‍यो । महत्वपूर्ण कुरा त यो थियो कि 'वामपंथी' अवसरवादीहरूले कमरेड माओ त्सेतुङको सही रणनीतिको निषेध गरे र अक्रमणात्मक कार्यवाहीहरूमा दुस्साहसवादको अनुशरण गरी राम्रा हतियारले सुसज्जित क्वोमिन्ताङ फौजको मुकाबिला गर्नको लागि नियमित एवम् मोर्चाबन्द युद्धको पक्ष लिए । यसरी लालसेनालाई ठूलो क्षति पुर्‍याए । पछि उनीहरूले रक्षात्मक कार्यवाहीमा रूढिवादलाई अपनाई तथाकथित चौतर्फी रक्षात्मक कार्यवाही गरे र सैन्यशक्तिलाई तितर–बितर गरिदिए जसले गर्दा लालसेना निष्क्रिय स्थितिमा पुग्यो । एक वर्षसम्मको भीषण संघर्षपछि लालसेनाले केही सफलता पाए पनि दुश्मनको घेराबन्दी तोड्न

सकेनन् । यसको विपरित आधारक्षेत्र संकुचित हुँदै गयो र लालसेना अधिकाधिक थकित बन्दै गयो ।

यस्तो स्थितिमा आफ्नो शक्ति सुरक्षित राख्न र उत्तरमा जापानीहरूको आक्रमणको मुकाबिला गर्नको लागि लालसेनाले दुश्मनको घेरालाई चिरेर लामो अभियान सञ्चालन गर्नु बाहेक उनीहरूको अगाडि अरू कुनै विकल्प छैन भन्ने कुरा निर्णय गर्‍यो ।

अक्टोबर १९३४ मा पहिलो मोर्चा सेनाको मुख्य सैन्यशक्तिको कूल ८५,००० सिपाही (सरकारी कर्मचारी सहित १,००,००० जना) कम्युनिष्ट पार्टीको केन्द्रीय कमिटीको प्रत्यक्ष नेतृत्वमा केन्द्रीय आधारक्षेत्रबाट लामो अभियानमा निस्कियो । आधार क्षेत्रमा कमरेड छन ईको नेतृत्वमा थोरै सैन्यशक्तिलाई छोडेको थियो ता कि छापामार युद्ध चलाएर दुश्मनको घेरा तोड्न मुख्य सैन्यशक्तिलाई आड दिन सकून् । ४,००,००० शत्रु सैनिकहरूको चारैतिरको नाकाबन्दीलाई तोड्दै पहिलो मोर्चा सेना नोभेम्बर १९३४ मा हुनान र क्वाङसीको सीमा क्षेत्रमा पुग्यो तथा दोस्रो मोर्चा सेनाले स्थापना गरेको हुनान–होपे–सछ्वान–क्वेइचओ आधारक्षेत्रतर्फ बढ्यो । लालसेनाका यी दुई मुख्य फौजी युनिटहरूको मिलनदेखि ज्यादै भयभित भएर च्याङ काई–शेकले त्यस सेनालाई पश्चिमी हुनानमा रोक्नको लागि तुरून्त लालसेनाको ६ गुणा सैन्यशक्ति जम्मा पार्‍यो । उसले उत्तरी क्वाङसीमा लालसेनामाथि धावा बोल्न क्वाङ्सीको युद्ध सरदारलाई पनि आदेश दियो । यसरी पहिलो मोर्चा सेनालाई घेरामा पारी त्यसको सफाया गर्ने कोसिस गर्‍यो । स्थिति ज्यदै गंभीर बुझिन्थ्यो । कमरेड माओ त्सेतुङको दृढ अडान र अधिकांश नेतृत्वकारी साथीहरूको परिणाम स्वरूप पहिलो मोर्चा सेनाले आफ्नो अभियानको बाटो बदल्यो र क्वेइचओतर्फ गयो, जहाँ दुश्मनको रक्षा पङ्ती कमजोर थियो । त्यसले चाँडै नै पूर्वी क्वेइचओमाथि कब्जा गर्‍यो । त्यसले जनवरी १९३५ मा उच्याङ नदीलाई जो एक प्राकृतिक अवरोध थियो, पार गर्‍यो र उत्तरी क्वेइचओको सबैभन्दा ठूलो शहर चुनइमाथि अधिकार जमायो । त्यहाँ त्यसले बाह्र दिनसम्म विश्राम गर्‍यो । त्यस दौरानमा उसले लगभग पाँच हजार नयाँ योद्धाहरूको भर्ना गरी आफ्नो पङ्तिको क्षतिपूर्ति

गऱ्यो । यहीं कम्युनिष्ट पार्टीले आफ्नो केन्द्रीय राजनैतिक विभागको विस्तारित बैठक 'चुनइ सम्मेलन' आयोजना गऱ्यो, जसले चिनियाँ क्रान्तिको इतिहासमा एउटा अत्यन्त महत्वपुर्ण भूमिका निर्वाह गऱ्यो ।

च्याङ काइ–शेकको 'घेरामा पार्ने' पाँचौं अभियानको मुकाविला गर्ने क्रममा गलत नीतिहरू अपनाएको कारणले लालसेनाले जुन पराजयको सामना गर्नुपऱ्यो त्यसले 'वामपंथी' गल्ती गर्ने साथीहरू हतोत्साही भए । लामो अभियानको सुरूमा उनीहरूले राजनैतिक जागरणको काम राम्रोसँग गरेनन् । त्यसपछि लामो अभियानको क्रममा उनीहरूको एकमात्र प्रयास यो रह्यो कि कसरी दुश्मनबाट टाढा रहन सकिन्छ । जसको परिणामस्वरूप लालसेनाले अक्सर गरी निस्कृय भूमिका निवार्ह गर्नुपर्दथ्यो र जसले सैनिकहरूको मनोबल घट्दथ्यो । उनीहरूले आवश्यकताभन्दा ठूला कमान–संगठन ( नेतृत्वदायी संगठन) एवम् आपूर्ति संगठन बनाए जसले गर्दा फौजको एक स्थानबाट अर्को स्थानमा आउने–जाने गति कम भयो । दुश्मनको नाकाबन्दीको सामना गर्नुपर्ने र दुश्मनले पिछा गर्ने गरेकोले लालसेना अनेकौं पटक खतरनाक स्थितिमा पऱ्यो । जनवरी १९३५ मा चुनइमा पुग्दासम्म पहिलो मोर्चा सेनाले आफ्नो ६० प्रतिशत (८५,००० मा करिब ५१,००० अनु.) सैनिक गुमाइसकेको थियो ।

दुश्मनको चौथो 'घेरामा पर्ने' अभियानलाई असफल पार्न प्राप्त सफलताको विपरित यस्तो स्थितिले पार्टीका अधिकांश नेतृत्वदायी सदस्यहरू एवम् सक्रिय सदस्यहरूले यो कुराको अनुभव नगरी रहन सकेनन् कि अवस्था बिग्रनुको कारण कमरेड माओ त्सेतुङले ल्याउनुभएको सही कार्यदिशालाई अस्वीकार गर्नु तथा गलत कार्यदिशालाई अवलम्बन गर्नु हो । सैनिकहरूमा शंका एवम् असन्तोष उत्पन्न भयो र उनीहरूले नेतृत्व परिवर्तन गर्ने माग गरे । 'वामपंथी' अवसरवादी कार्यदिशाको बिरूद्ध कमरेड माओ त्सेतुङको नेतृत्वमा अविरल संघर्ष चलाइयो जसको परिणति चुनइ सम्मेलनको रूपमा भयो । जसले पार्टी केन्द्रको 'वामपंथी' कार्यदिशाको प्रभुत्वलाई समाप्त गऱ्यो र कमरेड माओ त्सेतुङको अगुवाइमा केन्द्रीय कमिटीको सही नेतृत्व स्थापित गऱ्यो । यसरी पार्टी एवम् लालसेनालाई तिनीहरूको शिरमाथि

मडारिइरहेको संकटबाट बचाउन सकियो । चुनइ सम्मेलन यस्तो ऐतिहासिक महत्वको मोड थियो जसद्वारा पार्टीले अन्तमा लामो अभियानलाई सफल पार्न सक्यो । लामो अभियानको क्रममा, परीक्षाको घडीमा पार्टी एवम लालसेनाको मेरूदण्डको रक्षा गर्न सक्यो र त्यसलाई स्पातजस्तै मजबूत बनाउन सक्यो ।

चुनइ सम्मेलनपछि पहिलो मोर्चासेनाले कमरेड माओ त्सेतुङको विवेकपूर्ण नेतृत्वमा लचिलो कार्यनीति अपनायो र त्यसको पहलकदमी पनि आफैले गर्‍यो । फेब्रुअरी १९३५ मा त्यसले चुनइ नजिकै चार शत्रु डिभिजनहरूको सफाया गर्‍यो र लामो अभियान भएदेखि आजसम्मको पहिलो महान् विजय प्राप्त गर्‍यो । यसपछि पहिलो मोर्चा सेनाले नक्कली हमला गरी दुश्मनलाई उल्झनमा पारी धम्क्याउन सफलता प्राप्त गर्‍यो । त्यसले मे महिनाको मात्र नौ दिन नौ रातमा कुनै क्षतिबिना सछ्वान प्रान्त र येनान प्रान्तको सीमानामा पर्ने सुनौला बालुवा भएको नदी पार गर्‍यो ।

लालसेनाले लाखौं शत्रु सैनिकहरूको नाकाबन्दीलाई तोड्यो । यो लामो अभियानको निर्णायक विजय थियो । यसपछि लालसेनाले पश्चिमी सछ्वान हुँदै उत्तरतर्फ प्रस्थान गर्‍यो, दुर्गम तातू नदी पार गर्‍यो, विशाल हिमाली पर्वत श्रृंखलालाई नाघ्यो र जून १९३५ मा पश्चिमी सछ्वानको तावेइ एवम् माओकुङ नामक स्थानमा पुग्यो जहाँ उनीहरू सछ्वान–शेनशी आधारक्षेत्रमा चौथो मोर्चा सेनासँग एक भए ।

चौथो मोर्चा सेनाको एउटा नेता चाङ क्वो–थाओले 'घेरामा पार्ने' पाँचौं अभियानको मुकाबिला गर्न असफल भएपछि क्रान्तिको भविष्यमाथि नै विश्वास गुमायो र उसले पलायन हुने दक्षिणपंथी अवसरवादी नीतिको अनुशरण गर्‍यो । मार्च १९३५ मा उसले सछ्वान–शेनशी आधारक्षेत्रलाई परित्याग गरी आफ्ना सैनिकहरूलाई लिएर पश्चिमतर्फ बढ्यो, क्रान्तिदेखि भाग्ने उद्देश्यले दक्षिण–पश्चिम चीनतिर पछि हट्यो । च्यालिङ, फू र मिन नदीहरू पार गरेपछि यो फौज लिश्येन एवम् माओकुङ क्षेत्रमा पहिलो मोर्चा सेनासँग मिल्यो ।

कमरेड माओ त्सेतुङले चाङ क्वो–थाओको गल्तीहरूको विरूद्ध अन्तरपार्टी संघर्ष चलाउने सही कार्यदिशा अपनाउनुभयो । उसलाई धैर्यपूर्वक

सम्झाई–बुझाई सही बाटोमा ल्याउनको लागि पार्टीको केन्द्रीय कमिटीले सछ्वानको उत्तर–पश्चिममा पर्ने सुङफानमा एक महत्वपूर्ण बैठक बोलायो जसमा छलफल गरेपछि लालसेना उत्तरतिर बढ्ने आफ्नो अभियान जारी राख्ने फैसला गऱ्यो। अन्तमा चाङ क्वो–थाओले केन्द्रीय कमिटीको फैसलालाई मुखले मात्र स्वीकार गऱ्यो ।

अगस्त १९३५ मा लालसेनाले दुई पङ्तीमा उत्तरतर्फको अभियान जारी राख्यो। दायाँतर्फको पङ्ति पार्टीको केन्द्रीय कमिटी एवम् कमरेड माओ त्सेतुङको नेतृत्वमा थियो भने बायाँतर्फको पङ्ति चु तेह, चाङ क्वो–थाओ र ल्यू पो–छङको नेतृत्वमा थियो। तर जब बायाँ पङ्ति आपा (अव सछ्वानको यो आपा तिब्बती स्वायत्त चओमा पर्दछ) पुग्यो, तब चाङ क्वो–थाओले फेरि एकपटक केन्द्रीय कमिटीको निर्णय लागू गर्न अस्वीकार गऱ्यो र चु तेह एवम् ल्यू पो–छङलाई नजरबन्द गरी आफ्नो फौजलाई दक्षिणतर्फ लग्यो । उसले दायाँ पङ्तिको चौथो मोर्चा सेनाको दुई फौजी कोरहरूलाई पनि गुप्तरूपमा आदेश दियो कि उनीहरू पनि उसँगै दक्षिणतर्फ जाउन् र पछि हटी थ्येनछ्वेन एवम् लुशानको इलाका (जुन अब सछ्वान प्रान्तको याआनको उत्तरमा पर्दछ) मा जाउन् । पछि उसले केन्द्रीय कमिटीको विरूद्धमा खुल्लमखुल्ला नारा लगायो र त्यसलाई नष्ट गर्ने षड्यन्त्र रच्यो । तब केन्द्रीय कमिटीले दायाँ पङ्तिलाई मात्रै उत्तरतर्फ लैजाने निर्णय गऱ्यो। उनीहरूले सेप्टेम्बरमा सछ्वान एवम् कानसूको सीमाना लाचिखओको प्राकृतिक बाधा पार गरे, मिनसान पहाड नाघेर दक्षिण कानसूमा प्रवेश गरे । अर्को महिना उनीहरू उत्तरी शेनशीको उछी शहरमा पुगे । त्यहाँ उनीहरू फौजी कार्यवाहीमा जुटेका पन्ध्रौं सैन्य समूहसँग एक भए । लालसेनाका यी दुई युनिटहरूको पिछा गर्ने शत्रु सेनालाई यिनीहरूले नोभेम्बरमा चकनाचूर पारिदिए तथा शेनशी–कानसू आधारक्षेत्रलाई सुदृढ बनाए जो पछि विकसित भई सुप्रसिद्ध शेनशी–कानसू–निङश्या सीमावर्ती क्षेत्र बन्यो जसको केन्द्र येनान थियो ।

नोभेम्बर १९३५ मा दोस्रो मोर्चा सेनाले पहिलो मोर्चा सेनालाई आड दिनको लागि दुश्मनको पृष्ठभागमा छापामार युद्ध चलाएपछि उनीहरूले पनि लामो अभियान सुरू गरे। त्यसले पनि लगभग पहिलो मोर्चा सेनाले हिंडेको

बाटो नै समातेको थियो । जुन १९३६ मा त्यो पश्चिमी सछ्वानको कानची नामक स्थानमा पुग्यो र चौथो मोर्चा सेनासँग मिल्यो जसको नेतृत्व चाङ क्वो–थाओले गरिरहेको थियो । त्यसले त्यहाँ खाली समय मात्र कटाइरहेको थियो ।

चाङ क्वो–थाओले नराम्रो इरादा लिएको थियो । ऊ अब यति अघि बढिसकेको थियो कि उसले पार्टीप्रति गद्धारी गऱ्यो । उसले नक्कली 'पार्टी केन्द्र' बनाएर त्यसको अध्यक्ष बन्यो । उसले दोस्रो मोर्चा सेनाका नेताहरूलाई केन्द्रीय कमिटीको विरोध गर्ने काममा उसलाई सघाउन उक्सायो र उसको पलायनवादी नीति तथा पार्टीविरोधी फुटपरस्त गतिविधिहरूको समर्थन गर्न लगायो । कमरेड माओ त्सेतुङको अन्तरपार्टी संघर्षको सही कार्यदिशाको पक्ष लिएर कमरेड चु तेहले परिपक्व राजनैतिक एवम् क्रान्तिकारी गुणको प्रदर्शन गरे र पार्टीको केन्द्रीय कमिटीको विरूद्ध विद्रोहको आह्वान गर्ने चाङ क्वो–थाओको अनुरोधलाई अस्वीकार गरे र उनले यसभन्दा पनि अघि बढेर कार्यकर्ताहरूबीच केन्द्रीय कमिटीको सही कार्यदिशाको प्रचार–प्रसार गरे । कमरेड चु तेह, कमरेड ल्यू पो–छङ, कमरेड रन पी–श र कमरेड क्वान श्याङ–इङ (यिनीहरूमध्ये अन्तिम दुईजना दास्रो मोर्चा सेनाका नेताहरू थिए) द्वारा पार्टीको केन्द्रीय कमिटीको सही कार्यदिशाको दृढ समर्थन गर्नु तथा चाङ क्वो–थाओको पलायनवादी नीति एवम् पार्टी विरोधी फुटपरस्त गतिविधिहरूको विरूद्ध संघर्ष गरेको परिणामस्वरूप तथा चौथो मोर्चा सेनाका अधिकांश कार्यकर्ताहरूमा चाङ क्वो–थाओको कार्यदिशाको गल्ती महसुस भएको र जापानको प्रतिरोध गर्नाका लागि उत्तरतिर बढ्ने उनीहरूको मार्गको फलस्वरूप चाङ क्वो–थाओको गद्दारी एवम् फुटपरस्त योजना बेकाम सिद्ध भयो । उसले बाध्य भएर आफ्नो नक्कली 'पार्टी केन्द्र' भङ्ग गर्नुपऱ्यो र जूलाईमा दोस्रो मोर्चा सेनासँगै चौथो मोर्चा सेनालाई पनि उत्तरतर्फ लैजानु पऱ्यो । ती दुवै अक्टोबरमा कानसू प्रान्तको ह्वेइनिङ नामक स्थानमा पुगेर पहिलो मोर्चा सेनासँग मिले । लालसेनाको तीन मुख्य सैन्यशक्तिहरू– पहिलो, दोस्रो र चौथो मोर्चा सेनाहरूको मिलनसँगै लामो अभियानको विजयपूर्वक समाप्त भयो ।

लामो अभियान एउटा ऐतिहासिक घटना हो, जसको उदाहरण चीनको इतिहासमा अन्यत्र कहीं पाइँदैन । लालसेनाले पार गरेको दुरी २५,००० ली थियो। जो क्रमशः फूच्येन, च्याङसी, क्वाङतुङ, हुनान, क्वाङशी, क्वेइचओ, यून्नान, शीखाङ, सछ्वान, कानसू र शेनशी यी एघार प्रान्तमा फैलिएको थियो । च्याङ काइ–शेकले आफ्नो असल फौजी एवम् हवाइ युनिटहरू गोलबन्द गर्ने, विभिन्न प्रान्तहरूका युद्ध सरदारहरू र जमिन्दारहरूका फौजहरूसँग मिलेर कारवाही गर्ने तथा लालसेनाको अभियान मार्गमा भएका प्राकृतिक बाधाहरूमा आफ्नो प्रतिरक्षा व्यवस्था कायम गर्न सक्दो कोसिस गऱ्यो र हमला गर्ने काममा कुनै कसर बाँकी राखेन। एउटा यस्तो दुश्मनसँग बँच्नको लागि जसको साथमा उसँग भन्दा कहीं अधिक राम्रा सरसमानहरू थिए र जसको संख्या उनीहरूको भन्दा कैयौं गुण बढी थियो, लालसेनाले निर्जन स्थानहरूमा हिंड्नु पऱ्यो। अग्ला अग्ला पहाडहरू र तुफानी नदीहरू एवम् खतरनाक दलदले क्षेत्र पार गर्नुपऱ्यो, विशेष गरी पश्चिमी सछ्वान प्रान्तमा जहाँको हिउँले ढाकिएको पर्वत समुन्द्री सतहभन्दा ५,००० मिटरसम्म अग्ला थिए र जहाँ दुर्गम दलदले मैदान थियो। यी क्षेत्रहरूमा व्यापक गरिबी, पातलो आवादी र खाद्य वस्तुहरूको ज्यादै अभाव थियो ।

तर यी कठिनाइ एवम् बाधामध्ये कुनैले पनि लालसेनालाई लामो अभियानमा सफलता पाउनबाट रोक्न सकेन। यसको मुख्य कारण यो थियो कि लालसेनाको नेतृत्व एक मार्क्सवादी–लेनिनवादी पार्टी, चिनियाँ कम्युनिष्ट पार्टीको हातमा थियो। सन् १९२१ मा आफ्नो स्थापना पश्चात् यो पार्टी लामो क्रान्तिकारी संघर्षहरूमा खारिएर स्पात बनिसकेको थियो र यसले मार्क्सवादी–लेनिनवादी सिद्धान्तलाई चीनको क्रान्तिकारी व्यवहारसँग मिलाएको थियो । यसरी संवृद्ध अनुभव खासगरी क्रान्तिकारी युद्धहरूको संवृद्ध अनुभव हासिल गरेको थियो र धेरै ठूलो संख्यामा नेतृत्वदायी कार्यकर्ताहरूलाई प्रशिक्षित गरेको थियो। चुनइ सम्मेलनपछि कमरेड माओ त्सेतुङको नेतृत्वमा पार्टीको केन्द्रीय समिति निर्माण गरियो । त्यसले सही कार्यदिशा अपनायो । त्यो हरतरहले दुश्मनको मुकाविला गर्न मात्र निपूर्ण थिएन बरू पार्टी भित्रका गलत रूझानहरूको विरूद्ध संघर्ष गर्नमा पनि कुशल थियो। लामो अभियानको समग्र सिलसिला यस कुराको साक्षी हो कि 'वामपंथी' गलत कार्यदिशालाई पूर्णरूपले सच्याउनु र कमरेड माओ त्सेतुङको सही कार्यदिशाको नेतृत्व

कायम गर्नु, चाङ क्वो–थाओको दक्षिणपंथी अवसरवादी कार्यदिशा एवम् फुटपरस्त योजनाहरूको विरूद्ध दृढतापूर्वक संघर्ष गर्नु र कमरेड माओ त्सेतुङको सही विचारहरूमा अडिग रहेको परिणामस्वरूप नै यसमा विजय प्राप्त हुन सक्यो । यदि पार्टी एवम् कमरेड माओ त्सेतुङको सही नेतृत्व नभएको भए, लालसेनाले लामो अभियानमा सफलता प्राप्त गर्ने कल्पना पनि गर्न सकिँदैनथ्यो ।

लामो अभियानको महत्त्वलाई कमरेड माओ त्सेतुङले ज्यादै स्पष्ट शब्दमा यसरी व्याख्या गर्नुभएको छ :


***लामो अभियानको प्रसंगमा कसैले सोध्न सक्छ, "यसको के महत्त्व छ ?" हामी जवाफ दिनेछौं कि लामो अभियान यस किसिमको पहिलो घटना हो । इतिहासमा यस्तो कुनै उदाहरण भेट्न सकिँदैन । यो एउटा घोषणापत्र हो, .....यसले संसारसामु घोषणा गरेको छ कि लालसेना वीरहरूको एउटा सेना हो । साम्राज्यवादी एवम् उसको पाल्तु कुकुर, च्याङ काइ–शेक र ऊजस्ताहरू लालसेनाको अगाडी कुनै अर्थ राख्दैनन् । त्यसले साम्राज्यवादीहरू एवम् च्याङ काइ–शेकको घेरामा पार्ने, पिछा गर्ने, अड्चन उत्पन्न गर्ने एवम् बाटो छेक्ने असफल प्रयासहरूको दिवालियापनको घोषणा गरिदिएको छ । लामो अभियान एउटा प्रचारदल पनि हो । यसले एघार प्रान्तका करीव बीस करोड जनताको अगाडि यो घोषणा गरिदियो कि लालसेनाले लिएको बाटो नै उनीहरूको मुक्तिको बाटो हो । लामो अभियानविना व्यापक जनसमुदायले यति चाँडै यो कसरी बुझ्न सक्दथे कि संसारमा यस्तो महान् सत्य पनि छ जुन लालसेनाको रूपमा अभिव्यक्त भएको छ ? लामो अभियान बीऊ रोप्ने मेशिन पनि हो । त्यसले एघार प्रान्तहरूमा धेरै बीऊहरू रोप्यो जो उम्रेर हुर्की–बढी फुल्नेछन्, तिनीहरूमा फल लागेर भविष्यमा बाली तयार हुनेछ । सारांश यो हो कि लामो अभियानको अन्त्य हाम्रो विजय र शत्रुको पराजयको रूपमा भएको छ ।***

***(जापानी साम्राज्यवादविरोधी कार्यनीतिको बारेमा)***

लामो अभियान सफलतापूर्वक समाप्त भएको फलस्वरूप चिनियाँ क्रान्ति सन् १९२७ को संकटपछि अर्को एउटा संकटमाथि विजय पाउन सफल भयो । यसले पूरा जनतामा क्रान्ति एवम् जापानी आक्रमण विरोधी

युद्धको भविष्यको बारेमा आत्मविश्वासको संचार गऱ्यो । यसले चिनियाँ कम्युनिष्ट पार्टी एवम् लालसेनाको छानिएको शक्तिको सुरक्षा गऱ्यो र कठोर अग्नि परीक्षाद्वारा पार्टी पङ्तिलाई स्पात जस्तै मजबूत बनाइदियो । यही छानिएको शक्तिको भरोसामा र कमरेड माओ त्सेतुङको सही नेतृत्वमा जापानी आक्रमण विरोधी युद्धको क्रममा क्रान्तिकारी पङ्तिको शक्ति पहिलेभन्दा कैयौं गुणा बढ्यो । यसरी साम्राज्यवाद एवम् उसको पाल्तु कुकुर– क्वोमिन्ताङ प्रतिक्रियावादीहरूको शासनको तख्ता पल्टाउन र एउटा नयाँ चीनको जन्म दिने उद्देश्यले महान् विजय प्राप्त गर्ने आधार तयार भयो ।

**समाप्त**


लामो अभियानको बाटो

"अध्ययन गर्नु ज्यादै राम्रो कुरा हो तर अध्ययन कुनै पद प्राप्त गर्न नभएर जनताको लागि अधिक काम गर्ने योग्यता प्राप्त गर्नका लागि हुनुपर्छ ।"

"अध्यक्ष माओ," मैले चिच्याएं र चाँडो-चाँडो उहाँतर्फ दौडिएं । म अलिकति पनि अगाडि नबढ्दै मेरो अगाडि एवम् दायाँ-वायाँ बम पड्किियो । म जमिनमा सुतें । अध्यक्ष धूवाँको बादलमा घेरिनुभयो । म घस्रँदै उठें र अध्यक्षतिर हेर्न थालें ।

कमिशनर माओ ज्यादै सादा जीवन व्यतित गर्नुहुन्थ्यो । उहाँसँग एउटा भाँचिएको छाता र खाना खाने एउटा कचौरा थियो । यस बाहेक एउटा ९ वटा खल्ती भएको सानो थैलो पनि थियो जसमा नक्सा, दस्तावेज एवम् पुस्तकहरू जस्ता उहाँका अत्यावश्यकीय बस्तुहरू राखिएका हुन्थे ।

प्रकाशक
मार्क्सवाद अध्ययन-अनुसन्धान प्रतिष्ठान
MARXISM STUDY-RESEARCH ACADEMY